# ‘सत्प्रयास’ उपन्यासको विधापरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौा
पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी
गीता कण्डेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौा
२०७३

## शोधनिर्देशकको मन्तव्य

**'सत्प्रयास' उपन्यासको विधापरक अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह, दोस्रो वर्षकी छात्रा सुश्री गीता कण्डेलले मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै मेहनतपूर्वक तयार पारिएको उहाँको यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति : २०७३/०३/२८

..........................................

**डा. कृष्णहरि बराल**

प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय
## नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा गीता कण्डेलले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **'सत्प्रयास' उपन्यासको विधापरक अध्ययन'** नामक शोध पत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

१. प्रा.डा. देवीप्रसाद गौतम ..........................
विभागीय प्रमुख

२. प्रा.डा. कृष्णहरि बराल ..........................
शोध निर्देशक

३. प्रा.डा. राजेन्द्र प्रसाद पौडेल ..........................
बाह्य परीक्षक

मिति : २०७३/०४/०६

## कृतज्ञताज्ञापन

**'सत्प्रयास' उपन्यासको विधापरक अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्राध्यापक डा. कृष्णहरि बरालको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो व्यस्तताको समयमा पनि यस शोध कार्यको तयारीका लागि आवश्यक सहयोग, सल्लाह एवम् सुझाउ प्रदान गरी कुशल निर्देशन दिनुभएका आदरणीय गुरु प्रा.डा.कृष्णहरि बराल प्रति म सर्वप्रथम हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नाका अतिरिक्त समयानुसार आवश्यक सल्लाह एवम् सहयोग गरिदिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. श्री देवी प्रसाद गौतम र शोधशीर्षक छनोटका निम्ति अत्यावश्यक सहयोग र सल्लाह प्रदान गर्नुहुने मेरा सहपाठी मित्र श्री बोधराज बराल र अन्य सहपाठी मित्रहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्यको शीर्षक छनोट भएदेखि शोधलेखन पूरा नभएसम्म आफ्नो तन मन र धन दिएर मेरो लेखन कार्यलाई सफलता प्रदान गरी आवश्यक सल्लाह सुझाउ एवं सहयोग प्रदान गरिदिनुहुने सम्पूर्ण गुरु गुरुआमाहरू प्रति आभार व्यक्त गर्दछु ।

मलाई यो अवस्थामा ल्याइपुऱ्याउने पूजनीय पितामाताप्रति म हार्दिक भक्तिभाव व्यक्त गर्दछु । त्यस्तै मेरो सफलताका लागि अनवरतरूपमा सहयोग पुऱ्याउने मेरा श्रीमान्, आदरणीय दाजुभाउजू, दिदीभिनाजु, भाइबहिनीप्रति पनि म ऋणी छु । त्यस्तै मेरा मित्रहरू तथा स्थान अभावका कारण समावेश गर्न नसकिएका सहयोगी महानुभाव, निकायहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा आवश्यक सामग्री तथा छिटोछरितो कम्प्युटर प्रिन्ट गरिदिनुहुने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टरका सुभाष खत्रीलाई धन्यवाद व्यक्त गर्दै अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

..........................

**गीता कण्डेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

शैक्षिक सत्र : २०६८/०६९
परीक्षा रोल नं. : २८०२३६
क्याम्पस क्रमाङ्क : १८३/०६८
त्रि.वि. दर्ता नं.: ९-२-३०१-२३-२००६
मिति : २०७३/०४/०६

विषयसूची


**परिच्छेद एक : शोधपत्रको परिचय** **१-९**

१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य ८

१.६ शोधकार्यको सीमाङ्कन ९

१.७ शोधविधि ९

१.८ शोधपत्रको रूपरेखा ९

**परिच्छेद दुई : उपन्यास सिद्धान्त** **१०-२४**

२.१ उपन्यासको परिचय, व्युत्पत्ति र अर्थ १०

२.१.१ पूर्वीय साहित्यमा उपन्यास शब्दको व्युत्पत्ति ११

२.१.२ पाश्चात्य साहित्यमा उपन्यास शब्दको व्युत्पत्ति ११

२.२ उपन्यासको स्वरूप ११

२.३ उपन्यासको परिभाषा १५

२.४ उपन्यास रचनाका आधारभूत तत्वहरू १७

२.४.१ कथानक १७

२.४.२ पात्र/चरित्र १८

२.४.३ देश, काल र वातावरण १९

२.४.४ कथोपकथन/संवाद २०

२.४.५ दृष्टिबिन्दु २०

२.४.६ सारवस्तु २२

२.४.७ भाषाशैली २२

२.४.८ प्रतीक र बिम्ब २३

२.४.९ गति र लय २४

**परिच्छेद तीन : औपन्यासिक तत्वका आधारमा 'सत्प्रयास' उपन्यासको अध्ययन र विश्लेषण** **२५-५३**

३.१ कथानक २५

३.१.१ कथासार २६

३.१.२ कथानकको रूपरेखा ३०

३.१.३ कथानकमा ऐतिहासिक तथ्य माथि विचलन ३४

३.२ पात्र/चरित्र ३६

३.३ देश, काल र वातावरण ४४

३.४ कथोपकथन/संवाद ४६

३.५ दृष्टिबिन्दु ४७

३.६ सारवस्तु ४८

३.७ भाषाशैली ४९

३.८ प्रतीक र बिम्ब ५१

३.९ गति र लय ५२

**परिच्छेद चार : डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र 'सत्प्रयास' उपन्यासमा उनको जीवनको प्रत्यावर्तन** **५४-६५**

**परिच्छेद पाँच : डायमनशमशेर राणाका औपन्यासिक यात्रा तथा उनका औपन्यासिक प्रवृत्तिहरू** **६६-७६**

**परिच्छेद छैटौ : उपसंहार तथा निष्कर्ष** **७७-८२**

**सन्दर्भग्रन्थसूची** **८३-८४**

# सङ्क्षेपीकरण शब्दसूची

| | | |
|---|---|---|
| अ.प्र. | : | अप्रकाशित शोधपत्र |
| एस.एल.सी. | : | स्कूल लिभिङ सर्टिफिकेट (प्रवेशिका तह) |
| चौ.सं. | : | चौथो संस्करण |
| ज.ब.रा. | : | जङ्गबहादुर राणा |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| ने.के.वि. | : | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पाँ.सं. | : | पाँचौ संस्करण |
| पृ. | : | पृष्ठ |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |

# परिच्छेद : एक
# शोध परिचय

## १.१ विषय परिचय

नेपाली उपन्यास परम्परामा आधुनिक उपन्यासको सुरुवात रूद्रराज पाण्डेको **रूपमती** वि.सं. १९९१ बाट भयो भने औपन्यासिक कलाशिल्पको पालना गरी ऐतिहासिक विषयवस्तुमा उपन्यास लेख्ने कार्यको थालनी डायमनशमशेर राणाबाट भएको हो ।

उपन्यासकार डायमनशमशेर राणा वि.सं. (१९७५-२०६७) मा नेपाली साहित्यको उपन्यास विधामा कलम चलाउने सशक्त प्रतिभा हुन् । नेपाली उपन्यासको ऐतिहासिक धारामा एकछत्र प्रभुत्व जमाउने साहित्य स्रष्टा व्यक्तित्व हुन् । उनी नेपाली प्रजातान्त्रिक व्यवस्थाका सक्रिय राजनीतिज्ञ पनि हुन् । परिस्थिति र बाध्यताको कारणले उनी आफ्नो अध्ययनभन्दा पनि व्यवहारिक जीवनको चपेटामा परे । जागिरको सिलसिलामा सैनिक सेवामा प्रवेश गर्नुपऱ्यो । उनी सैनिक सेवाको जागिर छाडेर पछि राजनीति र साहित्य सिर्जनामा तल्लीन रहेका देखिन्छन् । यसरी उनी औपचारिक शिक्षा प्राप्त गर्ने पूर्ण अवसरबाट वञ्चित भए पनि विभिन्न लेखकका कृति मार्फत आफ्नो अध्ययनलाई निरन्तरता दिइरहन्थे । उनको यही अध्ययनशीलताको प्रेरणाले नै उनको स्रष्टा व्यक्तित्व उच्च रहेको छ, त्यसैले उनी सधैं नेपाली साहित्याकाशमा चम्किला तारा बनेर चम्किरहेका छन् । डायमनशमशेर राणा परिवारमा जन्मेर पनि देश भक्तिको भावना र युवा जोस जाँगर भएका व्यक्ति हुन् । उनले आफ्ना साहित्यिक रचना मार्फत राणा शासनप्रतिको विरोधी स्वरलाई प्रष्फुटन गरे । उनले आफू जन्मेको राणा परिवार, त्यहाँ देखेका, अनुभव गरेका जहानियाँ राणा शासनको ऐतिहासिक घटना सन्दर्भलाई आफ्ना उपन्यासको विषयवस्तु बनाएका छन् । यही विषयवस्तु समेटिएका उनका कृति उपन्यास नै उनका जीवनका रचना प्राप्ति हुन् । ती रचना प्राप्तिहरू **वसन्ती** (२००६), **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **गृहप्रवेश** (२०५९), **अनीता** (२०४५), **धनको धब्बा** (२०५१) हुन् ।

उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्राको दोस्रो चरणमा रचिएको **सत्प्रयास** (२०३८) उनको तेस्रो ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा नेपालको इतिहास (वि.सं.१९४२-१९५८) मा भएका राणा शासनको थिचोमिचो र देवशमशेरका सुधारका प्रयासहरूको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । **सत्प्रयास** उपन्यासमा राणा प्रधानमन्त्री धीरशमशेरका सत्र भाइ छोरामध्ये राणा शासनका विरोधी काइँला छोरा देवशमशेरले देश विकासको उदार नीति र देशको व्यापक भविष्यप्रति चिन्तित हुँदै प्रजातन्त्रवादी भावना बोकेर आफ्नो छोटो शासन कालमा पनि उनले गरेका सत्प्रयासलाई विषयवस्तु बनाइएको छ ।

## १.२ समस्या कथन

**सत्प्रयास** उपन्यास राणा शासनको महत्त्वपूर्ण ऐतिहासिक घटनासँग आधारित भए पनि यसको औपन्यासिक विधातात्विक अध्ययन भएको भने कतै पाइएको छैन, त्यसैले यस कृतिको विधापरक अध्ययनको लागि निम्न अनुसारको शोध समस्यालाई अगाडि सारिएको छ ।

(क) डायमनशमशेर राणाको जीवनी र औपन्यासिक यात्रा के-कस्तो रहेको छ ?

(ख) औपन्यासिक तत्त्वका आधारमा सत्प्रयास उपन्यास कस्तो छ ?

(ग) डायमनशमशेर राणाको औपन्यासिक प्रवृत्तिहरू के-के हुन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य समस्या कथनमा उठेका समस्याहरूको समाधान गर्नको लागि **सत्प्रयास** उपन्यासको विधापरक अध्ययन विश्लेषण गर्नका लागि निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहने छ ।

(क) डायमनशमशेर राणाको जीवनी र औपन्यासिक यात्राको अध्ययन गर्नु,

(ख) औपन्यासिक तत्त्वका आधारमा **सत्प्रयास** उपन्यासको विश्लेषण गर्नु,

(ग) डायमनशमशेर राणाको औपन्यासिक प्रवृत्तिहरूको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य उपन्यासकार डायमनशमशेर राणा र उनको **सत्प्रयास** उपन्यासको विधापरक अध्ययनमा केन्द्रित रहने हुनाले यस बारेमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा विभिन्न कृति, लेख मार्फत चर्चा परिचर्चा गर्दै आएका छन् । ती उपलब्ध हुन सकेको सामग्रीहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

माधव प्रसाद पोखरेल **जूही** पत्रिका (२०३९) मार्फत् 'डायमनशमशेरका उपन्यास' शीर्षकअन्तर्गत उनका चार उपन्यासहरू **सेतो बाघ, वसन्ती**, **प्रतिबद्ध** र **सत्प्रयास**को आन्तरिक पक्ष, भाषाशैली साथ ती उपन्यासहरूमा रहेको ऐतिहासिक कथानकलाई पनि केलाएका छन् (विदेशी साहित्यकारका साहित्य रचनासँग **वसन्ती**, **सेतो बाघ, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासलाई तुलना गरी मूल्याङ्कन गर्ने चेष्टा समालोचकज्यूले गर्नु भएको छ । यसमा डायमनशमशेरको ऐतिहासिक उपन्यास **सत्प्रयास** (२०३८) मा यथार्थता र बौद्धिकता बढी छन् । यसमा अतीतको खोल ओडेर वर्तमानको आलोचना र प्रजातान्त्रिक व्यवस्थाको घोषणा देवशमशेरले गरेका छन् । यसमा देवशमशेर आफ्नो राज्यका लागि आलोचना गर्ने स्वतन्त्रता दिन्छन् । प्रजातन्त्रको अभाव, खतरापूर्ण हुन्छ भन्दै उनी कानुनी राज्य चाहन्छन् । लोकविनाको राज्य चुँडिएको चङ्गा जस्तो मान्ने देवशमशेर चन्द्रशमशेरसँग वादविवादमा पनि प्रजातान्त्रिक व्यवस्थाको वकालत गर्छन् । प्रजातन्त्रको बेला बेलामा अरुलाई बुझाउँदै गर्छन् । यसमा एउटाले भन्न खोजेको कुरा अर्कोको मनमा राम्ररी सम्प्रेषण हुन नसक्नाले भ्रान्तिको स्थिति आउँछ भनेर मूल्याङ्कन गरेका छन् ।

घट्टराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०) नामक कृतिमा शमशेरका **वसन्ती, सेतो बाघ र सत्प्रयास** उपन्यासहरूमा रहेको ऐतिहासिक विषयमा औपन्यासिकता जोड्दै यी तिन उपन्यासको सामान्य चर्चा गरेका छन् । यसमा उनले डायमनशमशेरका उपन्यास ऐतिहासिक तथ्यमा मात्र आधारित छैनन्, ठाउँ-ठाउँमा कल्पनाको जडी र औपन्यासिक कडी मिलाउन पनि सफल छन् । यसमा **वसन्ती**को परिष्कृत रूप **सेतो बाघ र सेतो बाघको** दोस्रो भाग भनिएको **सत्प्रयास**मा देवशमशेर नायक छन् भने तत्कालीन राजनीतिक र सामाजिक विषय यस कृतिको प्रतिपाद्य विषय हो । पढिरहुँ जस्तो बनाएर कलात्मक रूपमा प्रस्तुत हुनु यस कृतिको विशेषता हो । देवशमशेरको **सत्प्रयास** तत्कालीन राजनीतिक कूचक्रमा असफल भएको घटना अत्यन्त रोचक रूपले

देखाइएको छ भनी **सत्प्रयास**को सामान्य कथावस्तुको चिनारी दिएका छन् ।

कुसुम शर्माले 'उपन्यासकार डायमनशमशेरको जीवनी, व्यक्तित्व र कृतित्त्वको विश्लेषण' (२०४२) नामक शोध ग्रन्थमा उपन्यासकारको जीवनी, व्यक्तित्व, उनको भाषाशैली तथा उनका चार उपन्यासहरू **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास**को सामान्य विश्लेषण गरेकी छन् । यस शोध ग्रन्थमा उनले सत्प्रयास अतीतको खोल हालेर वर्तमानको आलोचना र प्रजातान्त्रिक व्यवस्थाको घोषणा पत्र समान हुन आएको छ भनेकी छन्

दयाराम श्रेष्ठ र मोहनराज शर्मा समालोचकद्वयले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०४६) नामक कृतिमा उपन्यासकार डायमनशमशेर र उनका **वसन्ती, सेतो बाघ, प्रतिबद्ध र सत्प्रयास** उपन्यासहरूको सामान्य उल्लेख गरे तापनि यसको चर्चा भएको पाइँदैन ।

समालोचक डा.तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०५१) को 'क्रान्ति उत्तरयुग गद्य' शीर्षकअन्तर्गत डायमनशमशेरका **सेतो बाघ, वसन्ती, प्रतिबद्ध, सत्प्रयास र अनिता** गरी पाँचवटा उपन्यासहरूको उल्लेख गर्दै **वसन्ती** गरी पाँचवटा उपन्यासहरूको उल्लेख गर्दै **वसन्ती** देखापरेका होइन तापनि सस्तो काल्पनिकताले त्यसको सौन्दर्य खल्बल्याएको र **सेतो बाघमा** जङ्गबहादुर राणाको काल जगमगाएर बिउँझेको र त्यसैको पूरक भएर **सत्प्रयास** पनि अघि सरेको छ भनी सामान्य चिनारी दिएका छन् ।

कृष्णचन्द्र सिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) नामक कृतिको 'ऐतिहासिक यथार्थवाद र नेपाली उपन्यास' शीर्षकअन्तर्गत नेपाली ऐतिहासिक उपन्यासको विकासक्रमको चर्चा गर्ने क्रममा डायमनशमशेर राणा र उनका **सेतो बाघ, वसन्ती, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासको सामान्य विश्लेषण गरेका छन् । यसमा उहाँले कोत पर्वको रगतले लेखेको जङ्गबहादुरको उदयको कथा हाल्छ **वसन्ती**, उसको मृत्यु जगतजङ्गको पतनको तथा गोत्र हत्यामा खडा भएको सत्र भाइखलकको थिति बाँधेको इतिहास भन्छ **सेतो बाघ**, यसै शृङ्खलामा श्री ३ हुनु आपसी षड्यन्त्रमा उदार र निर्दोषीहरू कसरी खँगारिन्छन् भन्ने घटित घटनाको सम्झना गराउँछ **सत्प्रयास** ।

**सत्प्रयास** उपन्यासमा देवशमशेरको जीवनमा केन्द्रित छ । यसमा देवशमशेरलाई प्रजातान्त्रिक र उदार विचारले विफल तुल्याएको कथा छ । ऐतिहासिक क्रम नै डायमनशमशेरका उपन्यासहरूको पनि शृङ्खला भई दिएका छन् । **सत्प्रयास, सेतो बाघ**को दोस्रो खण्ड भनिएको **सत्प्रयास**मा डायमनशमशेरले देवशमशेरको प्रजातान्त्रिक विचार, उदार भावना र त्यसअनुसार देश बनाउने सत्प्रयास, वीरशमशेरको कठोरता र चार्तुर्यको साथै जसरी गोत्र हत्या गरेर उनले श्री ३ का ओहदा, हत्याए त्यसरी नै भाइहरूको सिकार भई आफ्नो पनि असामयिक मृत्यु हुने त्रास आशङ्काले भयभीत उनको मनस्थितिले गर्दा निरङ्कुश हुन कर लागेका मनोविश्लेषणको आधारमा यथार्थको चिनारी दिने कोसिस र राणा शासन राजनीतिक सत्ता हत्याउने षड्यन्त्रको इतिहास हो, जो माथिल्ला अधिकार प्राप्त व्यक्तिहरूको बल र आ-आफ्नो स्वार्थ सिद्ध गर्ने चातुर्यपूर्ण जालझेलमा अवलम्बित छ भन्ने **सत्प्रयास**को कथावस्तुमा रहेको बीज, कथानकको विश्लेषण गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) नामक कृतिको परिशिष्ट भागमा डायमनशमशेर राणा र उनका उपन्यासहरूको सामान्य परिचय दिएका छन् । यस कृतिमा उनले **सत्प्रयास** उपन्यास वीरशमशेरको शासन सत्ताको पतन पछिदेखि देवशमशेरको शासन सत्ताको आरम्भ भएपछिको कथावस्तुमा आधारित छ । चन्द्रशमशेरको राजनीतिक अवधिका घटनाका आरोह अवरोह समेतको घटना, सुधार, पतन, उन्नति र प्रगतिको हत्या र षड्यन्त्रको पलायन र गतिरोधका तत्त्वहरूलाई आवश्यक ठाउँमा समुचित ढङ्गले प्रयोग गर्ने कला डायमनशमशेरको यस उपन्यासले पनि प्रतिपादन गरेको छ । यसरी इतिहासका विषयलाई कथ्य बनाएर लेखिएको यस समयका उपन्यासहरूमा डायमनशमशेर बढी उल्लेखनीय स्रष्टा रहेका छन् भनी **सत्प्रयास**को सामान्य कथावस्तुको परिचय गराएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०६६) नामक कृतिको 'ऐतिहासिक यथार्थवादी धारा' शीर्षकमा डायमनशमशेर ऐतिहासिक उपन्यासहरू **वसन्ती**, **सेतो बाघ**, **सत्प्रयास** उपन्यासहरूको सामान्य चिनारी दिने क्रममा **सत्प्रयास** पनि देवशमशेरका अवधिका आरोह अवरोहका विषयवस्तुसँग सम्बन्धित छ । समष्टिमा डायमनशमशेर इतिहासलाई थोरै स्वैरकल्पनाले रङ्गाएर यथार्थको पुनर्निर्माण गर्न सिपालु र प्रतिबद्ध उपन्यासकार हुन् भनी उनको कलाको पनि सामान्य परिचय दिने कार्य उहाँहरूबाट भएको छ ।

भोलानाथ रेग्मीले 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास'(२०५४) नामक शोध ग्रन्थमा **सेतो बाघ, वसन्ती, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासहरूको विश्लेषण गर्दै **प्रतिबद्ध, अनीता, धनको धब्बा** उपन्यासलाई ऐतिहासिक पृष्ठभूमिका सामाजिक राजनीतिक उपन्यासको रूपमा परिचय गराएका छन् । यस शोधपत्रमा **सत्प्रयास**मा एकतन्त्रीय शासन सत्ताको सर्वोच्च स्थानमा रहेर पनि कोही पनि आफूलाई सुरक्षित ठान्न सक्दैन भन्ने कुरा देखाइएको छ । सत्ता प्राप्तिपूर्व एकले अर्कोलाई प्राण ठान्ने समान ठान्ने भाइहरूका बीचमा सत्ता प्राप्तिपछि एक आपसमा सधैँ शङ्का, द्वेष र षड्यन्त्रको बीजारोपण भएको तथ्यलाई यस उपन्यासले उजागर गरेको छ । यस्तो परिस्थितिमा पनि शासक वर्ग भित्रैका एकजना शासक देवशमशेरले नेपाल र नेपाली जनताको भलाइका निम्ति सत्प्रयासको थालनी गरेको कुरा यहाँ चित्रण गरिएको छ । नेपालमा प्रजातन्त्र स्थापना गर्ने स्थापना गर्ने उनको प्रयास सफल हुन सकेन । देवशमशेरको सत्प्रयास र त्यसको विखण्डन नै यस उपन्यासको कथावस्तु हो भनेका छन् । यस उपन्यासमा एउटा उन्नत समाजको संरचना गर्न देवशमशेर पूर्ण रूपमा लागिपरेका छन् । शैक्षिक रूपमा चेतनशील, आर्थिक रूपमा सच्चरित्र र औद्योगिक रूपमा विकसित समाजको निर्माण गर्नु नै देवशमशेरको सपना बनेको छ तर तत्कालीन परिस्थिति र उनका भाइहरूको षड्यन्त्रपूर्ण राजनीति तथा चेतनाहीन नेपाली जनताको तल्लो स्तरको दास मनोवृत्तिका कारण उनको यो सपना अपूर्ण बन्न पुगेको छ भन्दै रेग्मीले उपन्यासको कथावस्तुको विश्लेषण गरेका छन् ।

रामप्रसाद दाहालले **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय** (२०५४) नामक कृतिको आधुनिक नेपाली उपन्यासको विकासक्रममा डायमनशमशेरका उपन्यासहरूको समीक्षा गर्दै डायमनशमशेरका उपन्यासहरू ऐतिहासिक रस लिने दृष्टिले निकै महत्त्वपूर्ण छन् भनेका छन् । राणाकालीन घटना, उनीहरूको स्थिति, चरित्रको सजीव प्रस्तुति उनका उपन्यासमा पाइन्छन् भन्दै सामान्य मूल्याङ्कन गरेका छन् ।

टीकाराम पोखरेलले **गरिमा** (२०६०) मा प्रकाशित 'ऐतिहासिक उपन्यासमा कल्पनाको प्रयोग' शीर्षकको लेखमा उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासमा आएका केही काल्पनिक विवरण प्रस्तुत गर्दै कल्पनाको संयोजनले नै डायमनशमशेरका उपन्यासहरू जीवन्त रहेका छन् भनी समीक्षा गरेका छन् । उनले डायमन शमशेरको **सत्प्रयास**मा पनि जङ्गीलाठको पद पहिलो पटक चन्द्रशमशेरलाई

दिइएको, खड्गशमशेर, वीरशमशेर विरूद्ध कहिल्यै षड्यन्त्रमा सामेल नभएको देवशमशेर, मोतीराम भट्टलाई देवशमशेरको सल्लाहकार बनाएको, मोतीराम भट्टको अन्तिम अवस्थामा उनलाई देवशमशेर भेट्न आर्यघाट गएको जस्ता कुरा काल्पनिकमा आएका छन् भनेका छन् ।

टीकाराम पोखरेलले **ऐतिहासिक नेपाली उपन्यासको सर्वेक्षण** (२०६०) नामक कृतिको 'ऐतिहासिक नेपाली उपन्यासको विकासक्रम उपशीर्षकमा डायमनशमशेर राणाका उपन्यासले नेपाली उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरेका छन् । सो सर्वेक्षण लेखमा **वसन्ती, सेतो बाघ** मा रहेको ऐतिहासिकता खोजिका सेरोफेरोमा वि.सं.१९४२ देखि १९५८ सम्मको नेपालको राजनीतिक वातावरणलाई चित्रण गरिएको छ । घटना, पात्र र परिवेश सबै ऐतिहासिक भएको यो उपन्यासलाई इतिहास मान्नुपर्दछ भन्ने मूल्याङ्कन गरेका छन् ।

टीकाराम पोखरेलले **ऐतिहासिक नेपाली उपन्यासको अध्ययन** (२०६०) नामक लघु अनुसन्धान प्रतिवेदन डायमनशमशेर राणाका **वसन्ती, सेतो बाघ** र **सत्प्रयास** मा रहेको ऐतिहासिक कथावस्तुको अध्ययन विश्लेषण गरेका छन् । यस प्रतिवेदनमा राणाको तेस्रो ऐतिहासिक उपन्यास **सत्प्रयास**मा देवशमशेरलाई केन्द्रविन्दुमा राखिएको छ । यस उपन्यासमा शमशेरहरू बीचको अन्तर्घातको कथा रहेको भनेका छन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म देवशमशेर उदार, देशप्रेमी, जनप्रेमी, न्यायप्रेमी, सोझा र विद्वान् व्यक्तिको रूपमा उपस्थित छन् । **सत्प्रयास** उपन्यासले मुख्य उद्देश्य प्रजातान्त्रिक विचार र देश विकास गर्ने सत्प्रयासको प्रस्तुति हो । यसमा तत्कालीन शासकहरू सत्ता प्राप्ति गरेपछि कतिसम्म क्रुर हुन्थे अनि सत्ता प्राप्तिको लागि कस्तो षड्यन्त्र गर्दथे भन्ने कुरालाई ज्वलन्त रूपमा चित्रण गरिएको छ । राणाकालीन कठोर शासन व्यवस्थामा देवशमशेर जस्ता उदार शासक देखा परे पनि सधैँ डर, शङ्का र त्रासको स्थिति रहन्छन् भन्ने कुरा उपन्यासमा देखाइएको छ । एकतन्त्रीय शासन व्यवस्थामा सधैँ हत्या, हिंसा, षड्यन्त्र र कूचक्रबाट नै सत्ता परिवर्तन हुन्छ । यस्तो अवस्थामा इमान्दार, सज्जन व्यक्तिहरू षड्यन्त्रको सिकार बन्नुपर्छ भन्ने कुरा देखाउनु नै **सत्प्रयास** उपन्यासको अर्को उद्देश्य हो । **सेतो बाघ**ले झैँ यसले पनि हत्या, षड्यन्त्र, शङ्का र अस्थिर राजनीतिको एउटा पाटोलाई नै प्रस्तुत गरेको छ भन्दै इतिहासमा घटेका घटनालाई औपन्यासिक शिल्पले सजाई उपन्यासको कथावस्तुलाई रोचकतापूर्ण ढङ्गले प्रस्तुत गरेका छन् भन्ने विश्लेषण पोखरेलले गरेका छन् ।

कुमारप्रसाद कोइरालाले डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठानबाट प्रकाशित **आख्यानकार डायमन** (२०६४) नामक समीक्षा ग्रन्थमा 'डायमनशमशेरको औपन्यासिक सफलता शीर्षकअन्तर्गत डायमनशमशेर राणाका **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा** र **गृहप्रवेश** जस्ता ऐतिहासिक, राजनीतिक उपन्यासहरूको सामान्य समीक्षा गरेका छन् । यस शीर्षकमा उनले २०३८ सालमा प्रकाशित देवशमशेरलाई नायक बनाएर लेखिएको **सत्प्रयास** उपन्यासले पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई नै अघि सारेको देखिन्छ भन्ने समीक्षा गरेका छन् ।

टीकाराम पोखरेल 'डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक तत्त्व' नामक विधावारिधी अनुसन्धान शोधग्रन्थ (२०६०) मा उनका **सेतो बाघ, वसन्ती, प्रतिबद्ध** र **सत्प्रयास, गृहप्रवेश, अनीता, धनको धब्बा** उपन्यासहरूमा रहेका ऐतिहासिक पक्षको खोजी र विश्लेषण गरेका छन् । यस शोधग्रन्थमा उनले **सत्प्रयास** उपन्यास २०३८ को औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्दै त्यसमा रहेका ऐतिहासिकतासँग कल्पनाको संयोजन आदि पक्षको खोजी गर्ने कार्य गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

डायमनशमशेर राणाको उपन्यास **सत्प्रयास** नेपाली उपन्यासको ऐतिहासिक धाराको महत्त्वपूर्ण उपन्यास भए पनि यसको सक्षिप्त चर्चा मात्र भएको छ । अहिले सम्म खासै अध्ययन नभएको हुनाले सोही अभावलाई पूर्ति गर्न प्रस्तुत कृतिको यथासम्भव सुव्यस्थित रूपमा विधापरक अध्ययन गरिने भएकोले यो शोधकार्य औचित्यपूर्ण देखिन्छ । यस उपन्यासका बारेमा थप र गहन अध्ययन गर्न चाहने जिज्ञासु पाठकवर्गलाई मार्गनिर्देश गर्नमा पर्याप्त मात्रामा प्रस्तुत शोधकार्यले सहयोग गर्नेछ, त्यसैले प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्रा र मूलभूत प्रवृत्तिहरूको चर्चा गर्दै **सत्प्रयास** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । यिनका सबै औपन्यासिक कृतिहरूको अध्ययन गर्न नसक्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तत शोधपत्रको तयारीका कममा पुस्तकालीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलको मूल आधार बनाइएको छ । डायमनशमशेर राणाको बारेमा गरिएका समीक्षात्मक टिप्पणीहरूका साथै उनका उपन्यासको बारेमा यसभन्दा पूर्वका शोधकर्ताले गरेका शोधकार्यलाई पनि सामग्री सङ्कलनको स्रोत बनाइएको छ । राणाको बारेमा विभिन्न पत्र पत्रिकामा लेखिएका लेखहरूका आख्यान कथा र उपन्यास सिद्धान्तलाई पनि सामग्री सङ्कलनको स्रोत बनाइएको छ । यसका साथै शोधपत्र तयार गर्दा सम्बन्धित विज्ञहरूबाट पनि आवश्यक परामर्श लिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप  दिनका लागि छैटौ परिच्छेद भित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकता अनुसार उपशीर्षक समेत राखेर शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मूल शीर्षक निम्नानूसार रहेको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : उपन्यास सिद्धान्त

तेस्रो परिच्छेद : औपन्यासिक तत्त्वका आधारमा **सत्प्रयास** उपन्यासको अध्ययन र विश्लेषण

चौथो परिच्छेद : डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र **सत्प्रयास** उपन्यासमा उनको जीवनको प्रत्यावर्तन

पाँचौ परिच्छेद : डायमनशमशेर राणाको औपन्यासिक यात्रा तथा औपन्यासिक प्रवृत्तिहरू

छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

# परिच्छेद : दुई
# उपन्यास सिद्धान्त

## २.१ उपन्यासको परिचय, व्युत्पत्ति र अर्थ

साहित्यका विविध विधाहरूमध्ये उपन्यास एक नवीन तथा सशक्त विधा हो । उपन्यासको उत्पति र विकासको शृडखला साहित्यका अन्य विधाहरूको तुलनामा त्यति लामो नभए पनि उपन्यास आधुनिक साहित्यको एक सशक्त, स्थापित र लोकप्रिय विधाको रूपमा देखापरेको छ ।

नेपाली भाषामा प्रयोग गरिने 'उपन्यास' शब्द अङ्ग्रेजीको 'नोवेल'को पर्यायवाची शब्दका रूपमा प्रयोग गरिन्छ । पाश्चात्य साहित्यमा उपन्यास विधाको विकासपछि उपन्यास शब्दले आधुनिक रूप ग्रहण गरेको हो । त्यस भन्दा पूर्व उपन्यास शब्दले अनेकौ अर्थ बहन गरेको पाइन्छ । 'प्राचीन पूर्वीय सात्यिमा उपन्यास' को खास अर्थ 'कथन', 'निवेदन', 'सुझाव', 'घोषणा', 'परिसंवाद', 'नियोजन', 'सङ्केत' र 'निर्देशन' आदिको रूपमा प्रकट भएको पाइन्छ ।" (प्रधान, २०४० : ८)

## २.१.१ पूर्वीय साहित्यमा उपन्यास शब्दको व्युत्पति

उपन्यास पाश्चात्य साहित्यको देन हो । त्यसैले पूर्वीय साहित्यमा उपन्यासको चिन्तन परम्परा त्यति समृद्धशाली नभए तापनि यसको शाब्दिक व्युत्पतिगत अर्थ केलाउने हो भने 'उपन्यास' शब्द अस् धातुमा 'उप' र 'नि' उपर्सग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ ।

उप +नि+ अस्+घञ् (अ)=उपन्यास ।

'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ भने उपन्यास शब्दबाट नजिक राख्नु भन्ने अर्थ निष्पन्न हुन्छ । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतिकरण, प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रर्दशक वाक्य आनन्द गराउने वाक्यका अर्थमा गरिएको पाइन्छ । (बराल र एटम, २०६६ : ३) त्यसैले उपन्यासले जीवनजगतको नजिकबाट अध्ययन र चित्रण गर्दछ । तसर्थ उपन्यासको शाब्दिक जीवनको निकट रहेको विषयवस्तु वा जीवनको निकट अर्थपूर्ण अनुभूती भन्ने हुन्छ ।

### २.१.२ पाश्चात्य साहित्यमा उपन्यास शब्दको व्युत्पति

अङ्ग्रेजी भाषामा नोवेल शब्दको प्रचलन हुनुभन्दा पहिले पाश्चात्य साहित्यमा मध्यकालीन रोमाञ्चकारी आख्यानहरू नै बढी प्रचलित थिए । यही नोवेल शब्दको विकासबाट नै उप्न्यास विधालाई स्पष्ट स्वरूपमा समेट्ने आधुनिक उप्रन्यासको सुरुवात भएको हो ।

अङ्ग्रेजी शब्द नोबेल इटालेली भाषाको नोभेलाबाट लिइएको हो र यो ल्याटिन भाषाको नोभस तथा नोभलस शब्दकै रूपान्तर मानिन्छ । ल्याटिन भाषामा यसको अर्थ रोमाञ्चक आख्यानहरू भन्ने हुन्छ । समयको परिवर्तन सँगसँगै यो शब्द नोभस भएर देखापऱ्यो । नोभेला शब्दले फ्रान्सेली भाषामा 'कथा' नै भन्ने बुझाउँछ । (प्रधान, २०६१ : १४-१५)

पाश्चात्य साहित्यमा उपन्यास विधा धेरै पछि मात्र विकसित भएकाले नोवेल शब्द पनि धेरै पछि मात्र विकसित भएकाले नोवेल को अर्थ नयाँ समाचार वा 'नयाँ घटना' भन्ने हुन्छ । पाश्चात्य साहित्यमा १८ औँ शताब्दीमा ड्यानियल डिफोको 'रविन्सन क्रुसो' नामक कृति आएपछि मात्र विश्व साहित्यको परिप्रेक्ष्यमा प्रथम नोबेलको अभ्युदय भयो । (बराल र एटम २०६६ : ४) यस अघि आएका जापानका मुरासाकी सिकीबुको गेन्जीको कथा बोकासियोका डेकामेरोनका कथाहरूले आख्याहरूलाई बुझाएपनि आधुनिक 'उपन्यास', नोवेलले समेट्न सक्ने विधागत स्वरूप र अर्थ समेट्न सकेको देखिँदैन ।

यसरी पाश्चात्य साहित्यबाट नै आएको उपन्यास विधाले बङ्गाली र हिन्दी साहित्य हुँदै नेपाली साहित्यमा प्रवेश पाएको हो ।

## २.२ उपन्यासको स्वरूप

साहित्यको कुनै पनि विधाको स्वरूप किटान गर्नु कठिन कार्य हो । त्यस्तै उपन्यास पनि साहित्यको परिवर्तनशील विधा भएकोले यसको स्वरूप यस्तै नै हो भनेर पहिचान गर्न नसकिए तापनि उपन्यास भित्र यसका अभिन्न अङ्गहरू घटना, पात्र, स्थान काल परिवेश, संवाद, आदिको संयोजन कुशलता नै उपन्यासको स्वरूप हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

उपन्यास मनोरञ्जक कथात्मकताले गर्दा अरु भन्दा रोचक, विस्तृत परिवेशले गर्दा

अझ व्यापक, बन्धनहीन स्वरूप गर्दा सधैँ परिर्वत्य, जीवनको निकटतम् चित्र हुनाले बढी यर्थाथ, प्रयोगधर्मी संभावनाले गर्दा सधैँ नवीन र मानसिक रहस्यको उद्घाटन गर्ने भएकोले अति गहन तथा सूक्ष्म हुन्छ (प्रधान, २०६१ : २) उपन्यासमा रहेका महत्वपूर्ण अङ्गहरू भिन्न - भिन्न रहेका हुन्छन् । ती भिन्न पृथक पृथक शिल्पीले सजाई निर्धारित रूप सहितको आकारयुक्त उपन्यास निर्माण भएको हुन्छ, यही आकार वा रूप नै उपन्यासको स्वरूप हो ।

"उपन्यासले जीवन र जगत्का केही महत्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ भने यस्तो मर्महरूमा सिर्जनाको आस्था र इज्जत सुरक्षित पनि रहेको छ । एक छिनको रमाइलो अवस्थामा मात्र नभएर घटना र जीवनका सूक्ष्म तत्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ ।" (बराल र एटम,२०६६:८) उपन्यास जीवनका अनुभूतीहरूको संगालो हो,जसमा जीवनमा यर्थाथ सत्यको प्रस्तुति हुन्छ । उपन्यासको स्वरूपमा यसको बाह्य आन्तरिक तत्वहरू मा अडेको हुन्छ ।

उपन्यास जीवन जगत्को सर्वाङ्गीण यर्थाथ, सत्य, तथ्य आख्यान हो । त्यसैले उपन्यासमा निम्नलिखित विशेषता हुन्छन् ।

## २.२.१ उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ

साहित्य समाजको ऐना हो । साहित्यकै एउटा विधा उपन्यास पनि हो । उपन्यास पनि जीवन जगत्का सत्य चित्रित यर्थाथ दर्पण हो । उपन्यास सामाजिक जीवनमा भएका अनेकौ घटनाहरू,अनुभव गरिएका अनुभूतिहरूलाई औपचारिक कलाले रङ्गाएर सत्यको उद्घाटन गरिएको हुन्छ । यसमा इतिहास मा घटेका सत्य घटना, तथ्यगत प्रतिक्रिया शून्य, निष्क्रिय कुरालाई जीवन्तता दिएर प्रस्तुत गरिएको हुन्छ ।

"उपन्यास स्वतन्त्र विधा भएता पनि यसले जीवन जगत्का सत्य यर्थाथलाई छोएको हुन्छ । यसले इतिहासमा घटका महत्त्वपूर्ण घटनाहरूलाई समेटेको हुन्छ । इतिहासका घटनाको अवधि छोटो हुन्छ । इतिहासका तिनै छोटो अवधिका/आयुका तथ्यगत कुरालाई औपन्यासिक कलाद्वारा रागात्मकता प्रदान गरी जीवन्त बनाइन्छ । त्यसैले तथ्यको समाप्ति पछि पनि सत्य बाँचिरहन्छ, जसलाई दीर्घजीवी बनाउने र आफूमा संवरण गर्ने कार्य उपन्यासले गर्दछ ।" (बराल र एटम, २०६६ : ८)

"उपन्यासमा कथानक काल्पनिक तथा स्वैरकाल्पनिक  घटनाको पनि शृङ्खलित कलात्मक अन्वय पाइन्छ ।  सत्यको अशं इतिहासमा पनि हुन्छ र उपन्यासमा पनि हुन्छ, त्यसैले इतिहासमा तिथिमिति बाहेक अरु सबै कुराहरू काल्पनिक हुन्छन् भने उपन्यासमा तिथिमिति बाहेक अरु सबै कुरा सत्य हुन्छन् ।" (बराल र एटम २०६६ : ९)

यर्थाथता र इतिहासलाई जीवीत राख्ने काम उपन्यासले गर्ने भएकोले यसमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ, त्यसमा कल्पनाको संयोजन हुन्छ ।

## २.२.२ उपन्यासमा जीवनको प्रक्षेपण हुन्छ

उपन्यास जीवन जगत्को यर्थाथको चित्रण हो । यसमा जीवनका सर्वाङगीण पक्षको यर्थाथ चित्रण गरिएको हुन्छ । त्यसकै अनुरूप उपन्यास पनि जीवनको गतिशीलतालाई पछ्याउदै परिवर्तित भएर देखापर्छ । उपन्यासमा जीवनको सुक्ष्म वा बृहत सबै पक्षहरूको प्रक्षेपण गरिएको हुन्छ ।

"मानिसको जीवनलाई उसको संस्कारले आधार प्रदान गर्दछ, साहित्यले संवेदना र विश्लेषित गुण भरिदिन्छ अनि व्यवहारले यर्थाथको मूर्तता सिउरिदिन्छ । उपन्यास जीवन भोगाइको तरेली बनेको हुन्छ । जीवनको आस्था र विश्वासमा नै जीवनको मानवीय जीवनको विशाल पक्षको उद्घाटन पनि जीवन्त रूपमा हुन पुग्छ ।" (बराल र एटम, २०६६ : १०) भन्ने भनाइले उपन्यासमा जीवनको प्रक्षेपणलाई अझै महत्त्व दिइएको देखिन्छ ।

## २.२.३ उपन्यासमा समाजको प्रस्तुति हन्छ र आफ्नै समाज शास्त्र हुन्छ

उपन्यास बृहत संसार अटाउने गद्य साहित्यक विधा हो । यसले जीवनका यर्थाथलाई टिपेर तिनको सूक्ष्म निरीक्षण र विश्लेषण गर्दछ । उपन्यासलाई समाजको ऐना पनि भनिन्छ । समाजको पृष्ठभूमि र  सामाजिक वातावरणको निर्णायक भूमिका मान्छेके जीवनमा रहेकै हुन्छ । यिनै यर्थाथलाई प्रस्तुत गर्ने भएकोले उपन्यासमा समाजको प्रस्तुतिकरण हुन्छ र समाजको बारेमा लेखिन्छ । (बराल र एटम, २०६६ : ११)

उपन्यासले जीवनसँग सम्बन्धित भएर सक्रिय रूपमा व्याख्या विश्लेषण गर्दछ । रागात्मकताको स्पर्शले विद्युतशक्ति प्रवाहित भएझै जीवनमा सजीवताको लहर दौडन्छ । त्यसको प्रत्येक दुःख - सुख, नाश-र्मिाण, हार-जीतले छोइन्छौ, चिमोटिन्छौं, रुन्छौं–हास्छौं ।

यही जीवन ग्रहण गरेर उपन्यासले आफूभित्र एउटा समाज रच्छ, त्यसले रचना गरेका व्यक्ति हामीसँग हामीसरह हिँडडुल गर्छन् । (प्रधान, २०६१ : ६)

'साहित्य समाजको अनुकरण मात्र नभई पुनः सृजन पनि हो ।' भन्ने एरिस्टोटलको भनाइबाट 'उपन्यासको आफ्नै समाजशास्त्र हुन्छ भन्ने पुष्टि हुन्छ । समाज चेतनाको स्वरूपलाई समेट्ने वास्तविक र उपन्यासकारद्वारा कल्पित विषयवस्तुको योगबाट जुन समाजको निर्माण हुन्छ, त्यो नै उपन्यासको समाजशास्त्रीय आधार हो । त्यसैले उपन्यासमा समाजको प्रस्तुतिकरण मात्र हुँदैन, यसको आफ्नै समाजशास्त्र पनि हुन्छ ।

### २.२.४ उपन्यास गद्यमा लेखिने आख्यान हो

छन्द वा लयको औपचारिक बन्धन नभएको भाषाको रूपलाई गद्य भनिन्छ । उपन्यास यर्थाथसँग प्रत्यक्ष सम्बन्ध राख्ने साहित्यक विधा हो । जीवनका विविधता र यससँग सम्बन्धित विषयवस्तुलाई प्रस्तुत गर्ने भएकोले उपन्यासको भाषा पनि स्वभाविक तथा यर्थाथ सम्मत हुन अनिवार्य हुन्छ । संसारका मानिसहरूले विचारको आदानप्रदान गद्यमा नै गर्दछन् । यसले गर्दा उपन्यास पनि गद्यमा नै लेखिन्छ । हुन पनि आख्यानको लेखन ससारभरि नै गद्यमा नै हुने गर्छ । आख्यानको अर्थ बनाइएको कथा भन्ने हुन्छ । आख्यानात्मक विधामा कथा कणहरूको शृङखला अर्थात् किस्साहरूको प्रयोग हुन्छ । आख्यानका लागि कुनै कथन र त्यस कथनलाई भन्ने मान्छे वा कथयिताको उपस्थिति अनिवार्य हुन्छ । अङ्ग्रेजी साहित्यमा अहिले पनि कथा उपन्यासलाई आख्यान अन्तर्गत राखेर हेरिनाले उपन्यास आख्यान हो भन्ने स्पष्ट हुन्छ । उपन्यास साहित्यक विधा हो । विषयवस्तुको भावपूर्ण तथा घतलाग्दो प्रस्तुति साहित्यका लागि आवश्यक मानिन्छ भने भाषाको आलङ्कारिक तथा प्रतीकात्मक प्रयोग पनि यसका लागि महत्त्वपूर्ण हुन्छ । कथ्यको भावपूर्ण प्रस्तुतिका साथै भाषाको विशिष्ट प्रयोग पनि साहित्यको विशेषता हो । उपन्यासमा भाषाको विशिष्ट प्रयोग हुने भएकोले पनि यसले पनि यसले साहित्यक विधा बन्ने सौभाग्य पाएको हो । (बराल र एटम, २०६६ : १७)

## २.३ उपन्यासको परिभाषा

उपन्यास पछि विकसित भएको सबैभन्दा बढी परिर्वनशील विधा भएकाले यसलाई परिभाषामा नियमनिष्ट गर्नु कठिन कार्य हो । युग, दृष्टि र परिवेश अनुसार यसको स्वरूप र

मान्यातामा पनि परिवर्तन आउने हुनाले विभिन्न समयमा विद्वान्हरूले दिएका परिभाषाहरू पनि फरक–फरक देखापर्छन् । विभिन्न विद्वान्हरूले आफ्नो अनुभूति, अध्ययन र विश्लेषणका आधारमा उपन्यासको परिभाषा गर्ने प्रयास गरेका छन् । ती परिभाषाहरूका आधारमा उपन्यास के हो भन्ने कुरा बुझ्न सजिलो हुन्छ । यहाँ विद्वान्हरूले दिएका केही परिभाषाहरू प्रस्तुत गरिएको छ ।

उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएर यो एक सम्पूर्ण मनुष्य–जीवनको सार हो । (प्रधान, २०६१ : १) कृष्ण चन्द्र सिह प्रधान

पूर्वापर तारतम्यमा सु-सम्बद्ध  गरेर लेखिएका र मानव जीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुवीक्षण गराउने आख्याात्मक रचनालाई उपन्यास भनिन्छ । (सुवेदी, २०५३ : ८)  राजेन्द्र सुवेदी

उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति भएको हुन्छ । (थापा, २०४७ : १२०) हिमाशु थापा

लौकिक भावनाद्वारा ओतपोत भई मानवमनको सूक्ष्म मनोवैज्ञानिक अङ्कन गर्ने र जीवनका अन्तरङ्गी र बहिरङ्गी चित्र (प्रकृति) लाई पनि प्रतिबिम्बित पार्ने आधुनिक कला उपन्यास हा । (प्रधान, २०४०) प्रताप चन्द्र प्रधान

मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई तुलनात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्यआख्यानलाई उपन्यास भनिन्छ । (बराल र एटम, २०६६ : ६-७)  कृष्णहरि बराल र नेत्र एटम

उपन्यास चरित्र एव घटनाहरूको माध्यमले समाजको बाह्य र आन्तरिक रूप तथा अवस्थालाई चित्रित गर्ने सुनियाजित कथानक र निश्चित आयाम भएको गद्यमय आख्यान हो । (उपाध्याय २०४९ : १५७) केशव प्रसाद उपाध्याय

बहुविध सरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्रप्त गरेको तथा व्यापक परिधिको समय र स्थान भित्र विस्तारित भएको कथात्मक गद्यलाई उपन्यास भनिन्छ । दयाराम श्रेष्ठ  सम्भव

यसरी विभिन्न विद्वान्हरूले उपन्यासका सर्न्दभमा दिएका विभिन्न परिभाषाहरूलाई केलाउँदा उपन्यासमा निम्नलिखित बुँदाहरू भेट्न सकिन्छ ।

उपन्यास गद्य आख्यानात्मक कृति हो ।

यसले बृहत कायालाई समेटेको हुन्छ ।

यसले मानव जीवनको साङ्गोपाङ्गो वर्णन वा विश्लेषण गर्दछ ।

वास्तविक जीवनलाई काल्पनिक यथार्थमा ढालेर उपन्यास लेखिएको हुन्छ ।

उपन्यासमा मानव जीवनलाई सरलीकरण गरेर प्रस्तुत गरिएको हुन्छ ।

मानव जीवनको यथार्थको प्रस्तुतिकरण गर्दै उपन्यासमा मानवीय भावनालाई अभिव्यक्त गरिएको हुन्छ ।

सबै विद्वान्का विचारलाई हेर्दा प्रायः सबैले विस्तृत आख्यान, गद्यात्मक भाषा, जीवन जगतको यथार्थ अनुकरण वा वास्तविक जीवनको प्रतिनीधित्व गर्न सक्ने पात्रहरू वा कार्यहरूको वर्णनलाई नै उपन्यास मानेका छन् । यसरी विद्वान्हरूको उपन्यासलाई कतै वस्तुनिष्ठ भएर त कतै शैलपरक भएर परिभाषित गरेका छन् । वास्तवमा उपन्यासमा वस्तु र शैली दुवैको गतिलो संयोजन गरिएको हुन्छ । त्यसैले माथि प्रस्तुत गरिएका विद्वान्हरूका भनाइको निचोड निकालेर उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ

वास्तविक जीवनलाई काल्पनिक यथार्थमा सरलीकरण गरेर सिङ्गो मानव जीवन तथा मानवीय मूल्य र मान्यताका विविध पक्षलाई उद्घाटित गर्ने अपेक्षाकृत बृहत आकारको गद्य आख्यानलाई उपन्यास भनिन्छ ।

## २.४ उपन्यासका तत्त्वहरू

उपन्यासका रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ । उपन्यास बन्नका लागि चाहिने महत्त्वपूर्ण अङ्गहरूलाई तत्त्वहरू भनिन्छ । तिनै अभिन्न अङ्गहरूको कुशल संयोजनबाट उपन्यासले स्पष्ट स्वरूप र आकार प्राप्त गर्दछ । आधुनिक कालमा यिनलाई तत्त्व नभनेर उपकरणका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । उपन्यासका तत्त्व वा उपकरणहरूको सम्बन्धमा विभिन्न विद्वान्हरूका बीच फरक-फरक मत पाइन्छ, ती फरक-फरक मान्यताबाटै केही समान मान्यतालाई आधार मान्दा मूलभूत तत्त्वहरू **निम्न छन्** :

(क) कथानक

(ख) पात्र/चरित्र

(ग) देश, काल र वातावरण/परिवेश

(घ) कथोपकथन/संवाद

(ङ) दृष्टिविन्दु

(च) सारवस्तु

(छ) भाषाशैली

(ज) प्रतीक र विम्ब

(झ) गति र लय

**२.४.१ कथानक**

सामान्य वा जटिल घटनाहरूको संयोजनबाट निर्माण हुने कथावस्तु उपन्यासको प्रमुख आधारभूत तत्त्व हो । कथानकले घटनाहरूलाई एक अर्कासँग उनेर उपन्यासको संरचनालाई सुसङ्गठित पार्छ । "कथानकलाई कार्यकारणहरूको तारम्यपूर्ण सुत्रबद्ध स्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मी उपन्यासको आकृति खडा हुन्छ" (प्रधान, २०६१ : ७) ।

"कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू सुमाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको भूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ" (बराल र एटम, २०६६ : २१) ।

विभिन्न गतिविधि र क्रियाकलापहरूमा अस्तव्यस्त रूपमा छरिएका घटनाहरूलाई कथावस्तुले पारस्परिक सम्बद्धता र सार्थकता दिन्छ, यसमा कथा र कथानक हुन्छन् । "समयको शृङ्खलामा व्यवस्थित गरिएका घटनाहरूको कथन कथा हो भने कारण समेत भएको घटनाहरूको वर्णन हो ।" (बराल, र एटम, २०६६ : २१) । त्यसैले कथावस्तु कथा र कथानकको संयोजन हो । कथावस्तुमा कथाको र कथानकको अर्थात् कार्यकारणको सम्बन्ध रहेको हुन्छ ।

उपन्यासमा कथावस्तुलाई प्राणको रूपमा लिएको हुन्छ तर उत्तरआधुनिक युगमा

अकथा, अउपन्यासको रचना गरिएको पाइन्छ, जसमा कथाको शृङ्खला हुँदैन । छरिएका कथालाई टिपेर कथावस्तु बनाइएको पाइन्छ ।

## २.४.२ चरित्र/पात्र

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासका घटना वा वस्तु रचनाका मूल आधार नै पात्रहरू हुन् । पात्रहरू कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमबद्धता प्रदान गर्ने अत्यावश्यक माध्यम हुन् । ती उपकरणहरू पात्र निरपेक्ष बन्नु असम्भव छ (रेग्मी, अप्र, २०५४ : २०-२१) ।

चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयं मनुष्य र उसैको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०६१ : ८) । उपन्यासमा प्रयुक्त पात्रहरूले उपन्यासको कथानकलाई गतिशीलता र जीवन्तता प्रदान गर्दछन् । उपन्यासको कथावस्तुबाट घटनालाई पूर्णता र सजीवता दिने काम पनि पात्रहरूले नै गरेका हुन्छन् ।

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । उपन्यासमा प्रयोग गरिने पात्रहरू विभिन्न किसिमका हुन्छन् । गतिशील र गतिहीन यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र चेप्टा, आञ्चलिक र सार्वभौम, पारस्परिक र मौलिक आदि प्रकारका पात्रहरूले नै कथावस्तुलाई अगाडि बढाएका हुन्छ । उपन्यासमा प्रयोग गरिने पात्रहरू तिनीहरूको विशेषताका आधारमा पनि फरक-फरक हुन्छन् । ती विशेषतागत आधारमा पात्रहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

(क) लिङ्गका आधारमा : पुलिङ्गी र स्त्री लिङ्गी

(ख) कार्यका आधारमा : प्रमुख, सहायक र गौण गरी तिन वर्गका हुन्छन् ।

(ग) प्रवृत्तिका आधारमा : अनुकूल र प्रतिकूल दुई वर्गका हुन्छन् ।

(घ) स्वभावका आधारमा गतिशील र गतिहीन दुई वर्गका हुन्छन् ।

(ङ) जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत

(च) आसन्नताका आधारमा : मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् ।

(छ) आबद्धताका आधारमा बद्ध र मुक्त गरी दुई वर्गका हुन्छन् (बराल र एटम, २०६६ : २९-३०)

यसरी पात्रहरू तिनीहरूमा निहित विशेषताका आधारमा, प्रकारगत वर्गीकरणका आधारमा फरक-फरक हुन्छन् । यिनै पात्रहरूले नै उपन्यासलाई गति दिई कथानकलाई जीवन्तता दिएका हुन्छन् ।

### २.४.३ देश, काल र वातावरण/पर्यावरण

उपन्यास देश, काल तथा वातावरणमा केन्द्रित भएर निर्माण भएको हुन्छ । उपन्यासमा कथावस्तु हुन्छ, त्यसलाई गतिशीलता प्रदान गर्ने काम पात्रले गर्दछन् । ती पात्रले उपन्यासभित्र घटनालाई अगाडि बढाउन निश्चित परिवेश वा समयलाई आधार बनाएका हुन्छन् । त्यही स्थान, समय वा परिवेशलाई देश, काल र वातावरण वा पर्यावरण भनिन्छ । पर्यावरण, परिस्थिति पनि हो । 'देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्झाउँछ, आचारविचार, रीतिथिति, चालचलनहरूलाई बुझाउँछ समाजका असल, खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ ।' (प्रधान, २०६१ : १०)

उपन्यासमा देशकालको सीमामा बाँधिएका घटनाहरू र पात्रहरूले गर्ने क्रियाकलापहरूलाई यथार्थ र सम्भव ठानेर विश्वास गरिन्छ । यही विश्वसनीयबाट उपन्यास जीवन्त लाग्छ । एक किसिमको प्रभावले पाठकमा त्यस्तै वातावरणको निर्माण हुन पुग्छ । उपन्यासमा वर्णित समाज चित्रण र प्रकृति चित्रण उपन्यासको बाह्य वातावरण हो भने त्यहीँ समाज चित्रण र प्रकृति चित्रणले पाठकलाई पार्ने प्रभावलाई मानसिक वातावरण भनिन्छ ।

यसरी उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो, जसले पाठकलाई बाँध्ने काम गर्छ (बराल र एटम, २०६६ : ३२) । त्यसैले उपन्यासमा पर्यावरण वा देश, काल र वातावरण आवश्यक तत्त्व हो ।

### २.४.४ कथोपकथन/संवाद

संवादलाई नाटकमा अनिवार्य तत्त्वको रूपमा स्वीकार गरिएको पाइन्छ तर उपन्यासमा यसलाई एक आवश्यक तत्त्वको रूपमा मात्र स्वीकार गरिएको पाइन्छ । 'कथाको विकास, चरित्र चित्रण र लेखकको आशय स्पष्ट पार्न संवादको सहायता लिइन्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन मात्रै होइन रोचकता स्वाभाविकता, सृष्टि गर्नमा समेत कथोपकथनको महत्त्वपूर्ण भूमिका रहन्छ । यसकै मद्दतले उपन्यासकारले पात्रहरूको बाह्य र आन्तरिक जगतका जटिलता सङ्घर्ष, कुण्ठा आदि भावहरूको प्रत्यक्ष बोध गराउँछ ।' ( प्रधान, २०६१ : ८)

संवादले उपन्यासमा रोचकता, कौतूहलमूलक अभिनयात्मकता र सहज स्वाभाविकताको सृष्टि गरी उपन्यासलाई गतिशील बनाएर चरित्रसँग पाठकको चरित्रसँग तादाम्य सृष्टि गर्छ । यसले उपन्यासमा स्वभाविकता ल्याउन र पाठकलाई र सहानुभूति प्राप्त गर्न मद्दत पुऱ्याउँछ (रेग्मी, अप्र. २०५४ : २३) ।

कथोपकथन योजनामा पात्रअनुसारको भाषा प्रयोग गरिनुपर्छ यसले उपन्यासको भाव र घटनालाई स्वाभाविक तुल्याउँछ । उपन्यासमा प्रयुक्त पात्रहरूको स्वरलाई हेरेर भाषाशैलीको चयन, भाषामा सजीवता, प्रभावात्मकता, सङ्क्षेपीकरण, कलापूर्ण अभिनय र मनोहर प्रस्तुति संवादका लागि आवश्यक हुन्छ ।

### २.४.५ दृष्टिविन्दु

उपन्यासमा कथावाचन गर्ने वा कथा भन्नको लागि रोजेको ठाउँ नै दृष्टिविन्दु हो । उपन्यासमा कथावाचन गर्ने समाख्याता रहेको हुन्छ । समाख्याताले नै उपन्यासमा कथावस्तुलाई पात्र/चरित्रको माध्यमबाट अगाडि बढाउने काम गर्दछ । उपन्यासमा कतै उपन्यासकार कथयिता आफू नै समाख्यता बनेको हुन्छ भने कतै अरुको माध्यमबाट कथा भन्न लगाएको हुन्छ । उपन्यासमा दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष, आन्तरिक वा प्रथम र सम्बोधित वा द्वितीय पुरुष गरी तीन प्रकारका हुन्छन् ।

'बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भएको उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्दछ । उपन्यासमा

कथयिताको आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई भागमा बाँड्ने सकिन्छ । आफ्ना पात्र र घटनालाई कुरालाई सर्वज्ञ झैँ बनेर कथयिताले नै वर्णन एवं टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ भने त्यसले सर्वज्ञ दृष्टिविन्दु भनिन्छ । कथा यिताले कथा वाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट कुनै कुराको चर्चा गर्दछ भने त्यो सीमित दृष्टिविन्दु हुन्छ ।' (बराल र एटम, २०६६ : ३६)

आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भएको उपन्यासमा समाख्याताले/कथयिताले आफैँ उपस्थित भएर कथा वाचन गर्दछ । यसमा म, हामी जस्ता प्रथम पुरुष सन्दर्भमा प्रयोग भएको हुन्छ । यस्तो दृष्टिविन्दु प्रयोग भएको उपन्यासमा आत्मलाप, आत्मवृत्तान्त, आफैँले अनुभव गरेका कुरालाई कथावस्तु बनाइएको हुन्छ ।

कथयिताले उपन्यासकै कुनै पात्र, आमपाठक वा लेखकलाई सम्बोधन गरेर लेखिएको उपन्यासमा द्वितीय पुरुष दृष्टिविन्दु प्रयोग हुन्छ । यसमा त, तिमी, तपाईं आदि द्वितीय पुरुषका सर्वनाम प्रयोग गरिन्छन् । एउटैलाई मात्र सम्बोधन नगरी ठाउँअनुसार विभिन्न पात्रलाई सम्बोधन गर्न सकिन्छ । यसमा कथयिताले सम्बोधित व्यक्तिलाई निर्देशन पनि दिएको हुन्छ (बराल र एटम, २०६६ : ३७) ।

यसरी उपन्यासमा दृष्टिविन्दु कथा भन्न बसिएको/रोजिएको ठाउँ हो । यसअनुसार विभिन्न प्रकारका दृष्टिविन्दुको प्रयोग उपन्यास भएको हुन्छ । उपन्यासमा बाह्य वा तृतीय पुरुष, प्रथम वा आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु (सम्बोधित वा द्वितीय पुरुष दृष्टिविन्दु गरी तिन किसिमका दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ ।

### २.४.६ सारवस्तु

कुनै कार्यको थालनी गर्दा एउटा स्पष्ट उद्देश्य लिइएको हुन्छ । उपन्यासको रचना गर्दा पनि उपन्यासकारले केही न केही उद्देश्य लिएको हुन्छ । उपन्यासकारले प्रत्यक्ष वा परोक्ष जुनसुकै रूपमा भए पनि आफ्नो विचार अभिव्यक्त गरेको हुन्छ ।

प्राथमिककालीन उपन्यासहरू प्रायः नीति तथा सन्देश दिने प्रत्यक्ष उद्देश्य बोकेको हुन्थे । माध्यमिक कालीन उपन्यासमा जासुसी तिलस्मी/ऐय्यारी वा रोमाञ्चकारी विषयवस्तु

रहेका छन् । यी उपन्यासहरूले पाठहरूलाई मनोरञ्जन दिने उद्देश्य लिएका हुन्थे । आधुनिक समयका उपन्यासहरूले जीवनको विस्तृत व्याख्या गर्ने र जीवन जगतमा देखा परेका जटिलता विनम्रता, विद्रोह आदिको यथार्थ चित्रण गर्ने उद्देश्य लिएको देखिन्छ । प्रयोजनविनाको कुनै पनि कार्य हुँदैन । उपन्यास साहित्यको रचनामा पनि निश्चित प्रयोजन समाहित हुन्छ । कुनै उपन्यासकारहरूले त्यसलाई उपन्यासमा प्रत्यक्ष आरोपित गरेका हुन्छन् भने कुनैले त्यसलाई परोक्ष रूपकमा उपन्यासको भावसँग अन्तर्निहित गराएर अभिव्यक्त गरिरहेका हुन्छन् । (रेग्मी, २०५४:२६)

यसरी 'विषयलाई गहनता र विस्तृत रूप दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन अथवा जीवन दर्शनकै रूपमा मूल्याङ्कन गर्ने काम उद्देश्यबाट परिचालित हुन्छ भन्ने तथ्यलाई मानेर उपन्यासमा यसको प्रत्यक्ष अवस्थिति स्वीकार गरिएको हुन्छ ।' (प्रधान, २०६१ : ११) उपन्यासमा अङ्कित भएको जीवनदर्शन, प्रयोजनलाई नै सारवस्तु भनिन्छ ।

### २.४.७ भाषाशैली

उपन्यासमा अभिव्यक्तिको माध्यम भाषा हुन्छ । भाषाको सम्बन्ध उपन्यासका सबै त□वहरूसँग रहेका हुन्छन् र भाषा विना उपन्यासको कल्पना पनि गर्न सकिँदैन । उपन्यास रचना गर्दा उपन्यासकारले अपनाएको खास किसिमको कला शैली हो । उपन्यास रचना गर्दा प्रयोग गरिने भाषिक शिल्पलाई अर्थात् भाषाको प्रयोगबाट औपन्यासिक कृतिको रचना गर्दा अपनाइने वैयक्तिक ढङ्गलाई नै औपचारिक शैली भनिन्छ । "औपन्यासिक त□वहरूलाई एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ ।" ( प्रधान, २०६१ : ९)

साहित्य सृजनामा भाषाशैली सर्वाधिक महत्त्वपूर्ण तत्त्व पनि हो । भाषाशैलीले नै उपन्यासमा रोचकता, स्वभाविकता सृष्टि गर्न सक्छ र उपन्यासमा आएका घटना र पात्र, दृश्यमा सजीवता ल्याउन सक्छ । त्यसैले "भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो" (थापा, २०४७ : १३७) ।

उपन्यास रचनाका धेरै तत्त्वहरूमध्ये शैली पनि एक हो । उपन्यासको भाषाशैली सरल हुनुपर्छ । क्लीष्टता एवम् दुरूहता शैलीको दोष हो । सरल आलङ्कारिक प्रयोग, पात्रको

स्तरअनुसारको भाषिक प्रयोग र उखान टुक्का आदिको उचित प्रयोग हुनुपर्छ । उपन्यासमा प्रस्तुतिको आधारमा वर्णनात्मक शैली, आत्मकथानात्मक शैली, पत्रात्मक शैली, दैनन्दिनी शैली आदि छन् भने वाक्य गठनका दृष्टिले औपन्यासिक शैली गुम्फिन शैली, सरल शैली आदि रहेका छन् (रेग्मी, अप्र.२०५४ : २५) ।

उपन्यास विधामा पनि अन्य साहित्यिक विधामा जस्तै नवीन शैलकिो प्रयोग गर्ने प्रचलन बढेको छ । आधुनिक उपन्यासहरूमा उपन्यासकारले आफ्नै प्रकारको शैली अपनाएको पाइन्छ ।

## २.४.८ प्रतीक र विम्ब

उपन्यास रचनाका तत्त्वहरूमा प्रतीक र विम्ब पनि एक आवश्यक तत्त्व हो । प्रारम्भका उपन्यासहरूमा भाषाकै आधारभूत र स्वतन्त्र तत्त्व मानिन्थ्यो । आधुनिक समयमा यसलाई छुट्टै तत्त्वका रूपमा हेरिन्छ । प्रतीक र विम्ब भाषामा नै निहित हुने तर अमूर्त गुण वा भाव हुन् । जसको प्रयोगले उपन्यासको गुणलाई उच्च बनाएको हुन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिने, जसले विशिष्ट अर्थ बुझाउँछ त्यो वस्तु वा घटनालाई प्रतीक भनिन्छ भने मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायाँ जसलाई भाषाको माध्यमबाट व्यक्त हुन्छ त्यसलाई विम्ब भनिन्छ । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति र विचारधाराको पर्याप्त ज्ञान हुनुपर्छ ।

कुनै स्थिति, स्थान घटना वा पात्रको यथार्थ सदृश छायाँ पारिदिने पद्धतिलाई विम्बविधान भनिन्छ यसले अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ (बराल र एटम, २०६६ : १४-१५) ।

विम्बको भाषा अभिव्यञ्जनात्मक हुन्छ । परिवेशको वर्णनात्मक विम्बको देखिन्छ । जसले गर्दा गर्दा पाठकलाई आनन्द प्राप्त हुन्छ । विम्बको सिर्जना वर्णन/चित्रण र कतै आवृत्तिद्वारा हुन्छ । आधुनिक उपन्यासमा विम्बले मनोरचना एवं मस्तिष्कको गाँठो फुकाउने काम अत्यन्त प्रभावकारी ढङ्गले गरेको हुन्छ ।

## २.४.९ गति र लय

उपन्यासको वेग वा रफ्तारका क्रममा रहेको तत्त्व नै गति हो । गति भनेको कुनै खास किसिमको पद्धतिको प्रयोग स्वरूप एकाइगत रूपमा देखिने चाल वा र्ˆतार हो (श्रेष्ठ, २०३९ : १३८) ।

घटनाको संयोजनले उपन्यास बन्न नसक्ने हुनाले समयको गतिसागै यसको अस्तित्त्व रहेको हुन्छ । गति वस्तुगत तत्त्व भएकाले यसको वस्तुनिष्ट भएर विश्लेषण गर्न सकिने हुनाले उपन्यासमा प्रयुक्त कथानकभित्र यसको गति ठम्याउन सकिन्छ । उपन्यासमा मूलतः दुई पद्धतिको परिवेशमा गतिको उपस्थिति देखिन्छ ।

### दृश्यात्मक र सङ्क्षेप पद्धति

उपन्यासकारले पाठकका समक्ष दृश्यका रूपमा प्रस्तुत गर्ने घटना, कार्य व्यापार, पर्यावरण, समयको विशेषको विवरण आदिको चित्रात्मक वर्णन तथा पात्र पात्र बीचमा भएको संवादात्मक अभिव्यक्ति, पात्रको मानसिकता र सामाजिक रीतिस्थिति जस्ता कुराहरूको विस्तृत विवरण प्रस्तुत गरिएको हुन्छ । यसलाई दृश्यात्मक पद्धति भनिन्छ । उपन्यासको कार्य व्यापारलाई सारसङ्क्षेपमा प्रस्तुत गर्ने काम सङ्क्षेप पद्धतिमा हुन्छ ।

लयगत विशेषताले गर्दा उपन्यास बढी सम्प्रेष्य, संवेद्य र अर्थपूर्ण हुन सक्दछ । उपन्यासलाई प्रभावकारी बनाउने काममा वर्ण, शब्द, विभिन्न लेख्य चिन्हहरू, घटनावली वाक्यात्मक ढाँचा, अनुच्छेद योजना, संयोजन प्रक्रिया आदि जस्ता तत्त्वले लयको सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

# परिच्छेद : तीन

## औपन्यासिक तत्त्वका आधारमा 'सतप्रयास' उपन्यासको विश्लेषण

**सत्प्रयास** (२०३८) उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्राको दोस्रो चरणको उपन्यास हो भने ऐतिहासिक उपन्यासहरूमा तेस्रो ऐतिहासिक उपन्यास हो । दुई सय चौतीस पृष्ठमा लेखिएको यस उपन्यासमा तीन पृष्ठ (परिच्छेद एक) देखि बाइस पृष्ठ ( परिच्छेद चौबीस) सम्मका ठूला-साना गरी जम्मा चौबीस परिच्छेद रहेका छन् (राणा, २०६८) । वि.सं. २०३८ सालदेखि हालसम्म यसको सातपटकसम्म पुनः प्रकाशन भएको छ । यो नेपाली साहित्यको ऐतिहासिक धारामा देखा परेका उपन्यासहरूमा नेपालको इतिहासलाई समेट्ने सफल र महत्त्वपूर्ण उपन्यासको रूपमा देखिएको छ । विधातात्विक आधारमा यस उपन्यासका विश्लेषण गरिएको छ ।

### ३.१ कथानक

यो उपन्यास नेपालको इतिहासमा वि.सं. १९४२-१९५८ मा राणा शासन कालमा भएको एकतन्त्रीय जहानियाँ शासन व्यवस्था र राणाशासन अवधिको नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई विषयवस्तु बनाएर लेखिएको छ । यस उपन्यासमा धीरशमशेरका सत्र भाइ छोरामध्ये काहिँला भाइ प्रजातन्त्रवादी विचार बोक्ने देवशमशेरका सुधारका प्रयासहरूलाई **सत्प्रयास** उपन्यासको कथानकको रूपमा लिएको छ । गोत्र हत्यामा टुङ्गिएको **सेतो बाघ** उपन्यासले समेटेका घटनादेखि नेपालमा वीरशमशेर र देवशमशेरको शासनकालमा घटेका घटना र सत्ताका लागि एकै बाबुका सन्तानका बीचमा पनि रक्तपातपूर्ण सङ्घर्ष हुन सक्छ भन्ने कुराको चित्रण र एकतन्त्रीय शासन व्यवस्थामा सत्ताको सर्वोच्च स्थानमा रहेर पनि ऊ आफूलाई सुरक्षित ठान्न नसक्नु, प्राण समान भाइहरूका बीचमा पनि सत्रा प्राप्तिका लागि शङ्का, द्वेष र षड्यन्त्रको अन्तर्घात कथावस्तुलाई उपन्यासमा निकै सशक्त ढङ्गले चित्रण गरिएको छ ।

तत्कालीन समयका थिचोमिचो, नेपाली जनताको कारूणिक अवस्था, शासकीय थिचोमिचोलाई पनि आफ्नो नियति ठानेर शासकहरूलाई भगवान् ठानी सधैँ उनीहरूको चुपचाप बस्ने नेपाली जनताको प्रवृत्तिलाई अत्यन्तै कलात्मक ढङ्गले चित्रण गरिएको छ । जीवन बिताउने (राणा,२०६८) नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने देवशमशेरले

गरेको सत्प्रयास र त्यो सत्प्रयासमा सफल हुन नदिन गरेको विखण्डन नै यस उपन्यासको कथानक हो ।

### ३.१.१ कथासार

देवशमशेर र चन्द्रशमशेरका बीच भएको राजनीतिक अवस्थाको बहसबाट **सत्प्रयास** उपन्यासको कथा सुरु भएको छ । देवशमशेरले संसदीय प्रशासनिक व्यवस्थाको सुधारका कुराहरूलाई उठाएका छन् भने चन्द्रशमशेरले त्यही व्यवस्थामा शासन गरिरहेका वीरशमशेरको शङ्कालु दृष्टिकोणको फाइदा उठाएर आफूहरू एकै कोखका सन्तान मुख्तियार खड्गशमशेर, देवशमशेर, चन्द्रशमशेर र भीमशमशेरहरूले सत्ता हत्याउने तर्क अगाडि सारको छन् । श्री ३ प्रधानमन्त्री वीरशमशेर आफू विरूद्ध षड्यन्त्र गर्न लागेको शङ्का मुख्तियार खड्गशमशेरमाथि गर्दछन् । एकै कोखबाट जन्मेका खड्गशमशेरका चार भाइहरूले सत्ता आफ्नो हातमा पारी आफूलाई बिताउँलान् भन्ने त्रास मनमा बोकेर श्री ३ वीरशमशेरले मौकामा काम लाग्छ भनेर राष्ट्रिय ढुकुटीलाई विदेश पठाउने तयारी गरेका छन् । यसको लागि पहिले सम्पूर्ण तयारी गरेका छन् । यसको लागि पहिले सम्पूर्ण राष्ट्रिय ढुकुटीलाई आफ्नो व्यक्तिगत ढुकुटीमा सार्ने र पछि त्यसलाई विदेश पठाउने कामको प्रबन्ध मिलाउँछन त्यसपछि उनले खड्गशमशेरलाई शासन सभाबाट हटाएर आफूले निर्धक्कसँग राजकाज सञ्चालन गर्ने षड्यन्त्रको जालो बुन्न थाल्छन् । उनले यसको कामको लागि फौदसिंहका छोरा जितबहादुरलाई खड्गशमशेरको गतिविधि र चालचलनको चमत्कारी प्राप्तिका लागि मद्दत लिएर आफ्नो उद्देश्यमा पुग्ने षड्यन्त्र रच्न थाल्छन् ।

देवशमशेरले वीरशमशेर समक्ष देश विकासको कुरा र प्रशासनिक सुधारको योजना प्रस्तुत गर्दछन् । वीरशमशेरले आफ्नो मनले स्वार्थका लागि होइन मुखले आश्वासन दिएर उनलाई भ्रममा पारेका हुन्छन् । यो झुठो आश्वासन लिएर देवशमशेर सुधारमा प्रयासका लागि, दासत्वमोचनका लागि दासीहरू सुसारे कहाँ पुग्छन् । तिनीहरूको विवरण लिएर तिनीहरूलाई मुक्त गर्ने हेतुले चेतना जगाउने प्रयत्न गर्ने क्रममा आफ्नी मन परेकी भूलबस वीरशमशेर कहाँ आईपुगेकी हसना दासीबाट खड्गशमशेर विरूद्ध रचिन लागेको षड्यन्त्र र सम्पूर्ण ढुकुटी भारत पठाएको सूचना प्राप्त गर्दछन् । दुई प्रेमी प्रेमिका (देव र हसना) पुण्य अवस्थामा रहेका समयमा उनीहरू बसिरहेको ढुकुटीमा वीरशमशेर र उनकी कान्छी महारानी प्रवेश गर्छन् । देवशमशेरलाई खड्गशमशेर सम्झेर उनीहरू तर्सिन्छन्, रानीले

समातेको पिस्तोल त्यही समयमा पड्कन्छ र धुवाँले कोठा ढाकेको बेला मौका छोपेर हसना र देवशमशेर भ्र्यालबाट निस्केर भाग्छन् । वीरशमशेर र उनकी कान्छी महारानी पनि खड्गशमशेर आफ्नो हत्या गर्न आएको ठानेर त्यहाँबाट भाग्छन् । यो घटनापछि वीरशमशेर खड्गशमशेरसँग अझ धेरै त्रसित हुन्छन् । पिस्तोल पड्केको खबर सुनेर खड्गशमशेर दलबलसहित महाराजको सुरक्षा गर्न दरबारमा आउँछन् । भित्र-भित्र त्रसित भएर पनि वीरशमशेरको सम्मुखमा खुसी भएको बहाना बनाई उनलाई चौसल्ला प्रदान गर्दछन् ।

देवशमशेरका देशमा प्रशासनिक सुधारका प्रयासहरू, संसदीय व्यवस्थाको सूत्रपात गर्ने, औद्योगिक क्रान्ति गर्ने, शिक्षाको विकास गर्ने, दास प्रथा उन्मूलन गर्ने जस्ता क्रान्तिकारी कार्यको समर्थन गर्ने उनका आफन्त कोही हुँदैनन् । उनको यस प्रयासमा वीरशमशेर लगायत आफ्ना एकै भाइहरू (खड्ग, चन्द्र, भीम) र स्वयं उनकी महारानीले समेत उनको यस अभियानमा साथ दिँदैनन् । व्यक्ति आफ्ना, आफन्तको तथा जनता र परिस्थितिले उनलाई सधैँ धोका दिइरहन्छ । परिस्थिति र व्यक्तिले साथ नदिए पनि उनलाई आफ्नो मनोबलले सधैँ साथ दिइरहन्छ, कहिल्यै नभएर आशा गरिरहन्छन् । देवशमशेरको यस महान कार्यमा तत्कालीन बुद्धिजीवी, पढेका विद्वान् साहित्यकार मोतीराम भट्टले साथ दिन्छन् । देवशमशेरलाई साथ दिएको र त्यस्तै सुधार मन पराउने भएकोले, विद्वान् साहित्यकार भए पनि मोतीरामलाई शमशेर दाजुभाइहरू वीरशमशेर, खड्गशमशेर, चन्दशमशेर, भीमशमशेर  कसैले मन पराउँदैनन् । देवशमशेरकी महारानीले समेत अपमान गर्दछिन् । यस्तै विषम परिस्थितिमा पनि उनीहरूले विकासका योजनाहरू बनाउँछन् ।

ब्रिटिस-भारत सरकारले निर्वासितमा परेका जङ्ग भाइहरू रणवीरजङ्ग र ध्वजनरसिंहलाई जलपानमा निम्त्याएर उनीहरूको मातृभूमि त्याग्नु परेको पीडामा सहानुभुति दिँदै अन्यायको प्रतिकार गर्न सल्लाह दिएपछि जङ्ग भाइहरूले पनि नेपालमा शासन गरेका वीरशमशेर प्रधानमन्त्री तत्कालीन नेपाल सरकारलाई चेतावनी पत्र पठाए माग पूरा नभएमा सङ्घर्ष नछोड्ने धम्की दिएर । यस्तो अल्टिमेटमबाट तर्सिएका मुख्तियार खड्गले आफ्नो सेना बढाएर बस्ने कुरा गर्छन् । तत्कालीन समस्याको समाधान खोज्ने निहुँमा भाइलाई भेट्न गएका वीरशमशेरको मनमा खड्गशमशेर प्रतिको शङ्का रूपी ढिस्को निकै ठूलो पहाड जस्तो भइसकेको थियो । त्यसमाथि बागदरबारकी दरबारीया राजकाजमा ज्यादै अधिसरा र बतौरी कान्छीमैयाँ पनि खड्गकी प्रशंसक थिइन् । यसरी सबै

मुख्तियारतिर ढल्केको र उनको लागि गरेको प्रार्थनाबाट सशङ्कित महाराजले मुख्तियारको विरूद्ध भित्र-भित्र पूर्ण रूपले सजग र प्रयत्नशील भएर अनेक कूटनीतिक चाल चले । त्यही षड्यन्त्रलाई कार्यान्वयन गर्नका लागि खड्गको नाडी छाम्न आएका महाराज आफ्नै आँखाले वास्तविक परिस्थितिको अध्ययन गरे । यही भलाकुसारीबाट महाराजले जङ्गभाइहरूका अल्टिमेटमेड समस्याको कुरो उठाए जस्तो गरेर कर्मचारीलाई आफ्नोमा ल्याएर उनको अनुपस्थितिमा उनको विरूद्धावली गाउने सुब्बा समरबहादुर राजभण्डरीसित अकारण रिसाउन लागे । त्यस सुब्बालाई कोर्रा बसाउन आदेश दिए । भाइलाई तर्साउनका निमित्त यो ताण्डव नृत्य   देखाए । यसै मौकामा महाराजले नाटकीय अभिनय गरेर आफ्नो औंठी छाप पनि फिर्ता लिएर आफ्नो शक्ति आफ्नै हातमा सुरक्षित ठानेर बागदरबारबाट निस्कन्छन् ।

खड्गशमशेरसँग तर्सेका महाराजलाई अझ शङ्का थपेर खड्गशमशेरबाट षड्यन्त्र गरिएको भन्दै भारदारहरूले वनभोजमा पनि जानबाट रोक्छन् । यसरी महाराजमा दिन प्रतिदिन भ्रम सिर्जना गरी शङ्कालाई चुलीमा पुऱ्याउने काम भइरहेको हुन्छ । शङ्कै शङ्काले त्रसित महाराजले खड्गशमशेरसँग डाँडै कटाउने षड्यन्त्र गर्दछन् र उनलाई भेट दिँदैनन् । दुई भाइका बीचको दुरी बढ्दै जान्छ । खड्गशमशेर दाईको मनमा परेको भ्रमलाई हटाएर माफ माग्ने प्रतीक्षा गर्दछन् र तर वीरशमशेरले उनलाई धेरै दिनसम्म भेट दिँदैनन् । उता जङ्ग भाइहरू र नरसिंह भाइहरू मिलेर अङ्ग्रेज सरकारको भित्री सहयोगमा तराईका केही भागमा विद्रोह मच्चाउँछन् र वीरशमशेर भारत भ्रमणमा गएको बेला पनि उनीमाथि आक्रमण गर्छन् तर सफल हुन भने सक्दैनन् ।

वीरशमशेरले खड्गशमशेरलाई ‘कमाण्डर इन चिफ’ मुख्तियार पदबाट हटाएर टाढा पठाईदिन्छन् । देवशमशेर लगायत अन्यशमशेर भाइहरूको रोल क्रममा एक दर्जाको वृद्धि हुन्छ । वीरशमशेर भारत भ्रमणमा गएको मौकामा वीरशमशेर र अङ्ग्रेज बीच गोर्खा भर्ती केन्द्र खोल्ने भारतीय बैंकमा राणाहरूले पैसा जम्मा गर्न पाउने सम्बन्धी सम्झौता सम्पन्न हुन्छ । राणाशमशेरको मृत्यु भइसकेकोले देवशमशेर ‘कमाण्डर इन चिफ’ र मुख्तियार हुन्छन् । आफू मुख्तियार भएको मौकामा उनले खड्गशमशेरलाई पाल्पा जिल्लाका बहाहाकिम नियुक्त गर्छन् । त्यसको केही समय पश्चात तराईमा शिकार खेल्न गएको मौका पारी खड्गशमशेरलाई सुनाउनको लागि वीरशमशेरले सङ्गीत सम्मलेनको आयोजना

गर्छन् । त्यहाँ आफूले खड्गशमशेरलाई निष्कासित गरेको पश्चातापको भाव झल्कने खालको गीतको रचना गरी सुनाइएको हुन्छ । देवशमशेरले देश विकासको योजना तर्जुमा गरी वीरशमशेर समक्ष पेस गर्दा सधैँ कुनै न कुनै बहाना बनाएर उनले त्यसलाई अस्वीकार गरिरहन्छन् ।

मोतीराम भट्टको निधनको पाँच वर्षपछि वीरशमशेरको पनि मृत्यु हुन्छ । त्यसपछि भीमशमशेर, जुद्धशमशेर र चन्द्रशमशेरले देवशमशेरलाई श्री ३ तथा प्रधानमन्त्री हुन नदिने षड्यन्त्र गर्छन् तर हजुरिया जर्नेल फत्तेशमशेर र गेहेन्द्रशमशेर नमानेपछि श्री ३ उनीहरूको योजना असफल हुन्छ । फलस्वरूप देवशमशेर प्रधानमन्त्री तथा कास्की र लमजुङका श्री ३ महाराज हुन्छन् । त्यसपछि पनि उनको लक्ष्यमा थुप्रै अवरोधहरू आईलाग्छन् । चन्दशमशेर, भीमशमशेर,  र जुद्धशमशेर लगायतका देवशमशेरलाई पद च्यूत गर्ने षड्यन्त्र बुनिरहन्छन् । सुरुमा फत्ते र गेहेन्द्रशमशेर नमाने पनि अन्त्यमा उनीहरू पनि त्यस षड्यन्त्रमा संलग्न हुन्छन् ।

राष्ट्रको ढुकुटी नचलाउने, प्रतिनिधि सभाको स्थापना गर्ने, गोरखापत्रको प्रकाशन गर्ने, विद्यालयहरूको स्थापना गर्ने, पुल पुलेसा तथा खानेपानीको उचित प्रबन्ध गर्ने जस्ता कार्यहरूप्रति समर्पित रहेका देशशमशेरलाई आफ्ना भाइहरूले आफू विरूद्ध रचेको षड्यन्त्रको कुनै आभास हुँदैन । उनी आफ्ना भाइहरूका चिप्ला कुरामा परेर नराम्रोसँग फस्न पुग्छन् । उनका भाइहरूले उनलाई सिन्दुर जात्रामा धेरै खर्च गरेर राष्ट्रको ढुकुटी रित्याएको, गाईजात्रे तरिकाले देशको सभा चलाएको जस्ता आरोप लगाएर उनको विरूद्धमा प्रचार गरेका हुन्छन् । उनलाई बझाङी राजा जयपृथ्वीबहादुर सिंहले साङ्केतिर रूपले सम्झाउँदा र एउटा बेनामी पत्रबाट समेत देवशमशेरले आफ्ना भाइहरूले आफूमाथि गरेको षड्यन्त्र पत्तै पाउँदैनन् । देवशमशेरलाई जालमा पारेर पदच्यूत गर्ने षड्यन्त्रमा दरबार स्कूलमा भएको पुरस्कार वितरण समारोहपछि गेहेन्द्रशमशेर र तेजशमशेर दुई भाइ बीचको अंश सम्बन्धी झगडा मिलाउने निहुँमा चन्द्रशमशेर लगायतका षड्यन्त्रकारीहरूले उनलाई सेतो दरबार (गेहेन्द्रशमशेरको दरबार) मा लैजान्छन् र राजीनामा दिन लगाउँछन् । देवशमशेरलाई पद च्यूत गरेर चन्द्रशमशेर प्रधानमन्त्री तथा श्री ३ महाराज हुन्छ र देवशमशेरलाई डाँडा कटाउने कूचक्रले सफलता पाएपछि **सत्प्रयास** उपन्यासको अन्त्य हुन्छ । एउटा देशभक्त नेपालीको सत्प्रयासको पनि उपन्यास दुःखान्तमा अन्त्य हुन्छ (राणा,

सातौँ संस्करण, २०६८) ।

### ३.१.२ कथानकको रूपरेखा

**सत्प्रयास** (२०३८) उपन्यासको मूल कथावस्तु/कथानक नेपालको इतिहासमा वि.सं. १९४२ देखि १९५८ सम्मको राणा शासनकालमा तत्कालीन राजनीतिक व्यवस्थामा सुधार गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न चाहने प्रजातन्त्रप्रेमी, सुधारवादी देवशमशेरको सत्प्रयास र त्यो प्रयास सफल हुन नदिन गरेको विखण्डनको ऐतिहासिक घटनामा आधारित छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म सम्पूर्ण कथा देवशमशेरकै केन्द्रीयतामा घुमेको छ । यहाँ ऐतिहासिक घटनालाई लेखकीय कल्पना र दर्शनले सशक्तता प्रदान गरी कथानकलाई रोचक र कलात्मक बनाएको छ ।

नेपालको इतिहासमा सम्पूर्ण राणा शासन काल र यस कालको राजनीतिक र सामाजिक अवस्थाको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ । वीरशमशेर र देवशमशेरको पालामा घटेका घटना र तत्कालीन राजनीतिक व्यवस्थामा सुधारको निम्ति देवशमशेरले गरेको सत्प्रयास र देवशमशेरको सत्प्रयासलाई असफल गराउन उनका दाजुभाइ र भतिजाहरूले गरेका अन्तर्घाती, दुराचारी र षड्यन्त्र नै यस उपन्यासको मुख्य कथानक हो । यस उपन्यासमा आएको यही मूल कथानकसँग सम्बद्ध देवशमशेरकी चाकर्नी गौरी र उनका बाबु आमासँग सम्बद्ध प्रसङ्ग, रणोद्धिप सिंहको प्रसङ्ग, वीरशमशेर तराईमा शिकार खेल्न जाँदाको 'बगरी जलसा' को प्रसङ्ग, वीरशमशेर चन्द्रशमशेरको भारत भ्रमणको प्रसङ्ग आदि उपन्यासका सहायक कथानक हुन् (रेग्मी, अप्र. २०५४ : १००) ।

देवशमशेरकै मूल कथानकसँग सम्बद्ध सहायक कथानक नै सहायक कथानक हुन् । यी सहायक कथानकले मुख्य कथानकलाई गति प्रदान गरेका छन् ।

उपन्यासकारले **सत्प्रयास** उपन्यासको कथानकको बुनोट सुदृढ भएकाले यसको कथानकलाई विन्यस्त कथानकअन्तर्गत राख्न सकिन्छ (रेग्मी, २०५४ : १००) ।

उनले इतिहासका घटनाहरूलाई कथावाचकको रूपमा तटस्थ प्रस्तुत गरेका छन् । कथात्मक प्रस्तुतिका दृष्टिले यस उपन्यासको कथानक रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । **सत्प्रयास** उपन्यासको तत्कालीन राजनीतिक र सामाजिक विषय यसको प्रतिपाद्य

विषय हो ।

यस उपन्यासमा राणाकालको वि.सं. १९४२ साल पछिका समयका दरबारिया षड्यन्त्र द्वेष, ईर्ष्या, शङ्का र सत्ताको निम्ति भाइ-भाइ बीचको अन्दुराचारी, अन्तर्घाती षड्यन्त्र र तत्कालीन सोझा नेपाली जनताको पछौटेपनयुक्त, कारूणिक अवस्थाको यथार्थ र जीवन्त चित्रण छ । यस उपन्यासको कथानकको मूल स्रोत ऐतिहासिक विषय प्रस्तुति यथार्थ भएकोले यसलाई ऐतिहासिक यथार्थवादी उपन्यासअन्तर्गत राखिन्छ ।

**सत्प्रयास** उपन्यासमा सुरुवात नै देवशमशेरले तत्कालीन व्यवस्थाको सुधार गरी संसदीय व्यवस्थाको स्थापना गर्ने चाहना राखेका छन् । यही उनको सत्प्रयासबाट उपन्यास थालिएको छ । चन्द्रशमशेरले तत्कालीन व्यवस्थामा आफ्नो पकड जमाउने, वीरशमशेरको हातबाट सत्ता आफ्नो एकै काखका दाजुभाइ (खड्गशमशेर, देवशमशेर, चन्द्रशमशेर र भीमशमशेर) को हातमा पार्ने तथा देवशमशेरको सत्प्रयासलाई विफल पार्न व्यक्त गरेका विचार तथा प्रयत्नबाट नै घटनाको प्रारम्भ भएको छ (राणा, २०६८ : ४-५) ।

महाराज वीरशमशेरको सत्ता गुम्ने आशङ्का मुख्तियार खड्गशमशेरको प्रशासकीय कार्य कुशलतामा, बढ्दै गएको व्यापक जनसमर्थन, देवशमशेरको नयाँ-नयाँ सुधारका विस्तृत योजना तथा शिक्षा विकासको आवश्यकताको अनुभव तथा व्यक्त विचारहरू जस्ता घटनाहरू कथानकका प्रारम्भिक अवस्था हुन् (राणा, २०६८ : १४) ।

वीरशमशेरले आफ्नी कान्छी रानी र डम्बरशमशेरसँग मिली मुख्तियार खड्गशमशेरलाई मार्ने गोत्र हत्याको षड्यन्त्र तथा योजना बनाउनु देवशमशेरको राजनीतिक सुधारको प्रथम नीति अनुरूप दासत्व उन्मूलनका लागि महाराज वीरशमशेरबाट दासदासीलाई सम्झाउने स्वीकृति प्राप्त गर्नु देवशमशेर आफैँ गई दासदासीहरूलाई दास प्रथा विरूद्ध सम्झाउनु र उनीहरूको पारपाचुके लिएको नामावली तयार गर्ने कार्यमा लागि दरबारिया दासी जीवनबाट विदा दिनु, उनीहरूलाई मुक्त गरिएको घोषणा गर्नु तर ती अन्धविश्वासी र चेतनाहीन प्राणीहरू जान नमान्नु तथा गौरी नामकी दासीले आफ्नो प्रेमी तथा रोजीरोटी दुवै गुम्ने पीडाले आत्महत्या गरेका घटनाहरूले देवशमशेरको सत्प्रयासको प्रयत्नमा सहयोगको अनुभव भएको कथानकलाई सङ्घर्षको अवस्थामा पुऱ्याएको छ । महाराज वीरशमशेरले एक जङ्गलमा दुई सिंह बस्न नसक्ने अठोट गरी कान्छी रानीलाई

पिस्तोल चलाउन सिकाउनु, भाइहरूसँग ढुकुटी रित्तिएको बहाना गर्नु, भाइहरूको दर्शन भेट आगमनबाट पनि तर्सेर आफ्नो पतन भएको भ्रम सिर्जना गर्नु, देवशमशेरले साहित्य रत्न मोतीराम भट्टसँग मिली उनको सुधारको दोस्रो नीति अनुरूप शिक्षा विकासका लागि भाषा संशोधन तथा शिक्षा प्रचारको योजना बनाउनु, मुख्तियार खड्गशमशेरले महाराज वीरशमशेरको आज्ञा अनुरूप रैती दुनियाँलाई कर बढाउने योजना बनाउनु यसमा देवशमशेर बाहेक सबै सहमत घटनाहरू कथानकको प्रयत्न प्रतिनिधित्व हो ।

महाराजा वीरशमशेरले मुख्तियार खड्गशमशेरलाई आफ्नो बसमा पार्नका निम्ति उनीबाट औंठी छाप खोस्नु, खड्गशमशेरलाई धेरै दिनसम्म आफ्नो दर्शन नदिनु, दर्शन दिने बहानाले हत्या गर्ने योजना बनाई उनलाई मुख्तियार पदबाट पदच्यूत गर्नु र बन्दी बनाउनु, रणशमशेर मुख्तियार हुनु, उनको छोटो समयको मुख्तियारीको विश्रामपछि देवशमशेर मुख्तियार हुनु आफ्नो मुख्तियारी कालमा देवशमशेरले मोतीराम लगायत उनको कवि मण्डलीसँग सम्बन्ध राख्नु, कवि मण्डली तयार पारिएको शिक्षा विकासको बिन्ती पत्रबाट देवशमशेरलाई राजनीतिक सुधार र देश विकासको आशा प्राप्त हुनु आदि घटनाहरूले कथानकलाई उत्कर्ष अवस्थामा पुऱ्याएका छन् ।

प्रधानमन्त्री वीरशमशेरले नेपालको सम्पत्ति हिन्दुस्थानमा लगेर राख्ने र अङ्ग्रेजसँग मिली आफ्नो शासन प्रणालीलाई दिगो राख्नुका निम्ति विदेशी राजदूतसँग गरेको कुटनीतिक सम्बन्ध, देवशमशेरले थालनी गरेको विकास तथा सहयोगी कवि मण्डलीहरूलाई वीरशमशेरद्वारा बन्देज बनाइनु, कोही देशै छाडेर बनारस गई बस्न बाध्य हुनु, मोतीराम भट्टको निधन हुनु, देवशमशेरको सत्प्रयासमा सबैको असहयोग र असफलता मात्र प्राप्त हुनु जस्ता घटनाहरूले नै कथानक अपकर्ष अवस्थातिर मोडिदिएका छन् ।

महाराज वीरशमशेरको निधन, देवशमशेरलाई श्री ३ हुन नदिन निम्ति उनका भाइहरूले वीरशमशेरको शव उठाउनुभन्दा पहिले नै षड्यन्त्र रच्नु, देवशमशेरको रोलक्रम मिची उनी पछिका ठाहिँला भाइ चन्द्रशमशेरले सत्ता हत्याई हाल्ने दाउ खेलेको दुराकाष्ठाबाट षड्यन्त्रको बीजारोपण भएको प्रतीत हुन्छ तर तत्काल उनको त्यो दुष्कर्ष असफल भएको घटना, षड्यन्त्रै, षड्यन्त्रका बीच देवशमशेर प्रधानमन्त्री हुनु र उनले श्री ३ भएको समयमा गरेका शिक्षा विकास र सुधारका कार्यले कथानकलाई केही रोचक र सुखान्ततिर मोड्न खोजेको जस्तो भान पर्न गएको छ । तर अन्तर्घाती र दुराचारी

षड्यन्त्रका बीच उनको सत्प्रयासको जरा काटिँदै गएको देवशमशेर श्री ३ अर्थात् प्रधानमन्त्रीको ओहोदामा नियुक्त हुँदा गरेको सिन्दुर जात्रामा धेरै खर्च गरी भडक गरेको भन्ने आरोप लगाई उनका समर्थक गेहेन्द्रशमशेर र फत्तेशमशेरलाई पनि षड्यन्त्रमा मिलाई उनका अन्तर्घाती भाइहरू चन्द्रशमशेर, भीमशमशेर र जुद्धशमशेरले अनेक जालझेलद्वारा दरबार स्कूलको पुरस्कार वितरण समारोह सकिएपछि देवशमशेरको उनीहरूलाई विश्वास गर्ने बानीको फाइदा उठाएर उनलाई एक्लो पारी श्री ३ बाट त्याग पत्र लेख्न बाध्य बनाई पदच्यूत गराइनु तथा प्रतिगामी, कूचक्र विदेशी हस्तक्षेप र अशिक्षित समाजको त्रिवेणी सङ्गममा श्री ३ देवशमशेरको सत्प्रयास चुर्लुम्म डुब्नु जस्ता घटनाहरूले कथानकको अन्तय अवस्था दुःखान्तीय रूप लिएको छ ।

यस उपन्यासका नायक देवशमशेरको विश्वास गर्ने चारित्रिक कमजोरी तथा उनको तत्कालीन सुधारवादी भावना तत्कालीन राजनीतिक व्यवस्थामा मेल नखानु र यस उपन्यासका अन्य पात्रहरूको दुष्प्रवृत्ति नै उपन्यासको दुःखान्तका कारण बनेका छन् । **सत्प्रयास** उपन्यासमा ऐतिहासिक तथ्यहरूलाई लेखकीय दर्शन बौद्धिकताले थिचेको छ । यसमा कल्पना र इतिहासको समानुपातिक समायोजन गरिएको छैन । इतिहास पक्ष बढी छ भने कल्पना पक्ष कम छ । यस उपन्यासमा आदर्श र यथार्थको, सात्विकता र षड्यन्त्रको, सिद्धान्त र व्यवहारको तथा विचार र परिणतिको द्वन्द्व देखाइएको छ ।

**सत्प्रयास** उपन्यासको कथा शृङ्खलित छ । यो उपन्यास राणाकालीन शासन व्यवस्थाभित्रका शासक वर्ग तथा श्री ३ हरूको राजनीतिक जीवनमा आधारित छ । वि.सं. १९४२ सालपछि वीरशमशेर र देवशमशेरका पालामा घटेका घटनाहरूलाई यसमा क्रमिक रूपमा प्रस्तुत गरिएको छ त्यसैले यसको कथानक रैखिक ढाँचाको कथानक हो ।

ऐतिहासिक राजनीतिक मैदानमा छरिएर रहेका घटनाहरूलाई लेखकले एकीकृत गरी त्यसलाई एकपछि अर्को ऐतिहासिक घटनाको तारतम्य जोड्न लेखक सफल भएका देखिन्छन् (पोखरेल, २०६० : २९९) ।

**सत्प्रयास** उपन्यासमा सरल कथानकको प्रयोग पाइन्छ । यसमा राणाकालीन दरबारिया राजनीतिक व्यवस्था, तत्कालीन सामाजिक र सांस्कृतिक वातावरण तथा नेपाली जनताको अत्यन्तै दयनीय र कारूणिक अवस्थाको यथार्थ र जीवन्त चित्रण गरिएको छ ।

यसमा कहीँ कहीँ लेखकीय राजनीतिक दर्शनले ऐतिहासिक तथ्यलाई अस्वभाविक प्रस्तुति गरिएको पनि पाइन्छ । लेखकले कथानकलाई अघि बढाउन दर्शन र बौद्धिकताको प्रयोग गरेको छ तर यसमा उनले तत्कालीन घटनाको पुष्टि गर्न अघिल्लो पुस्तामा घटित घटनाको सम्झना गरेका छन् । घटनालाई खासै कुनै प्रतीक उपमा तथा जटिल शब्दावलीले कुण्ठित गराइएको छैन त्यसकारण यसको कथानकलाई सरल मानिन्छ ।

**सत्प्रयास** उपन्यासमा कथानक क्षीण छ । कथानक ऐतिहासिक भएकाले यसको मूल कथानक इतिहासको लिगबाट बाहिर लैजान सकिन्न । यसकै कारण कथानक क्षीण बनेको छ त्यसैले कतिपय अवस्थामा लेखकले सङ्केत पद्धति अपनाएर कथालाई गति दिएका छन् ।

**सत्प्रयास** उपन्यासमा कौतुहलको प्रयोग कम भएको पाइन्छ । उपन्यासको सुरुदेखि नै उदारवादी प्रवृत्ति र परम्परागत अनुदारवादी प्रवृत्ति बीचको वैचारिक मत भिन्नताबाट प्रारम्भ भएको उपन्यास कुनै नाटकीय परिवर्तन नभई अन्त्यमा सत् पक्षको हार र असत् पक्षको विजयमा गएर टुङ्गिएको छ (पोखरेल, २०६० : २९९-३००) ।

### ३.१.३ कथानकमा ऐतिहासिक तथ्यमाथि विचलन

**सत्प्रयास** (२०३८) उपन्यासकार डायमनशमशेर राणाद्वारा लिखित ऐतिहासिक उपन्यासहरूमध्ये चौथो ऐतिहासिक उपन्यास हो । यसमा नेपालको इतिहासमा वि.स.१९४२ सालपछिको दरबारिया घटनाक्रम, ऐतिहासिक चरित्र, दरबारिया षडयन्त्र, तथा राजनीतिक, दाउपेँचको प्रशस्त मात्रामा यथार्थ चित्रण गरिएको छ । यति हुँदाहुँदै पनि यस उपन्यासमा ऐतिहासिक तथ्यहरूमाथि विचलन देखापरेको छ । यसमा मूल कथानक इतिहासको भए पनि उपन्यासमा आँउदा केही ऐतिहासिक तथ्यहरूमा विचलन गरिएको छ ।

उपन्यासमा जङ्गीलाठको पद चन्द्रशमशेरलाई दिइएको (पृ. १६७) भनिएको छ । इतिहासमा उनी पूर्व नै जङ्गीलाठका पदवी रणशमशेरले पाइसकेका थिए । (शर्मा, २०३३ : ३५०) यहाँ इतिहासबाट उपन्यासमा आउँदा ऐतिहासिक तथ्यमा विचलन भएको छ ।

उपन्यासमा वीरशमशेर आफ्नो सौतेनी भाइ खड्गशमशेरले सत्ता हत्याउने आशंका गरी सधैँ त्रसित रहेपनि दाजू वीरशमशेर विरुद्ध खड्गशमशेरले कुनै षडयन्त्र

नगरेको (पृ. १९-२१) देखाइएको छ । इतिहासमा वि.स. १९४४ सालमा खड्गशमशेरले वीरशमशेरलाई हटाएर आफू प्रधानमन्त्री हुन षडयन्त्र रचेका थिए र यस षडयन्त्रमा उनका मामा केशरसिंह तथा बागकी कान्छी मैयाँको समेत संलग्नता थियो (शर्मा, २०३३ : ३५०) भन्ने रहेको छ । यस वाक्यमा पनि इतिहासबाट उपन्यासमा आउँदा उपन्यासको काल्पनिक प्रयोग भएको छ ।

उपन्यासमा महाराज वीरशमशेरले आफू र मुख्तियार खड्गशमशेरलाई एक जङ्गलमा दुई सिंह ठानेर कर्नेल फौदसिंहलाई पनि खड्गशमशेरसँग होसियार हुनुपर्ने भनेका (पृ. २२) तर इतिहासमा कर्नेल फौदसिँहले नै महाराज वीरशमशेरलाई सचेत हुन सम्झाएका (राणा, २०५९ : १६) थिए ।

उपन्यासमा वीरशमशेरले खड्गशमशेरको हजुरियामा घुसाउन कर्नेल फौदसिँहको छोरा जितबहादुर भन्ने नाम (पृ .२३) सोचेको देखाइएको छ । इतिहासमा त्यो उल्लेख कतै पाइँदैन । इतिहासमा वीरशमशेरले फौदसिंहको छोरा कृतिमानसिंहलाई मेजर पद दिई हजुरियामा राखेको कुरा (राणा, २०५९ : २६१) उल्लेख पाइन्छ ।

उपन्यासमा महाराज वीरशमशेरबाट आदेश पाएका सुकुमलता देवशमशेरलाई सुरा सुन्दरीमा भुलाउन चाहेको (पृ. २८) कुरा उल्लेख गरिएको छ यो ऐतिहासिक छ किनभने इतिहासमा पनि देवशमशेर सुसारे र दासीहरूप्रति लिप्त थिए भन्ने पाइन्छ । इतिहासमा देवशमशेरको लालदरबारकी जलाफनानीसँग उनको अनैतिक सम्बन्ध रहेको (राणा, २०५९ : १३) थियो । उपन्यासमा देवशमशेर र हसना बीचको प्रेम सम्बन्धको चर्चा छ (पृ. ४४) । यसमा पनि दासीको नाममा विचलन छ ।

उपन्यासमा मुख्तियार खड्गशमशेर वीरशमशेरले रचेको षडयन्त्र प्रति अनभिज्ञ रहेका (पृ.१३३) छन् भन्ने कुरामा विचलन छ । इतिहासमा खड्गशमशेरले घरमा आयोजना गरेको खड्गशमशेरले भाइहरूको व्रतबन्धमै महाराज वीरशमशेरलाई मार्ने योजना बनाएको पाइन्छ (राणा, भाग १, पृ. २८१) । यसमा पनि इतिहासमा लेखकीय कल्पनाले प्रयास पाएको छ ।

उपन्यासमा देवशमशेरले गेहेन्द्रशमशेरसँग दासत्व मोचनका लागि सहयोग लिने उद्देश्यले गेहेन्द्रशमशेरको घरमा रहेकी हसनालाई आफ्नो घरमा पठाइदिन भनेको(पृ. २१४)

कुरामा पनि विचलन रहेको छ । इतिहासमा देवशमशेरले हसना दासीको माग दासत्व मोचनको सहयोगका लागि नभएर आफ्नो मनोरञ्जनका लागि सुन्दरीको माग गरेका थिए । त्यो दासी इतिहासमा हसना नभएर जलाफ नानी थिइ, जलाफ नानी नै उनको पतनको मूख्य कारण रहेको इतिहासबाट थाहा हुन आएको छ । (राणा, २०५९ : २,१३)

उपन्यासमा राजा श्री ५ पृथ्वी श्री ३ देवशमशेरको सुधारवादी नीतिमा सहमत थिए तर उनी कंश मामाहरूको अगाडि केही गर्न सक्तैनथे त्यसैले देवशमशेरको खोसुवा राजाबाट समर्थन भएको (पृ. २३४) भन्ने कुरामा ऐतिहासिक विचलन छ । इतिहासमा देवशमशेर रसिक भएकाले, राजा श्री ५ पृथ्वी उनीसँग सहमत थिएनन् । (राणा, १८)

यसरी यस उपन्यास डायमनशमशेर राणाको पूर्ण रूपमा ऐतिहासिक उपन्यास भए तापनि यसमा इतिहासका घटनाहरूमा आंशिक विचलन देखापरेको इतिहासको अध्ययनबाट थाहा हुन आएको छ । इतिहासका तथ्यहरूलाई औपन्यासिक रूप दिँदा उपन्यासमा आंशिक विचलन देखा पर्दछ । यस उपन्यासमा विचलन नै भए पनि यसको मूल कथासँग जोडिएको घटना इतिहासको लिगबाट बाहिर गएको छैन । यसकारण **सत्प्रयास** उपन्यास शुद्ध ऐतिहासिक उपन्यास हो ।

### ३.२ चरित्र/पात्र

उपन्यासमा प्रयोग गरिएका मानवीय वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । पात्रको भूमिका कस्तो हुन्छ भन्नेतर्फ चरित्र चित्रण केन्द्रित हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने मह[illegible]वपूर्ण जिम्मेवारी चरित्रको हुन्छ ।

**सत्प्रयास** उपन्यास ऐतिहासिक उपन्यास भएकोले यसका अधिकाशं पात्रहरू इतिहास सापेक्ष नै छन् । केही गौण पात्रहरू उपन्यासकारको कल्पनाद्वारा सिर्जिएका छन् । उपन्यासमा आएका वीरशमशेर, खड्गशमशेर, देवशमशेर, रणशमशेर, चन्द्रशमशेर, भीमशमशेर, फत्यशमशेर, ललितशमशेर, जितशमशेर, पूर्णशमशेर, यदुशमशेर, दुर्गाशमशेर, जुद्धशमशेर, खम्बशमशेर, हर्षशमशेर, मोतीराम भट्ट, लक्ष्मीदेव पन्त, राजीव लोचन जोशी, श्री ५ पृथ्वी, श्री ३ कान्छी बडामहारानी, गेहेन्द्रशमशेर, आदि पात्रहरू इतिहासका वास्तविक पानामा अंकित छन् । हसना लगाएतका दासीहरू, ललितमान सिंह बस्नेत, पं. हरिहर आचार्य, पंण्डित दिव्यदेव, पण्डित बामदेव बलमानसिंह, फत्यबहादुर राणा आदि पात्रहरू

उपन्यासकारका  कल्पनाका उपज हुने । (शर्मा, २०३३ : ३४५-३५७) ।

यस उपन्यासका नायक देवशमशेर हुन् । उनी उपन्यासको सुरुदेखि अन्त्यसम्म आएका छन् । उनकै सेरोफेरोमा सम्पूर्ण कथानक घुमेको छ । यस उपन्यासमा प्रस्तुत गरिएका अधिकाशं पात्रहरूले इतिहासकै गुण लिएर आएका छन् । केही पात्रहरू जस्तै नायक देवशमशेर,मुख्तियार खड्गशमशेरमा आफ्नो राजनैतिक दर्शन र बौद्धिकताले इतिहासमा भन्दा बढी आदर्श बनाएका छन् ।

**सत्प्रयास** उपन्यासमा आएका पात्रहरू उपन्यासमा उनिहरूले निर्वाह गरेको भूमिका अनुसार प्रमुख, सहायक, र गौण गरी तीन प्रकारका रहेका छन् । देवशमशेर, चन्द्रशमशेर, वीरशमशेर, खड्गशमशेर, मोतीरामा भट्ट, प्रमुख पात्र हुन् । डम्बरशमशेर, रणशमशेर, भीमशमशेर, फत्यशमशेर, हसना, फौजसिंह, भगवत माथेमा, गेहेन्द्रशमशेर, श्री ३ कान्छी महारानी आदि पात्रहरू सहायक पात्रहरू हुन् ।  पण्डित हरिहर आचार्य, तीर्थराज पाण्डे, नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, रणविक्रम शाह, ध्वजप्रताप शाह, ललितमान सिंह, देवशमशेरकी पत्नी, आदि पात्रहरू गौण पात्र हुन् ।

**सत्प्रयास** उपन्यासमा आएका पात्रहरूलाई लिङ्गगत रूपमा वर्गीकरण गर्दा पुरुष पात्रहरूमा देवशमशेर, चन्द्रशमशेर, वीरशमशेर, खड्गशमशेर, मोतीरामा भट्ट, प्रमुख पात्र हुन् । डम्बरशमशेर, रणशमशेर, भीमशमशेर, फत्यशमशेर, हसना, फौजसिंह, भगवत माथेमा, गेहेन्द्रशमशेर, पण्डित हरिहर आचार्य, तीर्थराज पाण्डे, नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, रणविक्रम शाह, ध्वजप्रताप शाह, ललितमान सिंह, बलमानसिहं श्रेष्ठ, राजीवलोचन जोशी, श्री ५ पृथ्वी आदि पात्रहरू पुरुष पात्रअर्न्तगत पर्दछन् । श्री ३ कान्छी महारानी, हसना, बागकी कान्छी मैया, देवशमशेरकी पत्नी, धनहजुरी, खड्गशमशेरकी पत्नी, दासीहरू आदि पात्रहरू स्त्री पात्र अर्न्तगत पर्दछन् । (रेग्मी, २०५४ : १०४)

**सत्प्रयास** उपन्यासका पात्रहरूलाई स्वभावका आधारमा गतिशील र स्थिर गरी  दुई भागमा विभाजन गर्न सकिन्छ । यो उपन्यास वर्णनात्मक शैलीको उपन्यास भएकोले यस उपन्यासमा प्रस्तुत गरिएका पात्रहरू पनि उनीहरूको स्वभावको आधारमा अधिकाशं पात्रहरू गतिशील प्रकृतिका रहेका छन् । यस उपन्यासमा कतिपय पात्रहरू प्रत्यक्ष रूपमा नआएर उपन्यासकै अन्य पात्रहरूले घटना सम्झँदा वा उपन्यासकारले उपन्यासको वर्णन गर्ने

कममा आएका छन् । यस उपन्यासमा धीरशमशेर, रणोद्दीप  सिहं, जङगबहदुर राणा, बमबहादुर, कृष्णबहादुर, बद्रीनरसिंह, जगतशमशेर, बहादुर शाह, दामेदर पाण्डे, रणबहादुर शाह, भीमसेन थापा, माथवरसिंह थापा, अभिमान सिंह बस्नेत आदि पात्रहरू परोक्ष पात्रको रूपमा आएका छन् ।  उपन्यासमा आएका केही प्रमुख पात्रहरूको चरित्र चित्रण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**पात्र परिचय**

**सत्प्रयास** उपन्यासमा रहेका केही मुख्य र सहायक पात्रहरूको परिचय यसप्रकार रहेको छ :

**देवशमशेर**

देवशमशेर यस उपन्यासका नायक हुन् । उनी आफ्नो विचार र आदर्शमा उपन्यासभरी नै सकिय रहे पनि उनमा उपन्यासको सुरुदेखि अन्त्य सम्म एकै किसिमको चारित्रिक गुण देखिएको छ । त्यसैले उनी स्थिर पात्र हुन् । उनमा  नायकका चार प्रकार मध्ये धीर प्रशान्त नायकको गुण विद्यमान छ । उनी  उदार, हृदयका देशप्रेमी, जनप्रेमी, न्यायप्रेमी, सबैमाथि पूर्णरूपमा विश्वास गर्ने, षडयन्त्र र रक्तपातमा विश्वास नगर्ने एउटा प्रजातान्त्रिक मुलुकका राजनेतामा हुनुपर्ने सर्वगुण सम्पन्न नायक रहेका छन् । (रेग्मी, २०५४ : १०४) देवशमशेर पुरुष पात्र हुन् । देवशमशेर यस उपन्यासका प्रमुख पात्र र इतिहासका वास्तविक पानामा अंकित ऐतिहासिक  पात्र हुन् ।

इतिहासले देवशमशेरलाई विलासी चरित्रको रूपमा प्रस्तुत गरेको छ । हो देवशमशेर सुधारप्रेमी थिए तर उनी विलासी पनि थिए । उनी केही उदार थिए । उनमा केही शिक्षा  र भाषाको विकास गर्ने चाहना थियो, अवश्य, तर जसरी र जुन किसिमले उनलाई घोर प्रजातन्त्रवादी देखाएका छन्, त्यसको मुख्य कारण जहाँनिया राणा शासन हो । जसलाई जोगाइराख्न देवजस्तो प्रजातन्त्रवादी विचारका व्यक्ति अनिष्टकर त□व ठहरिन्छन् र उनीबाट राणाहरूको व्यवस्था र उनीहरूको भविष्य सुरक्षित नहुने आशंकाले सत्ताच्युत गर्नु आवश्यक पर्छ । यसरी सत्ताबाट खँगारेर धपाउनको निम्ति ठूलो कारण देखाउनुपरेकोले चाहिने भन्दा बढी आर्दश पुरुष र विरोधी विचारको तुल्याउनुपऱ्यो  लेखकलाई । (प्रधान, २०६१ : १३३)

देवशमशेर जीवनचेतनाका आधारमा प्रतिनिधि पात्र हो । किनभने उनी आफ्नो विद्धता, व्यक्तिगत विचार र बौद्धिकताको दर्शनबाट समाज एवं देशमा विकास र परिवर्तन गर्न दृढ देखिन्छन् । उनले वर्गीय समस्यालाई उठाए पनि उनीबाट वर्गीय चरित्रको अभिव्यक्ति भएको छैन । देवशमशेर आसन्नताका आधारमा मञ्चीय चरित्र हुन् । उनी उपन्यासभरी  प्रत्यक्ष रूपमा आएर उपन्यासलाई गति दिने काम गरेका छन् । देवशमशेर यस उपन्यासमा सच्चरित्र, सम्पन्न, शिक्षित, नायकको रूपमा आबद्ध रहेका छन् । त्यसैले उनी बद्ध चरित्र हुन् । उनी यस उपन्यासमा उपन्यासकारका मुख पात्रको रूपमा आएका छन् । संसदीय व्यवस्थाप्रतिको उपन्यासकारको आग्रहलाई ठूला दार्शनिक  र  प्रजातान्त्रिक मुलुकका राजनेताले जस्तै देवशमशेरले उपन्यासकारकै दर्शन र भाषा बोलेका छन् । (रेग्मी, २०५४ : १०४) देवशमशेर यस उपन्यासका अनुकूल पात्र हुन् । उनले तत्कालीन शासन व्यवस्था लागि प्रतिकूल देखिए पनि देशको सुधार र जनताको प्रगतिको लागि गरेका प्रयासहरू अनुकूल ठहरिने भएकोले यिनी यस उपन्यासमा अनुकूल पात्र हुन् ।

**चन्द्रशमशेर**

**सत्प्रयास** उपन्यासका प्रमुख खलनायक चन्द्रशमशेर हुन् । उनी यस उपन्यासमा कुर, षडयन्त्रकारी, चाप्लुस सत्ताका लागि मरिमेट्ने सत्तालोलुप  व्यक्तिका रूपमा आएका छन् । नायक देवशमशेरको अन्तर्घाती, दुराचारी ठाइला भाइका रूपमा चित्रित छन् । उनको चरित्र इतिहासमा जुन रूपमा चित्रित थियो उपन्यासमा पनि त्यस्तै रूपमा चित्रित छ । त्यसैले यिनी पनि ऐतिहासिक पात्र नै हुन् । उनी यस उपन्यासमा महाराज वीरशमशेरको विरुद्ध खड्गशमशेरलाई षडयन्त्र रच्न पनि उक्साउने र वीरशमशेरकै चाकरी गर्न पनि पुगेका छन् । उनी नायक देवशमशेरको सुधारवादी योजनामा पनि समर्थन गरेजस्तो नाटकीय अभिनय गर्ने र अर्को तर्फ देवशमशेरकै सत्प्रयासलाई विखण्डन गर्न षडयन्त्र रच्ने द्वैध चरित्रका व्यक्तिका रूपमा देखिएका छन् ।(रेग्मी, २०५४ : १०५)

**सत्प्रयास** उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा चन्द्रशमशेर प्रमुख पुरुष पात्र हुन् । उनी यस उपन्यासमा प्रमुख पात्र भए पनि खलपात्रका रूपमा देखिएका छन् । उनले उपन्यासको सुरु देखि अन्त्य सम्म देवशमशेरको सुधारका कार्यहरू विरुद्ध षडयन्त्र

रचेका छन् । महाराज वीरशमशेरको हातबाट सत्ता आफ्नो हातमा पार्न वीरशमशेरको चाकरी गर्ने र उनी विरुद्ध षडयन्त्र रच्ने आदि कार्यहरूमा उपन्यासभरी नै सक्रिय भएर लागि परेका छन् । चन्द्रशमशेरको यस उपन्यासमा प्रमुख तथा सक्रिय भूमिका रहेपनि उपन्यासको अन्त्य सम्म उनको चरित्रमा कुनै परिवर्तन आएको छैन । त्यसैले उनी स्थिर पात्र हुन् । चन्द्रशमशेर यस उपन्यासभरी षडयन्त्र, चाप्लुसी, सत्तामोही अर्न्तघाती व्यक्तिका रूपमा देखापरेका छन् । उनको यो चरित्र तत्कालीन शासन व्यवस्थाका लागि अनुकूल चरित्र हुन् । देश र जनताको हित नचाहने शासन व्यवस्था भएकोले यिनी यस उपन्यासमा प्रतिकूल चरित्रका रूपमा देखिएका छन् । चन्द्रशमशेर यस उपन्यासमा प्रत्यक्ष रूपमा आएका छन् । त्यसैले उनी आसन्नताका आधारमा मञ्चीय पात्र हुन् । सत्प्रयास उपन्यासमा चन्द्रशमशेर राणाशासनका सम्पन्न  परिवारका पढेलेखेका एक विद्वान् व्यक्ति थिए । उनले तत्कालीन शासन व्यवस्था जोगाईराख्न धेरै प्रयत्न गरेर अन्त्यमा सफल भएका छन् । उनले उपन्यासमा कुनै वर्गीय समस्याको वकालत गरेको देखिँदैन र वर्गीय चरित्रको प्रतिनिधित्व पनि गरेका छैनन्, त्यसैले उनी व्यक्तिगत चरित्र हुन् ।  यस उपन्यासमा उनी खलनायक रूपमा चित्रित भए पनि अन्त्यमा सफल भएका छन् ।

### वीरशमशेर

**सत्प्रयास** उपन्यासमा वीरशमशेर प्रमुख एवं महत्त्वपूर्ण पात्रका रूपमा चित्रित छन् । वीरशमशेरका शासन कालमा घटेका घटनाहरू र उनले खेलेको भूमिकालाई उपन्यासमा मुख्य रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा नेपालको इतिहासका वि.सं. १९४२ साल पछि राजनीतिक शासन प्रणालीमा घटेका घटनाहरूलाई नै मुख्य विषय बनाइएको  छ । त्यस समयमा वीरशमशेर नै प्रधानमन्त्री रहेका थिए । यस उपन्यासमा उनकै समयका घटना र इतिहासका वीरशमशेरको रूपमा चित्रण गरिएकोले उनी ऐतिहासिक पात्र हुन् । वीरशमशेर यस उपन्यासमा खलनायकको रूपमा चित्रित छन् । उनलाई उपन्यासको प्रारम्भमा भाइहरू प्रतिको शङ्का, भ्रम एकतन्त्रीय शासनमा हुने षडयन्त्रबाट राज्य सत्ता गुम्ने त्रासपूर्ण अवस्थामा देखाइएको छ । उपन्यासको मध्यभागमा आइपुग्दा भाइहरूलाई दिएको अधिकार आफ्नो हातमा लिई शक्तिशाली कुर शासकका रूपमा देखाइएको छ ।

यस उपन्यासमा वीरशमशेरको चारित्रिक स्वभाव तत्कालीन व्यवस्थाका लागि अनुकूल देखिएको छ । देश र जनताको हित नचाहने शासन व्यवस्था भएकाले उनको चरित्र

प्रतिकूल प्रवृत्तिको रहेको छ । उनी उपन्यासको प्रारम्भमा खड्गशमशेर प्रति शङ्का गर्ने ईष्यालु स्वभावका देखिएका छन् । कथानकले गति लिदै जाँदा वीरशमशेरको शङ्कालु प्रवृत्तिमा पनि परिवर्तन आई खड्गशमशेर प्रति सहानुभूति राखेका छन् । उनले खड्गशमशेर माथि गरेको शङ्का र शङ्काकै भरमा दिएको दुःखप्रति पश्चाताप मानि सङगीत सम्मेलन मार्फत खड्गशमशेरप्रति खेद प्रकट गरेका छन् । (राणा, २०३८ : १६४) यसरी उनको चारित्रिक स्वभावमा परिवर्तन आएको छ । उपन्यासमा उनी तत्कालीन समयमा सक्रिय र सफल कुटनीतिज्ञ व्यक्तित्वका रूपमा चित्रित छन् । त्यसैले उनी उपन्यासमा गतिशील पात्रका रूपमा रहेका छन् ।

यस उपन्यासमा वीरशमशेरले एउटा सभ्रान्त वर्गको शक्तिशाली कूटनीतिक व्यक्तिको भूमिका निर्वाह गरेका छन् । उनी व्यक्तिगत पात्र हुन् । उनी उपन्यासमा शङ्का, भ्रम, भय र पश्चातापको अवस्थाबाट गुज्रदै निरन्तर, प्रत्यक्ष रूपमा आएर कथानकलाई अघि बढाएकोले मञ्चीय पात्र हुन् । **सत्प्रयास** उपन्यासमा वीरशमशेर बद्ध पुरुष पात्र हुन् ।

**खड्गशमशेर**

**सत्प्रयास** उपन्यासमा खड्गशमशेर प्रमुख पात्र हुन् । यस उपन्यासमा उनको चरित्र देवशमशेर निकटको उदार रूपमा चित्रण गरिएको छ । खड्गशमशेर इतिहासमा जस्तै उपन्यासमा पनि वीरशमशेरकै सौतेनी पट्टिका माहिला भाइका रूपमा नै आएका छन् । (शर्मा, २०३३ : ३५०) खडग्शमशेर पनि इतिहासका वास्तविक पानामा अंकित ऐतिहासिक पात्र हुन् । इतिहासमा असत् पात्रका रूपमा रहेका उनी उपन्यासमा आउदा उदार एवं सत् पात्रका रूपमा प्रस्तुत भएका छन् । (शर्मा, २०३३ : ३५०) उनी यस उपन्यासमा सोझा, सज्जन, दाजुप्रति पूर्ण बफादार व्यक्तिको रूपमा आएका छन् । उनलाई चन्द्रशमशेर र बागकी कान्छी मैयाले वीरशमशेर विरुद्ध षडयन्त्र गर्न उक्साउँदा पनि शासन सत्ता आफ्नो हातमा लिन तयार नभै बरु दाजुकै शरण पर्न गएका छन् । (रेग्मी, २०५४ : १०५)

यस उपन्यासमा खड्गशमशेरको चारित्रिक स्वभाव अनूकुल प्रवृतिको रहेको छ । राणा शासन जस्तो एकतन्त्रीय जहानिया, षडयन्त्रपूर्ण जालझेल युक्त शासन प्रणालीमा खड्गशमशेरले दाजुप्रति देखाएको बफादारी र सत्तात्याग बाट उनी साच्चै नै असल चरित्रको भान हुन्छ । उनी यस उपन्यासको प्रारम्भमा मुख्तियार पदमा रहेका छन् । उनले

आफ्नो प्रशासकीय कार्यकूशलताले वीरशमशेरले दिएको प्रशासनिक अधिकारलाई जिम्मेवारीपूर्वक निभाउदै रैतीदुनियाको सहयोग र समर्थन प्राप्त गरेका छन् । वीरशमशेरको शङ्का र षडयन्त्रमा फसेर उनको ओहोदा र अधिकार खोसिएको छ । उनले आफूमाथि परिस्थितिलाई स्वीकार गरी सामान्य जीवन व्यतीत गरेका छन् । परिस्थिति अनुरूप आफू र आफ्नो विचार परिवर्तन गर्ने खड्गशमशेरको चरित्र उपन्यासमा गतिशील प्रकृतिको रहेको छ ।

खड्गशमशेर यस उपन्यासमा प्रत्यक्ष रूपमा आएर वीरशमशेरको प्रशासनिक जिम्मेवारी सम्हालेको देखिएका छन् । उनकै लागि वीरशमशेरले सङ्गीत सम्मेलनको आयोजना गरेको र उनलाई अधिकार दिएर पाल्पाका हाकिम बनाएर पठाएको कुरा उपन्यासमा प्रस्तुत भएबाट उनी मञ्चीय पात्र रहेको स्पष्ट हुन्छ । (राणा, २०६८ : १६४-१७६) यिनी उपन्यासमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेका छन् । प्रशासनिक कार्यमा कुशल, सोझा, जम्मिेवारीपूर्ण व्यक्तित्व, इमान्दार चरित्र रहेका खड्गशमशेरले कुनै वर्गको प्रतिनिधित्व गरेका छैनन् । आफ्नै व्यक्तिगत विचारलाई नै जीवनको आदर्श बनाएका यिनी बद्ध पुरुष पात्र हुन् ।

**मोतीराम भट्ट**

**सत्प्रयास** उपन्यासमा मोतीराम भट्ट सहनायक हुन् । उनले उपन्यासमा निर्वाह गरेको भुमिकाको आधारमा उनी प्रमुख तथा महत्त्वपूर्ण पात्र हुन् । मोतीराम भट्ट पनि देवशमशेर निकट प्रवृत्तिका उदार तथा सुधारवादी व्यक्तिका रूपमा उपन्यासमा प्रस्तुत भएका छन् । इतिहासका नितान्त साहित्यिक व्यक्तित्व मोतीराम भट्टलाई उपन्यासकारले राजनीतिक कथामा ल्याएर महत्त्वपूर्ण पात्रको रूपमा उभ्याएका छन् । (पोखरेल, २०६० : ३०२) उपन्यासकारको काल्पनिक संयोजनले उनलाई राजनीतिक सुधारकमा परिवर्तन गरेपनि उनी इतिहासकै वास्तविक पात्र हुन् ।

मोतीराम भट्ट इतिहासमा जस्तै यस उपन्यासमा पनि शिक्षित, विद्वान् साहित्यिक व्यक्तित्वका रूपमा आएका व्यक्तिगत पुरुष पात्र हुन् । उनी यस उपन्यासमा तत्कालीन शासन व्यवस्थाका लागि प्रतिकूल भए पनि अनूकुल स्वभावका चरित्र हुन् । उनले देश र

जनताको हित हुने शिक्षा विकास तथा भाषा विकास र सुधारका कार्यमा नायक देवशमशेरलाई सल्लाह तथा सुझाव सहित सहयोग गरेका छन् । त्यसैले चरित्रको रूपमा देखिएका छन् । मोतीराम भट्ट उपन्यासमा प्रत्यक्ष रूपमा आएर नायक देवशमशेरसँग मिली सुधार तथा विकासका योजना बनाएका छन् । उनले मोती मण्डली गठन गरी साहित्यिक क्षेत्रमा प्रगति गर्ने योजना बनाएका छन् उनका यी आदि कार्यले कथानकलाई गति दिइ अघि बढाएको छ । यसरी उपन्यासमा उनी मञ्चीय पात्रका रूपमा प्रस्तुत छन् ।

**सत्प्रयास** उपन्यास उपन्यासमा देखिएका अन्य ऐतिहासिक पात्रहरूको चरित्र मिश्रित देखिन्छ । डम्बरशमशेर यस उपन्यासका खल पात्र हुन् । उनी ऐतिहासिक पात्र हुन् । उपन्यासमा निर्वाह गरेका भूमिकाको आधारमा डम्बरशमशेर सहायक पात्र हुन् । भीमशमशेर पनि यस उपन्यासमा खल पात्र हुन् । भीमशमशेर यस उपन्यासमा प्रमुख एवं ऐतिहासिक पात्र हुन् । उपन्यासमा यिनको चरित्र चन्द्रशमशेर निकट देखापरेको छ । गेहेन्द्रशमशेर र फत्यशमशेर यस उपन्यासको अघिल्लो चरणमा सत्पात्र छन् भने पछि उनीहरूको पनि परिस्थितिको शिकार भएर असत् पात्रमा परिवर्तन भएका छन् । त्यसैले उनीहरूको चरित्र गतिशील देखिन्छ । फौधसिहं खत्रीको चरित्र तत्कालीन कर्तव्यनिष्ठ अधिकारी भन्दा पनि बफादार नोकरको रूपमा प्रस्तुत छ । हसनाको चरित्रले तत्कालीन महाराजको दासदासीसगँ हुने गरेको अनुचित सम्बन्ध र अनुचित भए पनि तत्कालीन अवस्थामा अनुचित नभनिने अवस्थालाई देखाएको छ । उपन्यासमा हसना काल्पनिक चरित्र हो । इतिहासमा देवशमशेरको जलाफ नानी भन्ने दासीसगँ जस्तै सम्बन्ध उपन्यासमा हसनासगँ रहेको छ । त्यसैले इतिहासकी जलाफ नानी उपन्यासकी हसना हो भन्न सकिन्छ । दिव्यदेव, समरबहादुर, जस्ता पात्र तत्कालीन शासकभक्त पात्रका प्रतीक हुन् । (पोखरेल, २०६० : ३०३) वीरशमशेरकी कान्छी रानी उपन्यासको अघिल्लो चरणमा वीरशमशेरको षडयन्त्रमा सामेल भएकीले प्रतिकूल चरित्रको रूपमा देखिएकी छिन् भने पछि उनले खड्गशमशेर, देवशमशेर प्रति व्यक्त गरेको सहानुभूती र तत्कालीन षडयन्त्र रूपी शासन व्यवस्था प्रति व्यक्त गरेको पश्चातापबाट उनी अनुकूल स्वभावकी गतिशील पात्रका रूपमा देखिएकी छन् ।

**सत्प्रयास** बहुपात्र संरचित ऐतिहासिक उपन्यास हो । **सत्प्रयास**को कथानक इतिहासबाट लिइएको हुनाले यस उपन्यासका अधिकाशं पात्रहरू पनि ऐतिहासिक नै छन् । यस उपन्यासका पात्रहरू पूर्ण छन् । इतिहासका अपूर्ण पात्रलाई विभिन्न घटना र परिस्थिति

मिलाएर उपन्यासकारले एउटा शृङ्खलाबद्ध जीवनयात्रा बनाएका छन् । सबै पात्रलाई कुनै न कुनै प्रकारको चरित्रको प्रतिनिधित्व गराई त्यसबाट प्राप्त फलको भोगाइसम्म पुऱ्याएर उपन्यासलाई लेखकले पूर्ण जीवनको प्रतिबिम्ब बनाएका छन् । (पोखरेल, २०६० : ३०३) यस उपन्यासमा कथानकले खोजे अनूरूपको पात्रको सत् र असत् दुवै खालका पात्रको चयन गरी उपन्यासलाई सफल बनाउन उपन्यासकार सक्षम भएका छन् । उपन्यासमा केही प्रमुख पात्रहरूमा काल्पनिक लेपन लगाएर आर्दश बनाएपनि उपन्यासको कथा सुहाउँदो पात्र विधानको अवस्था सिर्जना भएको छ ।

### ३.३ देशकाल र वातावरण

उपन्यासमा देश, काल र वातावरण भन्नाले उपन्यासले लिएको समय, घटना घटेको स्थान र उपन्यासभित्र घटेका घटनाहरूको बाह्य आन्तरिक परिवेशलाई जनाउँछ । **सत्प्रयास** उपन्यास ऐतिहासिक उपन्यास भएकोले यस उपन्यासको स्थान र वातावरण पनि ऐतिहासिक छन् । **सत्प्रयास** उपन्यासले नेपालको इतिहासमा वि.सं. १९३८ सालको गोत्रहत्या जस्तो आत्मघाती घटनाको स्मरणदेखि वि.सं. १९५८ सालमा देवशमशेरको पदच्यूतको षडयन्त्ररूपी अन्तर्घाती घटना सम्मको समयलाई समेटेको छ । यस उपन्यासमा राणा शासनको राजनीतिक घटनाक्रम, सुधारवादी राणा प्रधानमन्त्री देवशमशेरले तत्कालीन शासन व्यवस्थामा गरेका सुधारका प्रयासहरू र तत्कालीन सामाजिक तथा सांस्कृतिक परिवेशको यर्थाथ र जीवन्त चित्रण गरिएको छ । राणाकालीन शृङ्खलामा श्री ३ हुन आपसी षडयन्त्रमा उदार र निर्दोषीहरू कसरी खँगारिन्छन् भन्ने घटनाको सम्झना गराउँछ **सत्प्रयास** (प्रधान, २०६१ : १३१) ।

**सत्प्रयास** उपन्यासले मूलतः वि.स. १९४२ देखि वि.सं. १९५८ सम्मको करिब पन्ध्र वर्षको राणाकालीन समयको तस्वीर खिचेको छ । त्यस समयका राणाकालीन दरबारिया राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक पक्षको चित्रणका साथै यसमा राणाकालीन शासन व्यवस्था भित्रका कुसंस्कार, कुरीति, अन्धविश्वास, अशिक्षा, शोषण, दमन, पीडन, पछौटेपन, आदिको दर्पण नै यस उपन्यासको परिवेश हो । (पोखरेल, २०६१ : ३०४) यस उपन्यासमा वि.सं. १९४२ सालमा प्रधानमन्त्री रणोद्दीप सिंहको आफ्ना भाइ भतिजाहरूले गरेको षडयन्त्रपूर्ण गोत्रहत्याको प्रसङ्ग पनि यर्थाथ रूपमा आएको छ । यसै धरातलमा महाराज वीरशमशेरले आफ्नो सत्ता गुम्ने शङ्काले भाइ खड्गशमशेरलाई मार्ने षडयन्त्र

गरेका छन् । देवशमशेरको सुधार र विकासको कार्यमा असन्तुष्ट दाजुभाइहरूबाट उनलाई पदच्यूत गराइनु जस्ता आदि राजनैतिक घटनाक्रम नै यस उपन्यासको वातावरण तथा वास्तविक परिवेश हो ।

**सत्प्रयास** उपन्यासका घटनाहरू देशको शासन सत्ताको केन्द्रबिन्दु राजधानी काठमाडौँको सेरेफेरोमा आधारित स्थानहरूमा घटेको देखाइएको छ । यस उपन्यासमा काठमाडौँका हनुमानढोका दरबार, सेतोदरबार, रातो दरबार, फोहरा दरबार, लालदरबार, थापाथली दरबार, स्वयम्भु दरबार, बागदरबार, दरबार स्कूल, ब्रिटिश राजदूतावास, स्वयम्भु, आर्यघाट, थानकोट आदि ठाउँमा अधिकाशं घटना घटेका छन् । उपत्यका बाहिरका नेपालको पूर्वी तराई, पाल्पा, पूर्व दुई नम्बर, सैलुङ् गाउँ, आदि स्थानमा पनि सत्प्रयास उपन्यासका केही घटना घटेका छन् । नेपाल बाहिरका बनारस, कलकत्ता, जापान, आदि ठाँउहरू पनि अप्रत्यक्ष रूपमा उल्लेख गरिएका छन् । (रेग्मी, २०५४ : १०६) । यस उपन्यासमा घटेको मह□वपूर्ण घटनाको केन्द्रविन्दुका स्थानहरू लालदरबार, सेतोदरबार, थापाथली दरबार, दरबार हाई स्कूल हुन् ।

**सत्प्रयास** उपन्यासमा तत्कालिन नेपाली समाजको दुई वर्गको सजीव चित्रण प्रस्तुत गरिएको छ । सामन्त (शासक ) वर्ग र शोसित (पिडित) वर्ग हुन् । शासक वर्गहरू सामन्ती प्रवृत्ति, मोजमज्जा, षडयन्त्र, शङ्का हत्या र आतङ्क गर्ने वर्गको चित्रण छ । शासित वर्गहरू अभाव अशिक्षा र अन्धविश्वास, रुढीवादी संस्कार, शासकहरूको स्तूतिलाई आफ्नो दैनिक कार्य ठान्ने, अवहेलनामा बाँचेको पिडित, शोसित दयनीय, अवस्थामा रहेको वर्गको चित्रण गरिएको छ । यस उपन्यासमा देवशमशेरले दास प्रथा उन्मूलनका लागि दासदासीहरूलाई मुक्त गरिदिँदा गौरी नामकी दासीले आफ्नो रोजीरोटी गुमेको र आफू बाँच्ने आधार नभएको भन्दै इनारमा हाम फाली आत्महत्या गर्नुले (राणा, २०६८) शोसित वर्गको हदै सम्मको दयनीय अवस्थाको चित्रण गरिएको छ । शासित वर्गहरू सत्तामा आउने शासकहरूको स्तूति नगरेमा आफ्नो जीवन नै असुरक्षित ठानि सँधै शासकवर्गको चाकडी बाजमा आफ्नो दैनिकी गुजारिरहेका छन् । तत्कालीन नेपाली जनतामा आफ्नो भलो र कुभलो छुट्याउन सामर्थ्य थिएन् । आफ्नो भलो चाहनेलाई साथ दिन र आफ्नो कुभलो गर्ने विद्रोह गर्न सक्ने साहस नेपाली जनतामा थिएन । (रेग्मी, २०५४ : १०७)

यस उपन्यासमा शासित वर्गको भन्दा शासक वर्गको चित्रण प्रशस्त मात्रामा

गरिएको छ । उपन्यासकार आफै पनि संभ्रान्त राणा परिवारकै भएकाले पनि उपन्यासमा शासक वर्गले लगाएका पहिरनदेखि चढेका घोडा बग्गीहरूको समेत चर्चाको विषय आएको छ । यद्यपी उपन्यासमा  शासक वर्गको पनि राजनीतिक व्यवस्थाका नराम्रा संस्कार, दरबारिया षडयन्त्र, सत्ताको दाउपेच जस्ता कुराहरूको चित्रण गरी त्यस व्यवस्थामा उपन्यासकारले राणा शासक देवशमशेरबाट सुधारको अपेक्षा गरेको कुरालाई सफल रूपमा चित्रण गरिएको छ ।

डायमनशमशेर राणाले यस उपन्यासमा तत्कालीन दरबारिया शङ्का, षडयन्त्रवादी प्रवृत्ति र त्यसको थिचोमिचो सहन बाध्य नेपाली समाजको सामाजिक चित्र सफल  रूपमा उतारेका छन् । उपन्यासको बाह्य र आन्तरिक दुवै ऐतिहासिक वातावरणको जीवन्त प्रस्तुति गर्न पनि  लेखक सफल  भएका छन् ।

### ३.४ कथोपकथन र संवाद

उपन्यासमा नाटकमा जस्तो कथोपकथनको अनिवार्य आवश्यकता मानिदैन । कतिपय अवस्थामा उपन्यासको कथानकलाई पनि गति दिइ अगाडि बढाउने कार्यमा संवादले महत्त्वपूर्ण भूमिका खेल्दछ । **सत्प्रयास** उपन्यास वर्णनात्मक उपन्यास भएकोले उपन्यासकारले संवाद भन्दा पनि आफ्नो राजनैतिक दर्शन र विचार राखेकोले यसमा संवाद योजना त्यति सफल देखिँदैन । यस उपन्यासमा उपन्यासकारको दर्शन र बौद्धिकताको कसीले संवादको कलात्मकता हराएको छ, तापनि उपन्यासमा पात्रको स्तर अनुरुपको संवाद संयोजन सान्दर्भिक रहेको छ ।

**सत्प्रयास** उपन्यासमा संस्कृत शब्द तथा श्लोकहरूको अत्याधिक प्रयोगले संवादलाई दुर्बोध्य बनाएको छ । संस्कृत भाषाको पण्डितलाई अङ्ग्रेजी वाक्य बोल्न लगाउने (८०) काम स्वभाविक देखिँदैन । (रेग्मी, २०५४, १०७) देवशमशेरले बोलेका संवादहरू अत्यन्त दार्शनिक र बौद्धिक छन् । देवशमशेर उदार हुँदाहुँदै पनि अत्यन्त दार्शनिक, बौद्धिक चिन्तनयुक्त संवादहरू बोल्न लगाउने जुन प्रयास उपन्यासकारले गरेका छन् त्यो ऐतिहासिक सन्दर्भमा अस्वभाविक लाग्दछ । इतिहासका औपन्यासिक पात्र  देवशमशेरको  संवादहरूमा यथार्थ भन्दा बढी आदर्शको लेपन लगाइनु युक्तिसंगत देखिँदैन (पोखरेल, २०६१ : ३०५) । यस उपन्यासमा अन्य पात्रहरूको संवाद उनीहरूको भूमिका अनुसार सान्दर्भिक रहेको छ ।

दासीहरूलाई उर्दू भाषाको तालिम दिइएकोले उनीहरूले पनि सोहि अनुरूपको भाषा बोली नाटकीय संवादलाई स्वभाविक बनाएका छन । (पृ. ३५) जँड्याहा रणशमशेरले पनि मात लागेको व्यक्ति झैँ सधैँ रक्सीले मात्तिएर बेसुरको कुरा अलापेका छन् । (पृ. १५४) यिनका संवाद पनि अनुकूल छन् । यस उपन्यासमा वीरशमशेर कठोर संवाद, देवशमशेरका शिष्ट र शालीन संवाद, चन्द्र र भीमशमशेरको कुटिल खालका संवादहरू पात्रका चारित्रिक स्वभाव अनुसार पात्र अनुकूल देखिन्छन् ।

**सत्प्रयास** उपन्यासमा आएका संवादहरू उपन्यासको कथानकलाई गतिलता प्रदान गर्न, वर्णनको निरसता मेट्न, घटनालाई संक्षिप्तता प्रदान गर्न र कतिपय ठाँउमा लेखकीय उद्देश्य प्राप्तिका लागि पनि आएका छन् । यस उपन्यासमा खास गरी देवशमशेर र खड्गशमशेरका संवादहरू लेखकीय उद्देश्य पूरा गर्न आएका छन् ।

इतिहासको मृत कथालाई जीवन्त बनाउन ऐतिहासिक उपन्यासमा संवादको महत्त्वपूर्ण भूमिका हुन्छ । संवादले पात्रहरूलाई जीवन्त बनाउाछ । **सत्प्रयास**मा प्रयोग गरिएका संवादहरूले पनि पात्रलाई जीवन्तता प्रदान गरेका छन् ।त्सैगरी पात्रहरूको चरित्र स्पष्ट गर्न पनि यस्ता संवादले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । **सत्प्रयास** उपन्यासका अधिकाशं संवादहर विचार प्रधान छन् र ऐतिहासिक सन्दर्भमा यस्ता विचारको कुनै महत्त्व नहुनुले अलि कृत्रिमता भने झल्कन्छ (ऐजन, २०६१ : ३०५) । यस उपन्यासमा आएका अधिकाशं संवादहरू पात्रहरूको चारित्रिक स्वभाव अनुसार उपयुक्त लाग्दछ ।

## ३.५ दृष्टिबिन्दु

उपन्यासमा कथावाचन गर्ने वा कथा भन्नको लागि रोजेको ठााउ नै दृष्टिबिन्दु हो । **सत्प्रयास** उपन्यासमा उपन्यासकार नै कथावाचकको रूपमा आएका छन् । यस उपन्यासमा पनि उनका अन्य उपन्यास जस्तै तृतीय पुरुष शैली वा बाह्रय दृष्टिबिन्दुमा लेखिएको उपन्यास हो । उपन्यासकारले नेपालको इतिहासमा वि.सं. १९४२ पछि भएका राजनैतिक घटनाक्रमलाई नजिकबाट नियाली आफूले वर्णनात्मक समाख्याताको रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा तत्कालीन शासन व्यवस्था र त्यो व्यवस्थामा सुधार गर्न देवशमशेरले गरेका सत्यका प्रयासहरूलाई तृतीय पुरुष शैलीमा औपन्यासिकीकरण गरिएको छ ।

**सत्प्रयास** उपन्यासमा राणाकालीन अनुदार शासन व्यवस्थालाई देवशमशेरको माध्यमबाट सुधार गर्न खोजिएको छ । तापनि यस उपन्यासमा देवशमशेरले आफ्नै राजनैतिक दर्शनबाट व्यवस्थामा परिवर्तन चाहेको देखिन्छ । त्यसैले यसमा लेखक दृष्टिबिन्दुको कोणबाट तटस्थ वर्णनकर्ता बनेका छन् । यसमा न कतै लेखकको उपस्थिति छ न कुनै पात्र उपन्यासको समाख्याता नै बनेको छ । यसैले सत्प्रयासको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ । (पोखरेल, २०६१ : ३०९) उपन्यासकार उपन्यासभन्दा बाहिर रहेर घटनाको टिप्पणी गरेका छन् । यस उपन्यासको कथानक राणाशासन कालका ऐतिहासिक घटनालाई लिएर बनाइएको छ । जसलाई उपन्यासकारले आफैले भोगेको, देखेको अनुभव गरेको हुनाले उनलाई कथाको अर्थात् घटनाको सचित्र ज्ञान छ । उपन्यासमा उनले आफू बाह्य रूपमा लुप्त रहि सीमित कुराको चर्चा गरेका हुनाले कथाकार सीमित कथयिता बनेका छन् ।

### ३.६ सारवस्तु

**सत्प्रयास** उपन्यास डायमनशमशेर राणाको ऐतिहासिक उपन्यास हो । उपन्यासकारले नेपालको तत्कालीन राजनैतिक शासन प्रणाली सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको यथार्थ जानकारी दिदैं र त्यस व्यवस्थामा सुधार गर्ने उद्देश्य लिएका छन् ।

**सत्प्रयास** देवशमशेरको प्रजातान्त्रिक विचार, उदार भावना र त्यस अनुसार देश बनाउने सत्प्रयास हो । वीरशमशेरले प्रशासनिक कठोरता र चातुर्यताको साथै जसरी गोत्रहत्या गरेर उनले श्री ३ को ओहदा हत्याए, त्यसरी नै भाइहरूको शिकार भई आफ्नो पनि असामयिक मृत्यु हुने त्रास र आशङ्काले भयभित उनको मनस्थितिले गर्दा निरङ्कुश हुन कर लागेको मनोविश्लेषण गर्दै सत्ता प्राप्त हुँदैमा सबै कुरा प्राप्त हुँदैन भन्ने कुरामा पुष्टि गर्न यो उपन्यास उद्यत छ । राणा शासन राजनीतिक सत्ता हत्याउने षडयन्त्रको इतिहास हो, जो माथिल्ला अधिकार प्राप्त व्यक्तिहरूको बल र आफ्नो स्वार्थसिद्धि गर्ने चातुर्यपूर्ण जालझेलमा अवलम्बित छ । (प्रधान, २०६१ : १३२) भन्ने कुरा नै **सत्प्रयास** उपन्यासको सारवस्तु हुन आएको छ ।

**सत्प्रयास** देवशमशेरले अतीतको खोल ओडेर वर्तमानको आलोचना र प्रजातान्त्रिक

व्यवस्थाको घोषणा गरेका छन् । तथापि प्रजातान्त्रिक जनसहभागिताबाट सञ्चालन भएको राज्य र व्यवस्था मात्र दिगो हुन्छ, भन्ने उपन्यासकार डायमनशमशेरको सम्प्रेष्य विषय हो । (पोखरेल, २०३९ **जुही** पत्रिका, ८६ (१०२) उनको विगतको खोलमा (पञ्चायती व्यवस्था) प्रतिको असहमती हो । उपन्यासमा लेखकका यिनै विचारलाई उद्देश्यको रूपमा लिइएको छ ।

**सत्प्रयास** उपन्यासको मुख्य सारवस्तु प्रजातान्त्रिक विचार र देश विकास गर्ने भावना भएका देवशमशेरले देशको राणाशासनको कालो समयलाई प्रजातन्त्रको उज्यालोतर्फ लैजान गरेको सत्प्रयासको थालनी हो । यसमा एकतन्त्रीय जँहानिया राणा शासनमा सत्ताको निम्ति गोत्रहत्या समेत गर्न पछि नहट्ने क्रुर शासन र त्यस्तो शासनमा उदार शासकको विचारलाई रद्दीको टोकरीमा मिल्क्याइएको घटनाको सशक्त प्रस्तुति रहेको छ । जनाधार नभएको र षडयन्त्रबाट आर्जेको शासन व्यवस्थामा सधैँ शङ्का, डर, र त्रासको स्थिति रहन्छ । यस्तो शासन व्यवस्थामा सधैँ हत्या, षडयन्त्र र कुचक्रबाट सत्ता परिवर्तन हुन्छ । यस्तो अवस्थामा इमान्दार र सज्जन व्यक्तिहरू षडयन्त्रको शिकार बन्नु पर्छ भन्ने कुरा देखाउनु **सत्प्रयास** उपन्यासले प्रस्तुत गर्न खोजेको विचार पक्ष हो । (पोखरेल, २०६१ : ३०८)

**सत्प्रयास** उपन्यास ऐतिहासिक पृष्ठभूमिमा लेखिएको अनुदार राजनीतिक प्रणालीका समस्या र त्यसले सिर्जना गरेको सामाजिक र सांस्कृतिक कुसंस्कारको वकालत गरेको उपन्यास हो । यस्ता कुसंस्कार र व्यवस्थाको पविर्तन गर्न एक जनाको मात्र सत्प्रयासले हुँदैन । यसमा जनताको आधार भएको राजनीतिक व्यवस्था आवश्यक हुन्छ भन्ने सन्देश दिएको छ । यसको आधारमा **सत्प्रयास** उपन्यासलाई विचार प्रदान उपन्यास पनि भन्न सकिन्छ । यिनै सन्देश र विचारलाई नै मुख्य सारवस्तुका रूपमा लिन सकिन्छ ।

### ३.७ भाषाशैली

**सत्प्रयास** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा प्रयोग गरिएको भाषामा पात्रहरूको चारित्रिक स्वभाव अनुसार उपयुक्त लाग्दछ । वर्णनको निरसतालाई मेट्न संवादात्मक शैलीको प्रयोग पनि गरिएको छ । यस उपन्यासमा अङ्ग्रेजी, हिन्दी, उर्दू, संस्कृत, भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । कथाको बीच

बीचमा संस्कृत भाषाका श्लोक र सूक्तिहरूको प्रयोगले केही मिठास थपेका छन् भने संस्कृत श्लोकहरूको अनावश्यक प्रयोगले उपन्यासलाई केही दुर्बोध्य पनि बनाएको छ ।

यसमा मनोमुग्धकर (८), पुष्पान्तरण (८), लुण्ठन (१५), अरुणित (२४), स्त्री संदृशाभिनया (३५), मधुप (३६), मनस्ताप (४७), प्रहष्ट (५३), हृदयऔदार्य (६७), बादरा (७०), अभ्यागत (५९), उद्भाषित (६३), अर्क आसवान (७६), किङ्कर्नी (८१), जगर्धीकरण (९२), आविष्ट (१०७), जनरव (७४),प्रक्षालन (१२६), पुरसङ्गी (१९८), दुर्दभनीय (२०२), विरुदावली (२०५), चक्षुरिन्द्रिय (२१२), आदि जस्ता बेचल्तीका क्लिष्ट संस्कृत शब्दको प्रयोग बर्खिलाफ (५), खिदमत (३१), गरीबपरबर (३४), फर्माउनु (३१), इजाजत (३२), लानत (३४), हुनर (३४), फरेसक्याप(४४), दलेल(४८), मुर्गामुसल्लम (८९), आदि जस्ता आगन्तुक शब्दहरू र एक्ज्याक्ट्ली (७४), ननसेन्स (१०२) जस्ता अङ्ग्रेजी शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । (राणा, २०६८)

यसमा उखान टुक्का, उपमा, प्रतीकहरूको पनि प्रशस्त प्रयोग गरिएको छ । तोरीको फूल देख्नु (१०), भालुको कन्पट (१५), जुँगा चल्यो कुरा (१९), मर्नुपरेपछि खुट्टै तानेर (२०), होस्टेमा हैँसे गर्नु (३३), काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर (३५),राजाको राँगो फुक्नु (३६),मनको लड्डु घिउसित खानु (४३),नाक खुम्च्याउनु (८३), मिति पुऱ्याउनु (१०७), छोरी कुटेर बुहारी तर्साउनु (१११), कुबेलाको सहनाइ (१४१),आफैँ बोक्सी आफैँ झाँक्री (१५९), कुप्री बूढीलाई बसी सुख न उठी सुख (१६८),चोरको दाह्रीमा रुवा (१७४), साँढेको जुधाइमा बाच्छाको मिचाइ (१८०), नदिने बराज्यू बुधबार बार्छन्  (२१९), मुखमा रामराम बगलीमा छुरा (२२३), जस्ता उखान टुक्काहरू, तरबारले आर्जिएको शक्ति तरबारले नै कायम राख्नु पर्छ (४१), अज्ञानता बरदान हो (५९), भाइ फुटे गँवार लुटे (५५), गरीबको आँशु र पसीनाले पोल्छ (८८), वीर हृदय बज्रभन्दा पनि कठोर  तर फूलभन्दा पनि कोमल हुन सक्छ (११९), जस्ता सूक्तिहरू तथा ट्वार्रट्वार्र (६०), सरासर (६८), ढ्वाङ् ढ्वाङ् (६९), घ्यारघ्यार (९७), पुलुक्क (९७) अल्याङ् टल्याङ् (६६), भटटट भटटट (६९), चुर्लुम्म (२३४), सरर्र(१५८) जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले भने मिठास थपेको छ । त्यस्तै यस उपन्यासमा उपमा र प्रतीकहरूको  पनि प्रशस्त प्रयोग गरिएको छ । जनतारूपी जलासयबाट शक्ति उत्पादन हुने विद्युत जस्तो  (७), आफ्ना मुखमा आफैँले लाप्पा ख्वाएजस्तो (१३), आकाशमा चुँडिएको चङ्गाजस्तो (६) चट्याङ् पर्दाको बिजुली जस्तो

(१८), चरा मारेको जस्तो (३९), छाँगाबाट खसेकी जस्ती (४२), मणि हराएको नाग जस्तो (४७), नाग गरुड देख्ता दूलाभित्र छिर्न खोजेको जस्तो (५७), नाटककी ठटेउली पात्रा जस्ती (६२), घाँडो बजेको सुन्न मृग अडेको जस्तो (२२३), झाँकीको आङ्मा पिशाच चढेको जस्तो (२३३), बलिको बोका जस्तो (२२३) जस्ता उपमाहरूको प्रयोग गरिएको छ । स्वतन्त्रताप्रीय जनताका प्रतीकको रूपमा सुनका पिंजराभित्र सेता र हरिया क्यानरी चरा र पिंजरा भित्रका मुनियाँ (१२४), सागरमा खसेको पात पतिङ्गरलाई खड्गशमशेरको राजनीतिक पतनको प्रतीक (१३२), जनता शिक्षित बनाउने कार्यको प्रतीकको ग्रीक कथाको पेण्डोराको बाकस (१८४), जस्ता प्रतीकको प्रयोग पनि **सत्प्रयास** उपन्यासमा गरिएको छ ।

यसमा पूर्वकथा र पूर्वसङ्केतहरूको प्रयोगले तारतम्य मिलाएको छ । यसमा जङ्गबहादुरले गोली हान्न लाग्दा धीरशमशेरले छाती खोली देखाएको (१३७) प्रसङ्ग पूर्व घटनाको रूपमा आएको छ । दासी गौरी र उसकी आमाको जीवनको कथाको प्रसङ्ग पनि (७४....७७) पूर्वकथाको रूपमा आएको छ । देवशमशेरले वीरशमशेरको मृत्युपश्चात् उनीसँग बेलाबेलामा गरेका कुराकानी दिवास्वप्नका उदाहरणहरू (पृ. १९१, २००) ले पनि कथानकलाई गति दिनुका साथै कथामा रोचकता पनि ल्याएका छन् । (रेग्मी, २०५४ : ११०)

**सत्प्रयास** उपन्यासको भाषाशैलीमा लेखकले दर्शन र बौद्धिकताको कसी लगाएकाले यसको भाषा जटिल जस्तो पनि देखिएको छ । तापनि यसमा उर्दू भाषाका शब्द, संस्कृतका श्लोक, नेपाली भाषाका उखान टुक्का तथा उक्ति र अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासमा कलात्मकता प्रदान गरेका छन् ।

## ३.८ प्रतीक र बिम्ब

उपन्यास रचनामा प्रतीक र बिम्बको प्रयोग पनि महत्त्वपूर्ण मानिन्छ । प्रतीक र बिम्ब अमूर्त तत्त्व हुन्, तापनि यसले उपन्यासलाई सजीवता प्रदान गर्दछन् । **सत्प्रयास** उपन्यासमा पनि प्रशस्त मात्रामा बिम्ब प्रतीकहरूको प्रयोग गरिएको छ, जसले यस उपन्यासमा कथानकलाई कलात्मकता भर्दै गतिशिलता प्रदान गरेका छन् । यसमा पात्रहरूले पूर्वघटनाहरूलाई सादृश्य गरी सम्झने क्रममा पनि उपन्यासमा प्रशस्त मात्रामा बिम्ब प्रयोग भएको पाइन्छ ।

यस उपन्यासमा राजनीतिक, सामाजिक अवस्थाको र तत्कालीन स्वतन्त्रताप्रीय

जनताका प्रतीकको रूपमा पिंजरा भित्रका मुनियाँ (१२४), सुनका पिंजराभित्र सेता र हरिया क्यानरी चरा (१२४) लाई चित्रण गरिएको छ । सागरमा खसेको पात पतिङ्गरलाई खड्गशमशेरको राजनीतिक पतनको प्रतीक (१३२), तत्कालीन सामाजिक व्यवस्था र जनताको शिक्षाप्रतिको मानसिकताको चित्रणमा ग्रीक कथाको पेण्डोराको बाकस (१८४) जस्ता प्रतीकहरूको प्रयोग गरिएको छ ।

**सत्प्रयास** उपन्यासमा देवशमशेरले भारद्वारहरूसँग आफ्ना छोराछोरीलाई पढ्न पठाउनु भनेर सम्झाँउदा भारद्वारहरूले आफ्ना मुखमा आफैँले लाप्पा ख्वाएजस्तो (१३) जस्तो गरी अशिक्षित जनताको चेतनाहीन दृश्य बिम्बको सिर्जना भएको छ । यहाँ उपन्यासकारले पूर्वघटना सम्झँने क्रममा खड्गशमशरले आफ्नो काका रणोद्दीप सिंहलाई चरा मारेको जस्तो (३९) गरी मारेको भनि सादृश्य गर्दा दृश्य बिम्बको सिर्जना हुन पुगेको छ । उपन्यासको अन्तिम परिच्छेद तिर आइपुग्दा महाराज देवशमशेर आफ्नो पतनको घडीको आवाज सुन्न सेतोदरबार पुग्नु अघि घण्टाघरनिर अडिए, घाँडो बजेको सुन्न मृग अडेको जस्तो (२२३) भनि उपन्यासकारले यहाँ श्रव्य बिम्बको सिर्जना गरेका छन् । यसरी उपन्यासमा सुरुदेखि अन्त्यसम्म कथानकका घटनासँग तारतम्य मिलाइ गरिएको बिम्बको सिर्जनाले तथ्यगत ऐतिहासिक विषय रहेको यो उपन्यास औपन्यासिक रङ्गले सजिन पुगेको छ ।

## ३.९ गति र लय

**सत्प्रयास** वर्णनात्मक उपन्यास भएकोले यसको कथानक मन्द गतिमा अगाडि बढेको छ । यस उपन्यासमा ऐतिहासिक घटनालाई कथानकको रूपमा लिइएको छ । यसमा कथानक अघि बढ्ने क्रममा तत्कालीन समय भन्दा अघिल्लो इतिहासका घटनाको वर्णन गरिएको छ, जसले गर्दा कथानक मन्द गतिमा अगाडि बढेको छ । जस्तैः वीरशमशेरले खड्गशमशेरलाई सत्ता हत्याउने हुन् की भन्ने डरले शङ्का गर्दा वि.सं. १९४२ सालको हत्याकाण्डको सम्झना गरेका छन् (पृ.३९) । यस उपन्यासमा वीरशमशेरले वि.सं. १९४२ सालमा भएको रणोद्दीप सिंहको हत्याकाण्डको षडयन्त्रदेखि हत्यासम्मका घटना बीच बीचमा सम्झना गरेका छन् । इतिहासका कुराहरू यसरी दोहोरिनुले कथानक सरसर्ती अघि बढ्न सकेको छैन ।

यस उपन्यासमा उपन्यासकारले शासकवर्गका पोसाक, तत्कालीन सामाजिक

परिवेशको वर्णन, दरबारहरूको पनि प्रशस्त वर्णन गरेका छन् । जस्तै नायक देवशमशेरले लगाएको पोसाक, उनको जीउडाल(३१), लालदरबार, सेतोदरबार, फोहरा दरबार आदिको वर्णन, तत्कालीन दासीहरूको, रैतीदुनियाको अशिक्षित मानसिक स्तर जस्तै : देवशमशेरले जनताका छोराछोरीलाई शिक्षा दिन स्कूलमा भर्ना गर्न अनिवार्य गराउदा पनि उनीहरूले "सरकार स्कूलबाट छोराको नाम कटाइ पाऊँ भनि गरेको अनुरोध" (११) आदिलाई चित्रात्मक रूपमा उतारेका छन् त्यसैले यसमा दृश्यात्मक शैलीको प्रयोग भएको छ ।

**सत्प्रयास** उपन्यासमा प्रयोग भएका श्लोकहरू, उखान टुक्का मिश्रित वाक्यहरको प्रयोग, अनुकरणात्मक शब्दको माधुर्यता, सुगठित अनुच्छेद आदिले उपन्यासको लय संयोजन पनि कुशल रहेको देखिएको छ । यस उपन्यासमा नायक देवशमशेरले प्रयोग गरेका संस्कृत श्लोक, अङ्ग्रेजी शब्द आदिले तत्कालीन समयमा अलि अस्वभाविक पनि लाग्छ, त्यसैले उपन्यासको लय सरल नभइ जटिल जस्तो प्रकृतिको पनि लागेको छ । तापनि  समग्रमा उपन्यास पढ्दै जाँदा कथानक सरल ऐतिहासिक भएकोले, घटनालाई सादृश्य गर्न पूर्वघटनाको कुशल संयोजन, दासीहरू, सर्वसाधारण रैतीदुनीयाहरूले प्रयोग गरेका वर्गीय चरित्रका भाषा नेपाली समाजमा प्रचलनमा रहेका उखानटुक्काको कुशल प्रयोग आदिले उपन्यासलाई सरल बनाएका छन् ।

यसरी **सत्प्रयास** वर्णनात्मक उपन्यास भएकोले यसको कथानक मन्द गतिमा अगाडि बढेको छ । यसमा प्रयोग भएका शब्द र वाक्य चयन, सुगठित अनुच्छेद आदिले लय संयोजन पनि सरल र कलात्मक रहेको छ ।

## परिच्छेद : चार

# उपन्यासकार डायमनशमशेर राणाको सङ्क्षिप्त परिचय र 'सत्प्रयास' उपन्यासमा उनको जीवनको प्रत्यावर्तन

### ४.१.१ जन्म र जन्मस्थान

उपन्यासकार डायमनशमशेर राणाको जन्म वि.सं. १९७५ साल असार २१ गते नेपालको पाल्पा जिल्लाको तानसेन बजारमा भएको थियो । तत्कालीन पाल्पा जिल्लाका बडाहाकिम उनका बाबु बुधशमशेर र उनकी साँहिली धर्मपत्नी मोहनकुमारीका कान्छा सुपुत्रका रूपमा डायमनशमशेरको जन्म भएको थियो । (रेग्मी, २०५४ : ४३)

### ४.१.२ पारिवारिक पृष्ठभूमि

राणाशासनको जग बसाउने (संस्थापक) जङ्गबहादुर राणाका कान्छा भाइ धीरशमशेरका चौधौं पुत्र शेरशमशेर जबरा डायमनशमशेरका हजूर बुबा थिए ।शमशेर खलकका भएकाले जङ्गबहादुरको मृत्युपछि नेपालको राजनीतिक इतिहासमा उनको हजूरबुबाको धाक-रवाफ निकै बढ्न थाल्यो । राणाहरू शासक वर्गका व्यक्ति भएकाले दरबारदेखि लिएर समाजमा उनको निकै मानसम्मान पनि थियो । त्यही धाकरवाफले गर्दा उनका हजूरबुबा सरकारी प्रशासनको उच्च ओहदामा कार्यरत बन्न पुगेका थिए । उनले असङ्ख्य धन सम्पत्ति कमाउने मौका पाएका थिए । उनका हजूरबुबाको निधनपछि उनका बुबा बुधशमशेरले बाबुको जिम्मेवारी सम्हालेर नेपालका विभिन्न जिल्लामा यात्रा गर्ने मौका पाए । बुधशमशेरका चार पत्नीहरू क्रमशः खगेन्द्रकुमारी, गजराजकुमारी, मोहनकुमारी र चन्द्रकुमारी थिए । जेठी, माहिली र साहिँली पत्नीबाट पाँच सन्तानको जन्म भएको थियो । डायमनशमशेरकी आमातिरबाट ५ सन्तान भएका थिए । उनी माथि दुई दाजुहरू (जेठा गगनशमशेर र माहिला योधराजशमशेर कर्णेल) र दुई दिदीहरू थिए तर हाल उनकी कान्छी दिदी मात्र जीवित छिन् । उनको (दिदीको) विवाह भारतको त्रिपुरा स्टेटका राजकुमार कर्णेल प्रफुल्लदेव बर्मनसँग भएको थियो भने जेठी दिदीको विवाह साहबज्यू चन्द्रविक्रम शाहसँग भएको थियो । यसरी समृद्ध, सम्पन्न राणा परिवारमा जन्मेर पनि आफ्नै परिस्थिति र भाग्यले गर्दा अहिले उनी साधारण जीवन बिताइरहेका छन् । (ऐजन, ४३)

### ४.१.३ बाल्यकाल र शिक्षादीक्षा

उपन्यासकार डायमनशमशेर राणाको जन्म सम्पन्न परिवारमा भएको हुनाले उनको बाल्यकाल त्यति दुःखपूर्ण रहेन । उनी छ महिनाको हुँदा उनका बाबुको पाल्पाबाट काठमाडौँमा सरुवा भएकोले उनी पनि बाबुसँगै जन्मस्थानबाट काठमाडौँमा ल्याइए । उनको पुर्ख्यौली घर थापाथलीमा थियो । उनका हजूरबुबाले (शेरशमशेर) त्यो घर चन्द्रशमशेरलाई बेचेपछि सपरिवार उनीहरू कुपण्डोल स्थित हालको घरमा सरे । त्यतिबेला उनी साढे तीन वर्षका थिए ।

उनको प्रारम्भिक शिक्षाको सुरुआत घरबाट नै भएको थियो । उनी पाँच वर्षको हुँदा उनलाई पढाउन घरमै शिक्षक राखियो । उनले देवनागरी लिपिका अक्षरहरू सामान्यरूपमा पढ्न र लेख्न थालेपछि उनलाई पुनः अङ्ग्रेजी शिक्षा दिलाउन अङ्ग्रेजी शिक्षकको पनि व्यवस्था गरियो । उनको अनौपचारिक शिक्षा घरमै पूरा भएपछि आठ वर्षको उमेरमा मङ्गलबजार स्थित पाटन स्कूलमा कक्षा चार (तत्कालीन समयको सिक्स क्लास) मा भर्ना गराई औपचारिक शिक्षाको थालनी गराइयो । उनको पढाइको क्रममै बाबु बडाहाकिम भएर वीरगञ्जमा गए र उनी पनि बाबुसँगै त्यतैतिर लागे । उनलाई त्यस समयमा पनि कलकत्ताबाट बङ्गाली शिक्षक झिकाई घरमै पढाउने व्यवस्था मिलाइए तापनि शिक्षकले पढाइमा भन्दा चाकरीमा ध्यान पुऱ्याएको हुँदा उनको अध्ययनको आकाङ्क्षामा पूर्णता आएन । करिब पाँच वर्षपछि उनका बाबुको हनुमान नगरमा सरुवा भयो । त्यहाँ कुनै पनि विद्यालय नभएको हुनाले उनको पढाइमा क्रमिकता आउन सकेन । त्यसपछि उनका पिताको पुनः काठमाडौँमा सरुवा भयो । त्यही समयमा उनको एस.एल.सी. दिने विचार भएको हुँदा प्रो. अनमेश राय चौधरीसँग घरमै बसेर अध्ययन गर्न थाले । त्यही समयमा उनले शेक्सपियर, किट्स, शेली, वाइरन, वाल्टरस्टक, वनार्ड शा जस्ता लेखकका विभिन्न कृतिहरूको अध्ययन गर्ने मौका पाए । वि.सं. १९९८ सालमा उनका पिताको अठचालीस वर्षको उमेरमा निधन भयो । फलस्वरूप उनको पढाइ पुनः रोकियो । त्यसको केही समयपछि उनले फेरि एस.एल.सी. (म्याट्रिक) परीक्षाको तयारी गर्न थाले । त्यति बेलाको समयमा नेपालमा एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था नभएको हुँदा परीक्षा दिनको लागि नेपालबाट भारतका विभिन्न राज्यहरूमा रहेका परीक्षा केन्द्रहरूमा जानुपर्दथ्यो । तत्कालीन समयमा भारतको पटनाकेन्द्र नेपालबाट जाने विद्यार्थीहरूका लागि सुविधायुक्त

मानिन्थ्यो, जसका निम्ति छ महिना त्यही बसेर अध्ययन गर्नुपर्दथ्यो । उनको पारिवारिक समस्याले गर्दा उनी छ महिना त्यहाँ बस्न सकेनन् र भारतकै अर्को परीक्षा केन्द्र सिलङबाट (सिलोन) जाँच दिने निधो गरे । "अभागी खप्पर जता गयो उतै ठक्कर" भनेझैं त्यही समयमा दोस्रो विश्वयुद्ध सुरु भयो । फलस्वरूप सिलाङको परीक्षा केन्द्र पनि बन्द भयो । अर्कोतर्फ राणा परिवारका सदस्य भएकाले उनले सैनिक सेवामा भर्ती हुनुपर्ने भयो र उनको पढ्ने अभिलाषा पूरा हुन सकेन । (ऐजन, ४४)

यसरी उनको अध्ययनको परिस्थिति प्रतिकूल बन्दै गएपछि उनले औपचारिक शिक्षा प्राप्त गर्न सकेनन् । उनको मनको इच्छा मनमै रह्यो । उनलाई सैनिक सेवामा प्रवेश गराइएपछि हातहतियारको तालिम दिलाउन भारतको भाउमिलिटरी स्कूलमा पठाइयो । त्यहाँबाट उनले लाइटवीपन ट्रेनिङ्ग पास गरे । फुर्सदको समयमा उनको विभिन्न विद्वान्हरूद्वारा लेखिएका कृतिहरूको अध्ययन गर्ने बानी तथा स्वाध्ययनको साधनाले गर्दा उनको साहित्य सिर्जनामा ठूलो टेवा पुऱ्याउँदै आएको छ । (ऐजन, ४५)

### ४.१.४ ब्रतबन्ध, विवाह र दाम्पत्य जीवन

वि.सं. १९९७ सालमा २२ वर्षको उमेरमा हिन्दू धर्म, नेपाली संस्कृति र परम्परा अनुसार डायमनशमशेर राणाको ब्रतबन्ध बनारसमा भएको थियो । उनको ब्रतबन्ध भएको एक वर्षपछि वि.सं. १९९८ सालमा उनका पिताको देहान्त भएकोले घरको सम्पूर्ण पारिवारिक जिम्मेवारी उनको काँधमा आइपऱ्यो । त्यसपछि उनलाई घरको जिम्मेवारी चलाउनका निम्ति २४ वर्षको उमेरमा वि.सं. १९९९ सालमा पश्चिम एक नम्बर नुवाकोटको वट्टार निवासी श्री ढालविक्रम शाहकी सुपुत्री बालिका शाहसँग विवाह बन्धनमा बाँधिए विवाह भएको तीन वर्षपछि वि.सं. २००२ सालमा उनको प्रथम सन्तानको रूपमा उनकी एकमात्र छोरी तीर्थेश्वरी राणा (हाल डा. गीता कार्की) को जन्म भयो । त्यसपछि क्रमशः खुश्वुशमशेर राणा र रघुशमशेर राणाको जन्म भयो । २०३३ सालमा बेलायतमा भएको कार दुर्घटनामा परेर छोरा (खुश्वु) को मृत्यु  भएपछि उनीमाथि पुत्रशोकको ठूलो वज्रपात पऱ्यो । जीवनमा जस्तोसुकै उतारचढाउको सामना गर्नु परे पनि उनको दाम्पत्य जीवन भने सफल देखिन्छ । (ऐजन, ४५)

### ४.१.५ आजीविका

डायमनशमशेर समृद्ध राणा परिवारमा जन्मेको हुनाले उनलाई आजीविकाको लागि कुनै प्रकारको सेवा सर्तको खाँचो परेको थिएन तैपनि बाबुको मृत्यु (१९९८) पश्चात् उनमा बाबुको कर्तव्यको बोझ थपिनु स्वाभाविकै हो । त्यसैले गर्दा उनले बाबुको ठाउँमा सैनिक सेवामा प्रवेश गर्नुपर्ने पारिवारिक कर्तव्य ठानी सैनिक सेवामा भर्ती भए । उनी सैनिक सेवामा हुँदा राणा शासनको भ्रष्ट र अत्याचारी क्रियाकलापबाट असन्तुष्ट भई सैनिक सेवामा बहाली रहेरै पनि श्री ५ त्रिभुवनलाई स्वदेश फर्काउने आन्दोलनमा भाग लिएकाले २००७ साल माघ महिनातिर उनलाई कोर्ट मार्सलमा मृत्युदण्डको सजाय सुनाइयो तर २००७ सालको सशस्त्र क्रान्तिमा नेपाली काङ्ग्रेसले विजय प्राप्त गरेपछि उनले मृत्युदण्डको सजाय भने भोग्नु परेन ।

राणाशासनको समयमा उनको तराईमा दुई हजार विघा जमीन भएको हुँदा त्यसको आम्दानीले गर्दा उनलाई आर्थिक सङ्कट परेन । नेपालमा प्रजातन्त्रको स्थापनापछि भूमिसुधार कार्यक्रम अन्तर्गत उनको सो जमिन 'क' वर्गको बिर्ताअन्तर्गत वर्गीकृत भएपछि बाह्र हजार क्षतिपूर्ति दिई सरकारले लियो । उनको आजीविकाको स्रोत भनेको काठमाडौंमा रहेको पुर्ख्यौली घर नै रह्यो । त्यसपछि उनलाई आर्थिक सङ्कटले घेर्न थाल्यो । प्रजातन्त्रको बहालीपछि उनलाई राणा शासनमा गएको नोकरीमा पुनर्वहाली गरिएको थियो तर उनलाई सैनिक सेवाको जागीर मन नपरेका हुनाले बहाली भएको एक वर्षपछि त्यो जागीर पनि छोडिदिएका थिए । उनको **वसन्ती** उपन्यास २००६ सालमा प्रकाशित भएको हुनाले त्यसबाट केही लाभ मिल्नुको सट्टा झन् नोक्सानी बेहोर्नु परिरह्यो (ऐजन, ४५) । उनलाई लेखनकलाले कुनै साथ दिन सकेन । वि.स. २०३० सालमा **सेतो बाघ** प्रकाशित हुन पुगेपछि त्यसबाट केही आम्दानी भयो । उनले आफ्नो लेखनलाई निरन्तरता दिँदै गए । उनको साहित्यिक लेखनले उचित मूल्य पाउन थालेको भने वि.सं. २०४१ सालमा अङ्ग्रेजी भाषामा **सेतो बाघ** अनूदित भई प्रकाशित भएपछि मात्र हो । २०३० सालमा उनको **वसन्ती** हिन्दीमा अनुवाद भई प्रकाशित भयो । त्यसैगरी **सेतो बाघ** पनि फ्रान्सेली तथा जापानी भाषामा अनुवाद भई प्रकाशित भयो । जसले गर्दा आम्दानीको स्रोत बढ्न गयो । फलस्वरूप उनले लेखनलाई नै आफ्नो प्रमुख व्यवसाय मानेर जीविका चलाइरहेका छन् । (ऐजन, ४६)

## ४.२ व्यक्तित्व

डायमनशमशेर राणालाई चिनाउने व्यक्तित्वका पाटाहरू विविध भए तापनि यहाँ मूलतः दुई बुँदामा राखेर हेर्न सकिन्छ ।

### ४.२.१ उपन्यासकार डायमनशमशेर राणाको राजनीतिक व्यक्तित्व

वि.सं. १९७५ सालमा समृद्ध र सम्पन्न राणा परिवारमा जन्मेका डायमनशमशेर राणा शासनको निरङ्कुश व्यवस्थामा हुर्केका थिए । उनी प्रजातन्त्रका पक्षधर रहेर सधैँ निरङ्कुश एकतन्त्रीय शासन विरुद्ध लड्ने प्रजातान्त्रिक व्यक्तित्व हुन् । वि.सं. १९९८ सालमा बाबुको मृत्युपश्चात् उनी सैनिक सेवामा कार्यरत भए । राणा परिवारको व्यक्ति त्यसमा पनि सैनिक सेवामा कार्यरत जसले गर्दा उनले राणा शासनलाई राम्रोसँग भित्रैदेखि नियाल्ने मौका पाएका थिए । देशभक्तिको भावना र युवा जोश, जाँगर भएकाशमशेरलाई राणा शासनभित्रको घृणित कार्य पटक्कै मन परेन र त्यसप्रति वितृष्णा फैलन थाल्यो । राणाप्रतिको विरोध गर्ने साहस हुँदाहुँदै पनि त्यसलाई प्रत्यक्ष रूपमा विरोध गर्न नसकी कलममार्फत विरोध गर्ने आँट लिए र २००६ सालमा नेपाली काङ्ग्रेसले सशस्त्र क्रान्तिको आह्वान गरेपछि उनको नेपाली काङ्ग्रेसप्रति सहानुभूति बढ्न थाल्यो । फलतः उनी नेपाली काङ्ग्रेसका समर्थक भई २००७ सालमा त्यसकै क्रियाशील सदस्यका रूपमा आफूलाई संलग्न गराए । २००७ सालमा त्रिभुवनको समर्थन गर्दै राणा विरोधी जुलुसमा भाग लिएको हुँदा उनलाई समातेर सिंहदरबार जेल चलान गरियो । सत्र दिनसम्म जेलको चिसो छिडीमा आफ्नो जीवन बिताए । त्यसै बेलामा उनलाई कोर्टमार्सलमा फाँसीको सजायसमेत सुनाइएको थियो । त्यसपछि नेपाली काङ्ग्रेसले विजय प्राप्त गरी राणा शासनको अन्त्य गरेपछि उनी स-सम्मान रिहा भई जागीरमा समेत बहाली भए । (ऐजन, ४६)

प्रजातन्त्रको स्थापनापश्चात् उनी नोकरी छाडेर आफूलाई पूर्ण रूपमा राजनीतिमा समर्पित गर्दै नेपाली काङ्ग्रेसका कार्यकारिणी सदस्य भए । उनलाई नेपाली काङ्ग्रेसले पाटनको सभापतिमा घोषणा गऱ्यो । २००७ सालदेखि २०१७ सालसम्मको अवधिमा डायमनशमशेर आफ्नो जागीर छोडी पूर्णरूपमा राजनीतिक क्षेत्रमा संलग्न रहे । नेपालमा प्रजातन्त्र स्थापनापश्चात् उनी नेपाली काङ्ग्रेसको एक सक्रिय कार्यकर्ताका रूपमा चिनिन थाले । २००७ सालदेखि २०१७ सालमा उनी साहित्यकार डायमनशमशेर नभई

राजनीतिज्ञको रूपमा प्रतिष्ठित भए । (शर्मा, २०४२ : १६)

२०१४ सालमा देशमा आमनिर्वाचन गराउनु पर्दछ भन्ने आन्दोलनमा उनले पूर्णरूपमा समर्थन जनाए । उनको समर्थनलाई विरोध गर्दै पक्राउ परी ३ घण्टासम्म प्रहरी हिरासतमा रहेर जेलमुक्त गरिए । २०१५ सालमा नेपालमा प्रथम संसदीय निर्वाचन सम्पन्न भयो । नेपाली काङ्ग्रेसलाई विजयी बनाउने अभियानमा आफ्नो सम्पूर्ण समयलाई समर्पित गरे र नेपाली काङ्ग्रेसले चुनाव जिती नेपालको इतिहासमा प्रथम जननिर्वाचित सरकारको गठन भयो । त्यसको करीब अठार महिनापश्चात् श्री ५ महेन्द्रले जननिर्वाचित मन्त्रीमण्डल विघटन गरी मन्त्रीमण्डलका सदस्यहरू र नेपाली काङ्ग्रेसका सदस्य एवं कार्यकर्ताहरूलाई गिरफ्तार गर्न लगाएपछि देशमा संसदीय व्यवस्थाको साटो निर्दलीय पञ्चायती व्यवस्थाको सूत्रपात भयो । यसै क्रममा डायमनशमशेर पनि पक्राउमा परे । नख्खु जेलमा छ वर्षको जेल जीवनपश्चात् वि.सं. २०२२ सालमा उनी रिहा गरिए । उनको मनमा परेको संसदीय प्रजातन्त्र प्राप्ति मात्र देशको कल्याणकारी शासन व्यवस्था हो भन्ने छाप परिरह्यो । त्यसलाई प्रकट गर्नका निम्ति उनले कलम समाई साहित्यिक लेखनमा अग्रसरता ल्याउने तत्परता देखाई साहित्यिक क्षेत्रमा प्रवेश गरे । साहित्य मार्फत नै संसदीय व्यवस्थाको वकालत गरे, त्यसैले उनले ऐतिहासिक उपन्यासको साथसाथै ऐतिहासिक पृष्ठभूमिमा आधारित सामाजिक, राजनीतिक उपन्यासको रचना पनि गर्न पुगे । **प्रतिबद्ध, अनिता** र **धनको धब्बा** यसकै परिणाम हुन् । वि.सं. २०४६ सालको जनआन्दोलनमा उनी लेखकहरूद्वारा सञ्चालन गरिएको सत्याग्रहमा भाग लिएको कारण आठ घण्टासम्म प्रहरीको हिरासतमा बसे । (ऐजन :४७)

यसरी राजनीतिमा अत्यन्तै चासो राख्ने डायमनशमशेर नौ पटकसम्म प्रहरीको हिरासत र कारागारमा बसेका थिए । उनी विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रभावित भएका संसदीय व्यवस्थाका कट्टर पक्षपाती थिए । उनले संसदीय व्यवस्थाको स्थापना गर्न  र लेखन मार्फत (निरङ्कुश पञ्चायती व्यवस्था विरुद्ध) भए पनि प्रजातन्त्रको पुर्नस्थापना गर्न पनि धेरै सङ्घर्ष गरेर नेपालको राजनीतिमा योगदान दिन सफल देशभक्त राजनीतिक व्यक्तित्व हुन् ।

### ४.२.२ उपन्यासकार डायमनशमशेर राणाको साहित्यिक व्यक्तित्व

डायमनशमशेर राणाको सबैभन्दा महत्त्वपूर्ण व्यक्तित्व सशक्त साहित्य स्रष्टा व्यक्तित्व नै हो । उनको औपचारिक शिक्षा प्राप्त गर्ने इच्छा अधुरो रहे पनि फुर्सदको समयमा विभिन्न लेखकका कृतिमार्फत् आफ्नो अध्ययनलाई निरन्तरता दिइरहन्थे । उनको यहि स्वाध्ययनको साधनाले उनको स्रष्टा व्यक्तित्व उच्च राख्न ठूलो मद्दत मिल्यो । पढ्ने इच्छा हुँदाहुँदै पनि पढ्न नपाई सैनिक सेवामा कार्यरत रहनुपर्ने अवस्था आएको थियो । त्यस पेशाबाट उनले अनेकौं अनुभवहरू बटुल्ने मौका पाएका थिए र राणा शासनप्रतिको विरोधीस्वरलाई आफ्ना साहित्यिक रचना मार्फत प्रस्फुटन गरे । डायमनशमशेरले राणा शासनप्रतिको आफ्नो आक्रोशलाई साहित्यको बाटो रोजे जसबाट आज उनी नेपाली साहित्याकाशमा चम्किला तारा बनेर चम्किरहेका छन् । उनी दुई ढुङ्गाबीचको तरुल जस्तै भए नत उनले एकातिर राणा खलकका भएकाले राणाको सोझै विरोध गर्न सके नत अर्कोतिर राजनीतिक व्यक्तिसँग लागेर सक्रिय राजनीति नै गर्न सके । मनमा राणाप्रतिको विरोधी स्वर रहिनै रह्यो र त्यसलाई विद्रोह गर्न साहित्य सिर्जनालाई हतियार बनाए । राणालाई सोझै विरोध गर्न नसकिने देखेर आफूले देखेका र सुनेका कुरालाई ऐतिहासिक उपन्यासद्वारा व्यक्त गर्न सकिने ठानी ऐतिहासिक उपन्यासलाई आफ्नो साधनाको लक्ष्य बनाए । (ऐजन :४८)

उनी सानो छँदा घरमै गरेको अध्ययन र बाहिरबाट झिकिएका शिक्षकले दिएको प्रेरणाले उनको साहित्य सिर्जनामा हौसला मिल्यो । प्रो. अनमेश राय चौधरीसँगको अध्ययनले उनलाई थप हौसला प्रदान गऱ्यो । त्यस समयमा विश्वप्रख्यात साहित्यकारको कृति खोजी खोजी पढ्ने बानीले गर्दा राणा आफू पनि त्यसैतिर मोडिई कृतिहरू लेख्ने इच्छा जाग्यो । उनको उपन्यास लेखन पूर्व प्रकाशित भएका टुकराज पद्मराज मिश्रका रजबन्धकी (१९९६) र रामकृष्ण कुँवर राणा (१९९९) जस्ता ऐतिहासिक उपन्यासहरूले पनि उनलाई ऐतिहासिक उपन्यास लेखनमा ठूलो प्रेरणाको काम गरे । उनले आफ्नो क्रान्ति गर्ने चाहनालाई बन्दूकद्वारा नभई कलमद्वारा अगाडि बढाए र ऐतिहासिक उपन्यासको सूत्रपात गरे । निरङ्कुश राणा शासन नै उनको साहित्य सिर्जनाको मूल स्रोत बन्न पुग्यो । रुद्रराज पाण्डेको **रूपमती** (१९९१) ले आधुनिक नेपाली उपन्यास परम्परामा जरो टेके तापनि अन्य विधा (कविता) जत्तिकै उपन्यास फैलन पाएको थिएन । टुकराज पद्मराजले लेखेका

उपन्यासमा सूक्ष्म इतिहासका कुरा मात्र भएकाले त्यसलाई ऐतिहासिक उपन्यासको पोल्टामा राख्न सकिएन । जब डायमनशमशेरको **वसन्ती** (२००६) आयो त्यसले पूर्ण रूपमा ऐतिहासिक उपन्यासको दर्जा पायो । यसरी आधुनिक नेपाली उपन्यासपरम्परामा डायमनशमशेरले प्रथम ऐतिहासिक यथार्थवादी उपन्यास लेखेर आफूलाई प्रथम ऐतिहासिक उपन्यासकारका रूपमा उभ्याउन सफल भए । उनले भनेका छन्- "म ऐतिहासिक लेखनमा लाग्नुको उद्देश्य क्रान्तिलाई सघाउनु थियो । राणाहरूका विरुद्ध बन्दुक उठाउन नसकेकाले कलम चलाएको हुँ । **वसन्ती** मेरो क्रान्तिमा सामेल भएको पहिलो अभिव्यक्ति थियो ।"(ऐजन :४९) उनले वि.सं. २००३ सालमा **वसन्ती** उपन्यास लेखी सिध्याए पनि त्यसलाई सरकारले छाप्ने अनुमति दिएन । त्यसको तीन वर्षपछिमात्र (२००६ सालमा) आफ्नै लगानीबाट त्यसलाई प्रकाशित गरे । त्यतिबेला साहित्यतर्फ पाठकको त्यति रुचि नभएको हुँदा उनले कसैलाई पैसा, कसैलाई कोट, कसैलाई जुत्ता दिएर उपन्यास पढ्न लगाई आलोचना सुन्ने गर्दथे । काठमाडौँमा उनको **वसन्ती** एक प्रति पनि बिक्री भएको थिएन तर त्यही उपन्यास दार्जीलिङमा दुईसय प्रति बिक्री भएको थियो । (शर्मा, २०४२ : १७)

यसरी पुस्तक बिक्री नभएपछि उनलाई निराशाले छायो र उनी साहित्य सिर्जनालाई त्यागेर पूर्णरूपमा राजनीतिमै लागे । २०१७ साल पुस १ गतेको राजनीतिक परिवर्तनपछि उनी ६ वर्ष नख्खु जेलमा थुनिए । उनीसँगै थुनिएका साथी डा. के.आई. सिंह, मदनमणि दीक्षित, तारिणीप्रसाद कोइराला, पूर्णबहादुर मानन्धर आदिको हौसलाबाट पुनः उपन्यास लेख्न थाले । यही समयमा उनले **सेतो बाघ** को रचना गरे । यही उपन्यासबाट नै मूल रूपमा डायमनशमशेर नेपाली साहित्यका क्षेत्रमा ऐतिहासिक उपन्यासकारका रूपमा बहुचर्चित हुन पुगे । (ऐजन, १८)

उनको अन्तरात्मामा गुञ्जिरहेको संसदीय व्यवस्थालाई साहित्यद्वारा अभिव्यक्त दिने अठोट गरी उनले ऐतिहासिक पृष्ठभूमि भएका राजनीतिक-सामाजिक उपन्यासको रचना गर्न थाले । **सेतो बाघ** पछि उनको प्रतिबद्ध, (२०३४) उपन्यास प्रकाशित भयो । २०३८ सालमा सत्प्रयास उपन्यास प्रकाशित भयो । वि.स.२०३८ सालमा **सत्प्रयास** उपन्यास संसदीय व्यवस्थाको वकालत गर्दै प्रकाशित भयो । २०४३ सालमा अनिता तत्कालीन समाजप्रतिको विद्रोह गर्दै ऐतिहासिक पृष्ठभूमिमा राजनीतिक-सामाजिक लेखनको छाप पार्दै प्रकाशित हुन पुग्यो । त्यति बेला देशमा राजनीतिक परिवर्तनको आन्दोलन चलिरहेको थियो । त्यसलाई

वाणी दिने तथा पञ्चायती व्यवस्थाको अन्तरतहमा रहेको विकृतिलाई छलङ्ग पार्ने हेतुले उनले पुनः कलमलाई अगाडि बढाए । २०४६ सालमा आएको प्रजातन्त्रले उनको लेखनलाई टेवा पुऱ्यायो र त्यसैको प्रतिफल स्वरूप २०५१ सालमा धनको धब्बा प्रकाशित हुन पुग्यो र हालसम्ममा सबैभन्दा पछिको उपन्यास हो **गृहप्रवेश** (२०५९) यो खुल्ला र स्वतन्त्र रूपमा लेखिएको छ ।

अहिलेसम्म उनका सातओटा औपन्यासिक कृतिहरू प्रकाशित भइसकेका छन् । **वसन्ती**, **सेतो बाघ**, **सत्प्रयास** र **गृहप्रवेश** पूर्णत : ऐतिहासिक उपन्यासहरू हुन् । **प्रतिबद्ध** ऐतिहासिक उपन्यास शिल्पमा अडेको यथार्थ परिवेशमा आधारित साहसिक उपन्यास हो तर यसको मूलमा चाहिँ प्रेमको लागि परित्याग र आदर्श सिद्धान्तप्रति समर्पणको भावना छ । (घिमिरे, २०५०) **अनिता** र **धनको धब्बा** पनि प्रतिबद्धकै गोरेटोमा हिँडेका छन् । यी उपन्यासमा डायमनशमशेरको राजनीतिक सिद्धान्तको चर्को गन्ध पाइन्छ । २००६ सालको **वसन्ती** उपन्यासले प्राप्त गरेको मूल्य या स्थानबाट प्रभावित भएर डा. दीनानाथ शरणले यसलाई हिन्दी भाषामा अनुवाद गरे । मोहनकुमारी राणाको सक्रियतामा २०३० सालमा यसको हिन्दी संस्करण पनि प्रकाशित भयो । सेतो बाघ लाई उनको अहिलेसम्मको सर्वोत्कृष्ट उपन्यास मान्न सकिन्छ । यसै उपन्यासले गर्दा उनी नेपाली साहित्यका इतिहासमा अझै प्रतिष्ठित र सम्मानित भएका छन् । **सेतो बाघ** उपन्यास तीन भाषामा अनूवाद भई प्रकाशित भएको छ । काजुहिरो साइकीले जापानी भाषामा, श्रीमती ग्रेटा राणाले अङ्ग्रेजी भाषामा (शीर्षक 'वाक् अफ् द ह्वाइटटाइगर'), रविन कुञ्जले फ्रान्सेली भाषामा (ले टाइग्रे ब्लाक शीर्षक) अनुवाद गरेका छन् । (रेग्मी, २०५४ : ५०)

### ४.२.३ पुरस्कार तथा सम्मान

डायमनशमशेर राणालाई शुभ समूहद्वारा प्रत्येक वर्ष एक जना वरिष्ठ साहित्यकारलाई दिइने सम्मान तथा 'शुभ समूह पुरस्कार' २०४२ ले सम्मानित गरिएको थियो । त्यस्तै गरी भारती खरेल स्मृति प्रतिष्ठानद्वारा प्रत्येक वर्ष प्रदान गरिने 'भारती खरेल स्मृति पुरस्कार' २०५० बाट पनि उनी पुरस्कृत भएका थिए । (रेग्मी, २०५४ : ५०) २०५४ साल भाद्र ४ गते शुभ समूहको चौथो वार्षिक उत्सवको शुभ अवसरमा उनलाई सम्मान गरियो । २०५५ असार २९ गते राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरियो । २०५६ जेठ ८ गते सर्वदा वाङ्मय प्रतिष्ठानले उनलाई सम्मान गऱ्यो । वि.सं. २०५७ वैशाख ३१ गते 'द

रेयुकाई नेपाल पाटन शाखा' ले सम्मान पत्र प्रदान गऱ्यो । २०५७ माघ १६ मा सनातन धर्म सेवा समितिले अभिनन्दन प्रदान गऱ्यो । त्यस्तै २०५७ चैत २६ गते गणेशमान सिंह अध्ययन प्रतिष्ठानले सम्मान पत्र प्रदान गऱ्यो । २०५७ चैत्र ३१ गते कलासाहित्य समाजसेवाले अभिनन्दन गऱ्यो । त्यस्तै १६ सेप्टेम्बर १९९८ इ. का दिन हाउस अफ राजकर्णिकार समूहद्वारा 'लाइफ टाइम अचिभमेन्ट' प्रदान गऱ्यो भने वि.सं. २०५७ चैत्र ३१ गते सभामुख तारानाथ रानाभाटको प्रमुख आतिथ्यमा आह्वान समूह परिवार चाबहिलद्वारा अभिनन्दन गरियो । (अधिकारी, २०६० : २६)

उपन्यासकार डायमनशमशेर राणाले अन्य केही विधामा हात चलाए तापनि उनको प्रमुख विधा उपन्यास हो । उनको साहित्य सिर्जनाको सम्पूर्ण प्राप्ति नै ऐतिहासिक उपन्यास हो । नेपाली ऐतिहासिक उपन्यास परम्परामा एक छत्र कलम चलाउने स्रष्टा व्यक्तित्व हुन् ।

## ४.३ 'सत्प्रयास' उपन्यासमा डायमनशमशेर राणाको जीवनको प्रत्यावर्तन

उपन्यासकार डायमनशमशेर राणाको जन्म वि.सं. १९७५ साल असार २१ गते नेपालको पाल्पा जिल्लाको तानसेन बजारमा भएको थियो । तत्कालीन पाल्पा जिल्लाका बडाहाकिम उनका बाबु बुधशमशेर र उनकी साँहिली धर्मपत्नी मोहनकुमारीका कान्छा सुपुत्रका रूपमा डायमनशमशेरको जन्म भएको थियो । राणाशासनको जग बसाउने ( संस्थापक) जङ्गबहादुर राणाका कान्छा भाइ धीरशमशेरका चौधौं पुत्र शेरशमशेर जबरा डायमनशमशेरका हजूर बुबा थिए ।शमशेर खलकका भएकाले जङ्गबहादुरको मृत्युपछि नेपालको राजनीतिक इतिहासमा उनको हजूरबुबाको धाक-रवाफ निकै बढ्न थाल्यो । राणाहरू शासक वर्गका व्यक्ति भएकाले दरबारदेखि लिएर समाजमा उनको निकै मानसम्मान पनि थियो । डायमनशमशेर राणा समृद्ध, सम्पन्न राणा परिवारमा जन्मेर पनि आफ्नो बुबाको छिट्टै मृत्यु भएकोले परिस्थिति र बाध्यताको जिम्मेवारीभित्र परी आफ्नो औपचारिक अध्ययनलाई पूरा गर्न पाएनन् ।

डायमनशमशेर राणा राणा शासनको निरङ्कुश व्यवस्थामा हुर्केका थिए । उनी प्रजातन्त्रका पक्षधर रहेर सधैं निरङ्कुश एकतन्त्रीय शासन विरुद्ध लड्ने प्रजातान्त्रिक व्यक्तित्व हुन् ।  वि.सं. १९९८ सालमा बाबुको मृत्युपश्चात् उनी सैनिक सेवामा कार्यरत रहेका र राणा परिवारको व्यक्ति त्यसमा पनि सैनिक सेवामा कार्यरत जसले गर्दा उनले

राणा शासनलाई राम्रोसँग भित्रैदेखि नियाल्ने मौका पाएका थिए । देशभक्तिको भावना र युवा जोश, जाँगर भएकाशमशेरलाई राणा शासनभित्रको घृणित कार्य पटक्कै मन परेन र त्यसप्रति वितृष्णा फैलन थाल्यो । राणाप्रतिको विरोध गर्ने साहस हुँदाहुँदै पनि त्यसलाई प्रत्यक्ष रूपमा विरोध गर्न नसकी कलममार्फत विरोध गर्ने साहस गरी फलस्वरूप वि. स. २००६ सालमा **वसन्ती**को प्रकाशनबाट आफूभित्रको राणाहरूप्रतिको विद्रोहलाई उजागर गरे । त्यसपछि उनले जन्मेदेखि नियालिरहेको दरबारिया षडयन्त्र र घटनाहरूलाई सेतो बाघ मार्फत प्रस्फूटन गरे ।

डायमनशमशेर राणाले एकतन्त्रीय, जनाधार विहिन शासन व्यवस्था षडयन्त्र र रक्तपातमा अडेको हुन्छ । त्यसैले उनले कानूनी शासन सहितको, जनताको आधार भएको शासन व्यवस्थाको स्थापना गर्नका निम्ति आफ्नो प्रजातान्त्रिक राजनीतिक दर्शनलाई वि.सं. २०३८ मा **सत्प्रयास** उपन्यासको रचनामार्फत व्यक्त गरेर राणा विरोधी स्वरलाई प्रस्फूटन गरेका छन् । जस्तै : मुख्तियार खड्गशमशेरको पतन हुन लागेको अवस्थामा देवशमशेरले भने "चुँडिएका चङ्गा कहाँ खस्यो ? के भयो ? हामी वर्तमान शासकवर्ग जनताका प्रतिनिधि होइनौँचुनिएर आएका । हाम्रो आधार जनतामा छैन । चुँडिएका चङ्गाजस्ता छौँ जसको जहिले पनि पतन हुन सक्छ ।" (पृ. १४१)

उनले **सत्प्रयास** उपन्यासमा उनको बालक  अवस्थादेखिकै भोगेका मन नपरेका दरबारिया घटना, षडयन्त्रहरूलाई यथार्थ रूपमा चित्रण गरेका छन् । डायमनशमशेर राणा राणा परिवारमा जन्मेर पनि राणाहरूकै शासन व्यवस्था प्रतिको  घृणा तथा विरोधि भावना आउनु त्यस भावनालाई **सत्प्रयास** जस्तो ऐतिहासिक रचना माफर्त व्यक्त गर्नु तत्कालीन व्यवस्था माथिको एउटा प्रहार नै हो । सत्प्रयास २०३८ मा डायमनशमशेर राणाले आफूभित्र रहेको प्रजातान्त्रिक भावनालाई नायक देवशमशेर मार्फत व्यक्त गरेका छन् । जस्तै : उपन्यासको दोस्रो परिच्छेदमा नै नायक देवशमशेरले जापानको विकाससम्बन्धी वैभवशाली देशमा शक्तिशाली सेना शीर्षक समाचार छापिएको पत्रिका देखाउँदै आफ्ना ठाइँला भाइ चन्द्रशमशेरलाई भने "हेर ठाइँला भाइ, अस्तिसम्म नेपालजस्तै सामन्तकालीन व्यवस्थामा पछि परेको जापानले संसदीय प्रणाली अपनाएको केही वर्षभित्र यत्रो प्रगति गरिरहेको छ" नेपालको एकतन्त्रीय शासनपद्धतिलाई जापानको प्रजातान्त्रिक साँचोमा ढाल्ने देवशमशेरको अभिप्राय प्रस्तुत छ । (पृ. ४,५)

यस उपन्यासमा इतिहासकै उदार देवशमशेरकै मार्फत आफूभित्रको देश विकासको नयाँ योजना, देशको परिवर्तनको नयाँ मार्ग सहितको यूवा जोश जाँगर, साहसलाई निकै सशक्त रूपमा प्रस्तुत गरेका छन् । **सत्प्रयास** उपन्यासमा उनले तत्कालीन निरङ्कुश व्यवस्थाभित्र पनि कसैले कसैको भलो नचाहने, कठोर परिस्थितिको चित्रण गरेका छन् । तापनि तत्कालीन व्यवस्थामा अस्वभाविक लाग्ने जनता शिक्षित पार्ने, देशमा भाषाको विकास गर्ने जस्ता कुरालाई निरन्तर प्रयास गरेर अघि सारेका छन् ।

डायमनशमशेर राणाले यस उपन्यासमा जनता अर्थात रैतीदुनियालाई नै आफ्नो योजनाको अवगत गराउने र उनीहरूलाई नै शासक छान्न दिने, देशबाट दासप्रथा जस्तो कुप्रथाको अन्त्य गर्ने जस्ता उदार एवं प्रजातान्त्रिक विचारलाई देवशमशेरबाट व्यक्त गरेका छन् ।

यसरी **सत्प्रयास** उपन्यासमा डायमनशमशेर राणाले राणा परिवारभित्रको जीवन भोगाइ र त्यसप्रतिको आफ्नो विचारलाई जीवन्त चित्र उतारेका छन् । यसमा उनले बालक देखि नै भोगेको राणा शासनका दरबारिया घटना र राजनैतिक उथलपुथललाई यथार्थ चित्रण गरेका छन् । यसमा राणा परिवारको निरङ्कुश शासन व्यवस्था र त्यस व्यवस्थाप्रतिको उपन्यासकारको विरोधी भावना र उनले वकालत गरेको प्रजातान्त्रिक भावनालाई सफल रूपमा उतारिएको हुनाले उपन्यासकार डायमनशमशेर राणाको जीवनको प्रत्यावर्तन पाइन्छ ।

# परिच्छेद : पाँच

## डायमनशमशेर राणाका औपन्यासिक यात्रा तथा उनका औपन्यासिक प्रवृत्तिहरू

### ५.१ डायमनशमशेर राणाको औपन्यासिक यात्रा

नेपाली साहित्यका विविध विधाहरूमध्ये डायमनशमशेरले उपन्यासका क्षेत्रबाट प्रसिद्धि पाएका छन् । उनको प्रमुख साहित्यिक उपलब्धी नै उपन्यास हो । आधुनिक नेपाली उपन्यास परम्परामा सुरु भएको आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा पश्चात् ऐतिहासिक यथार्थवादी धाराको सूत्रपात गर्ने प्रथम ऐतिहासिक उपन्यासकारका रूपमा डायमनशमशेरको नाम अग्र स्थानमा आउँछ । हुन त टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६) र 'रामकृष्ण कुवँर राणा' (१९९९) ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास हुन् तर ती इतिहासका शुष्क वर्णन मात्र भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सूक्ष्म यथार्थ एवं औपन्यासिक कलाको अभाव भएकाले ऐतिहासिक यथार्थवादी धाराको सुरुवात डायमनशमशेरको 'वसन्ती' (२००६) बाट भएको मानिन्छ । (बराल र एटम, ११३)

हालसम्म उनका सातओटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । सर्वप्रथम **वसन्ती** २००६, **सेतो बाघ** (२०३०), **प्रतिबद्ध** (२०३४),**सत्प्रयास** (२०३८), **अनिता** (२०४३), **धनको धब्बा** (२०५१) र 'गृहप्रवेश' (२०५९) हुन् । उपन्यासकार डायमनशमशेर राणाको जीवनी र व्यक्तित्वको अध्ययन गर्ने क्रममा कुसुम शर्माले उनको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गरेकी छिन् । (शर्मा, २०४२ : २०)

क) साहित्यिक यात्राको थालनी र प्रारम्भिक अवस्था, प्रारम्भदेखि २००६ सालसम्म **वसन्ती** प्रकाशन ।

ख) साहित्यिक यात्राको दोस्रो मोड, सेतो बाघको रचना कालदेखि (उनको जेलजीवन, २०१७ सालपछि) **सत्प्रयास** को प्रकाशन २०३८ सम्म

यस विभाजनमा एकातर्फ अध्ययनकर्ताले गरेको काल विभाजनका उपयुक्त आधारहरूको उल्लेख गरिएको छैन भने अर्कातर्फ उनको अध्ययन समय (२०४२) पछि लेखिएका उपन्यासहरू यसमा समेटिन सकेका छैनन् । तसर्थ उपन्यासकार डायमनशमशेरका २०४२ पछि प्रकाशित भएका उपन्यासहरूलाई समेट्ने गरी भोलानाथ

रेग्मीले 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास, २०५४' शीर्षक नामक शोधग्रन्थमा उनको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरेका छन् ।(रेग्मी: २०५४, ५७,५८)

क) प्रथम चरण- थालनीदेखि २०३० सम्म

ख) द्वितीय चरण- २०३१ देखि हालसम्म (यसका पनि दुई चरण छन्)

द्वितीय चरणको पूर्वाद्ध काल- वि.सं. २०३१ देखि २०३८

द्वितीय चरणको उत्तरार्द्ध काल- वि.सं. २०३९ देखि हालसम्म

यसमा पनि उनको शोधवर्ष २०५४ भएकोले त्यसपश्चात् प्रकाशित भएको **गृहप्रवेश** (२०५९) लाई यसमा समेटिएको छैन । तसर्थ उनका हालसम्म प्रकाशित भएका सम्पूर्ण उपन्यासलाई समेटेर हामीले चरण विभाजन गर्नुपर्ने देखिन्छ । विषयवस्तुको स्रोतका आधारबाट हेर्दा डायमनशमशेरका उपन्यासहरू दुई किसिमका छन् ।

ऐतिहासिक : **वसन्ती, सेतो बाघ, सत्प्रयास र गृहप्रवेश ।**

ऐतिहासिक पृष्ठभूमिका सामाजिक-राजनीतिक विषयवस्तुलाई अँगालेर लेखिएका : **प्रतिबद्ध, अनिता र धनको धब्बा ।**

साहित्य र राजनीति सँगसँगै अगाडि बढ्छ भने जस्तै डायमनशमशेरको साहित्यिक यात्रासँगै राजनीति पनि अगाडि बढेको पाइन्छ । उनले आफ्नो साहित्य सिर्जनाको अभीष्ट अङ्ग राजनीतिलाई मानेका छन् । (ऐजन, ५७) यस दृष्टिले उनका उपन्यासलाई पनि दुई चरणमा राखेर विभाजन गर्न सकिन्छ ।

क) प्रथम चरण : प्रारम्भदेखि वि.सं. २००६ सालसम्म अर्थात् लेखकीय राजनीतिक आग्रहमुक्त काल (वसन्ती)

ख) द्वितीय चरण : वि.सं. २००७ सालदेखि हालसम्म अर्थात् लेखकीय राजनीतिक आग्रहयुक्त काल (**वसन्ती** बाहेकका सबै उपन्यास यस चरणमा पर्दछन्)

यीबाहेक पनि उनका उपन्यासलाई लेखन शैलीका आधारमा पनि चरण विभाजन गर्न सकिन्छ तर उनका उपन्यासहरू एउटै शैलीका जस्ता देखिन्छन्, तसर्थ उनको औपन्यासिक यात्राको चरण विभाजन गर्ने प्रमुख आधार विषयवस्तुको स्रोतलाई लिन सकिन्छ । मूलभूत रूपमा सम्पूर्ण आधारलाई समेट्ने प्रयास गर्दै उनका उपन्यासहरूले लिएको समयलाई यसरी दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

प्रथम चरण : थालनीदेखि वि.सं. २०३० सालसम्म

द्वितीय चरण : वि.सं. २०३१ देखि हालसम्म

### ५.१.१ प्रथम चरण

यस चरणलाई उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्राको प्रारम्भिक काल पनि भन्न सकिन्छ । यस चरणमा उनको उपन्यास लेखनको थालनीदेखि परिपक्व अवस्थासमेत पर्दछ । उनको साहित्य साधनाको केन्द्रबिन्दु उपन्यास क्षेत्र नै हो । "उनले जुद्धशमशेरको अधिनायकवादलाई हिटलरको माध्यमबाट गाली गरेर एउटा लेख लेखेका थिए । त्यो 'शारदा' पत्रिकामा प्रकाशित भएको थियो, तर त्यो लेख अहिलेसम्म प्राप्त भएको छैन र लेखकलाई समेत शीर्षकको सम्झना छैन । (ऐजन, ५८) त्यसै गरी उनले २००७ सालमा स्व. श्री ५ त्रिभुवनको भारतबाट फिर्ती सवारी हुँदा सुनाउन एउटा कविता पनि लेखेका थिए, त्यो पनि प्रकाशित हुन नपाउँदै हरायो । (शर्मा, २०४२ : २०) उनले उपन्यासहरू र यी अप्राप्य लेखहरूबाहेक साहित्यका अन्य विधामा कलम चलाएका छैनन् । उनलाई साहित्यका क्षेत्रमा एक जाज्वल्यमान ताराको रूपमा उदाउन सफल बनाउने विधा उपन्यास नै हो ।

उनको यस चरणको प्रथम कृति **वसन्ती** उपन्यास (२००६) हो । राणाको औपचारिक शिक्षा पूरा गर्ने धोको मनमै रहे पनि त्यसलाई पूरा गर्न उनले लेखन कार्यलाई अगाडि बढाएका हुन् । उनको साहित्य सिर्जना गर्ने चाहना शेक्सपियर, किट्स, वनर्ड शजस्ताको कृति पढेबाट नै बढ्दै आएको थियो । उनले उपन्यास लेखन कार्यको सुरुआत २००३ सालबाट गरेका हुन् । त्यही वर्ष उनले **वसन्ती** लेखेर सिध्याए तापनि त्यति बेलाको राजनीतिक परिस्थिति र सामाजिक परिस्थितिले गर्दा प्रकाशन गर्न पाएनन् । त्यसको तीन वर्षपछि आफ्नै प्रयासबाट सो पुस्तकको प्रकाशन गर्न सफल भए । त्यति बेला साहित्यको

अध्ययन गर्ने पाठक पाउन मुस्किल पर्दथ्यो । त्यसैले उनको पुस्तक बिक्री पनि भएन र चर्चामा पनि आएन । त्यसपछि बनारसमा गएर केहीप्रति बिक्री भएको थियो । साहित्य सिर्जनामा लेखकको धारणा र त्यति बेलाको परिस्थितिले निकटतम सम्बन्ध राख्दछ भने झैं वसन्ती मा पनि त्यति बेलाको शासकीय कुत्सित प्रवृत्तिलाई अँगालेर लेखिएको छ । इतिहासका कुराहरूलाई समेटी लेखिएको उपन्यास भएको हुनाले यसका पात्रहरू पनि ऐतिहासिक छन् (वसन्ती र सिलाङे बाहेक) ।

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनले डायमनशमशेरमा पनि हलचल मच्यायो । उनले आफ्नो कलमलाई थमाएर राजनीतिप्रति चासो देखाउन थाले । उनी नेपाली काङ्ग्रेसको सक्रिय कार्यकर्ताको रूपमा कार्यरत भई संलग्न रहे । २०१७ सालमा श्री ५ महेन्द्रको शाही कदमपछि डायमनशमशेर राजनीतिक कार्यकर्ताको रूपमा समातिए र जेल चलान भए । उनी जेलमा रहँदा साथीहरूको प्रेरणाबाट फेरि साहित्यिक लेखनलाई अगाडि बढाउने सोच लिए । छ वर्षको जेल जीवनमा भोगेका कुराहरू, कोतपर्वबाट भएको जङ्गबहादुरको उदयदेखि २०४२ सालसम्मको नेपालको राजनीतिक इतिहासलाई समेटेर अर्को उपन्यास लेखे । त्यो हो **सेतो बाघ** (२०३०) । यसबाट नेपाली उपन्यास जगतमा आफूलाई एक प्रतिष्ठित व्यक्तित्वका रूपमा उभ्याउन सफल भए । यी दुई उपन्यासहरू ऐतिहासिक कथावस्तु, पात्र, घटना र परिवेशमा लेखिएका छन् । यस चरणका उपन्यासहरूले लेखकको मनमा रहेको विद्रोहको स्वरलाई प्रकट गरेका छन् । यस चरणमा प्रकाशित भएका उनका उपन्यासहरू आधुनिक नेपाली साहित्य (उपन्यास) का क्षेत्रमा नवीन शैली र नवीन विचार अँगाल्न सफल भएका ऐतिहासिक उपन्यासहरू हुन् ।

### ५.१.२ द्वितीय चरण

डायमनशमशेर राणाको औपन्यासिक दोस्रो चरणलाई देहायका दुई उपचरणमा विभाजन गरिएको छ ।

#### ५.१.२.१ पूर्वार्द्ध काल (२०३१ देखि २०३८ सम्म)

द्वितीय चरणलाई पूर्वार्द्धकाल (२०३१-२०३८) र उत्तरार्द्ध काल (२०३९ देखि हालसम्म) गरी दुई भागमा बाँड्न पनि सकिन्छ । जे भए तापनि यस चरणलाई उपन्यासकार डायमनशमशेर राणाको उत्तरार्द्ध या आधुनिक काल भनिन्छ । पहिलो चरणको

तुलनामा यस चरणमा थुप्रै उपन्यासहरू प्रकाशित भएका छन् । 'प्रतिबद्ध' (२०३४), **सत्प्रयास** (२०३८), **अनिता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) यस चरणका उपन्यासमा उनले ऐतिहासिक उपन्यासको साथै ऐतिहासिक पृष्ठभूमिमा सामाजिक-राजनीतिक उपन्यास लेखेका छन् ।

**सेतो बाघ** उपन्यासको सफलताले गर्दा उनलाई उपन्यास सृजना गर्ने प्रशस्त हौसला मिल्यो र पञ्चायतकालीन समाज र राजनीतिलाई समेटेर लेखिएको उपन्यास **प्रतिबद्ध**
(२०३४) प्रकाशित भयो । यो **सेतो बाघ** जत्तिकै सफल उपन्यास बन्न सकेन । (रेग्मी : २०५४, ६०) यसमा लेखकको आफ्ना विरोधी राजनीतिक समूहप्रतिको आक्रोश सोझै प्रत्यारोपण गरेको हुनाले लेखकले व्यापक आलोचना खानु पर्‍यो । पहिलो चरणका उपन्यास जत्तिको ख्याति यस चरणको पूर्वार्द्ध उपचरणमा राणाले प्राप्त गर्न सकेनन्, त्यसैले ऐतिहासिक उपन्यास लेखनको सट्टामा तत्कालीन पञ्चायती व्यवस्थाको विरोध स्वरूप सामाजिक-राजनीतिक उपन्यास लेख्नपट्टि लागे । मिश्रित विषयवस्तु नै यस चरणको पूर्वार्द्ध उपचरणको **प्रतिबद्ध र सत्प्रयासको** प्रमुख विशेषता हो ।

### ५.१.२.२ उत्तरार्द्ध काल (२०३९ देखि हालसम्म)

वि.सं. २०३८ सालमा **सेतो बाघ** को दोस्रो खण्ड **सत्प्रयास** प्रकाशन भयो । यसले **सेतो बाघ** जत्तिको सफलता पाएन । यसबाट डायमनशमशेरलाई ऐतिहासिक विषयवस्तु भएका उपन्यास लेख्नुको सट्टा ऐतिहासिक पृष्ठभूमिका सामाजिक-राजनीतिक उपन्यास लेखेर तत्कालीन समाज र राजनीतिमा रहेको विकृति र विसङ्गतिको भण्डाफोर गर्ने र आफ्नो अन्तर्हृदयमा रहेको संसदीय व्यवस्थाप्रतिको आग्रहलाई पूर्णरूपमा उजागर गर्ने थप चाहना बढ्यो । २०३९ सालदेखि २०४३ सालसम्मको लेखक अनवरत प्रयासबाट अर्को एउटा उपन्यासको रचना भयो । जुन वि.सं. २०४३ सालमा **अनिता** को नामले प्रकाशित भयो । यसले २००७ सालको क्रान्तिपूर्वको केही समयदेखि २०१५ सालको राजनीतिक सेरोफेरोमा सामाजिक विषयवस्तुलाई समेटेको छ । यसबाट उनी पूर्ण रूपमा समाजिक-राजनीतिक उपन्यासको लेखनमा लागेको पुष्टि हुन्छ । पञ्चायतकालीन नेपालको सामाजिक, राजनीतिक, प्रशासनिक व्यवस्था र संसदीय प्रजातन्त्रको विकसित नमुना भएको देश स्वीट्जरल्यान्डसँग तुलना गरी लेखिएको उपन्यास **धनको धब्बा** २०५१ सालमा प्रकाशित

भयो । यो खुला वातावरणमा रचना गरेको उपन्यासको रूपमा आएको छ । (रेग्मी, २०५४ : ६१) त्यसको केही वर्षपछि भीमसेन थापाको अन्त्य गराउने कुचाल र जङ्गबहादुरको उदयको घटनाहरूलाई सेरोफेरोमा राखेर अर्को ऐतिहासिक उपन्यास **गृहप्रवेश** (२०५९) प्रकाशित भयो । ऐतिहासिक घटनालाई आफ्नो कुशल साहित्यिक सीपले लिपपोत गरेर चहकिलो रूपमा प्रस्तुत **गृहप्रवेश** केवल इतिहासको उक्त कालखण्डको प्रतिबिम्ब मात्र नभएर भविष्यप्रतिको मार्गदर्शन बनेर उभिएको छ ।

समग्रमा डायमनशमशेर राणाले नेपाली साहित्यलाई हालसम्ममा सातओटा ऐतिहासिक उपन्यासहरू प्रदान गरेका छन् । ती उपन्यासहरूमा पनि औपन्यासिक शिल्प र कथ्यचयनका दृष्टिले सबैभन्दा उत्कृष्ट ऐतिहासिक यथार्थवादी उपन्यास 'सेतो बाघ' देखापरेको छ ।

उपन्यासकार डायमनशमशेर राणाका उपन्यासहरूले संख्यात्मक रूपमा मात्र होइन र गुणात्मक रूपमा पनि उपलब्धी दिन  सफल भएका छन् ।

## ५.२  उपन्यासकार डायमनशमशेर राणाका औपन्यासिक प्रवृत्तिहरू

उपन्यासकार डायमनशमशेर राणा नेपाली साहित्यको उपन्यास विधामा कलम चलाउने सशक्त प्रतिभा हुन् । उनी नेपाली उपन्यास परम्परामा ऐतिहासिक उपन्यास लेखनको नँया मोड दिन सफल व्यक्तित्व हुन् । वि.सं. २००६ सालमा **वसन्ती** उपन्यासको प्रकाशनबाट उनको उपन्यासकारिताको सुरुवात भएको हो । उनले हालसम्म **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा** र **गृहप्रवेश** गरी सात वटा उपन्यासहरूको रचना गरेका छन् । यी उपन्यासहरू मध्ये **वसन्ती, सेतो बाघ र सत्प्रयास** विशुद्ध ऐतिहासिक उपन्यास हुन् । **प्रतिबद्ध, अनीता, धनको धब्बा** र **गृहप्रवेश** ऐतिहासिक पृष्ठभूमिमा रचिएका सामाजिक राजनैतिक  उपन्यास हुन् । यहाँ यस अध्ययनको विषय रहेको **सत्प्रयास** उपन्यासको आधारमा उनका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानूसार केलाउन सकिन्छ ।

### ५.२.१ ऐतिहासिक विषयवस्तुको प्रयोग

उपन्यासकार डायमनशमशेर राणा नेपाली उपन्यासको ऐतिहासिक धारामा कलम

चलाउने प्रथम व्यक्ति हुन् । नेपाली उपन्यासमा ऐतिहासिकताको प्रथम प्रयोग गरेर उपन्यास विधामा नौलो आयम थपेका छन् । उनले नेपालको इतिहासमा विभिन्न समयमा भएका राजनैतिक घटनाक्रमलाई आफ्ना उपन्यासका कथानकका रूपमा जोडेका छन् ।

उनको वि. स. २००६ सालमा प्रकाशित **वसन्ती** उपन्यासमा नेपालको इतिहासमा कोतपर्वको घटनाको इतिहास, सेतो बाघमा राणा शासनका संस्थापक जङ्बहादुरको उदयको इतिहास, सत्प्रयासमाशमशेर दाजुभाइको बीचमा सत्ताका निम्ति हुने षडयन्त्रवादी अन्तर्घाती घटनाको इतिहासलाई औपन्यासिक कलाशिल्पले रङ्ग्याएर उपन्यासको सिर्जना गर्न पुगेका छन् ।

उपन्यासकार डायमनशमशेर राणाका उपन्यासको मुख्य प्रवृत्ति नै ऐतिहासिक विषयको प्रयोग हो । उनले रचना गरेका सबै उपन्यासमा ऐतिहासिकताको प्रयोग रहेकै छ । त्यसैले उनी नेपाली उपन्यासको ऐतिहासिक धारामा एक छत्र शासन जमाउने साहित्यिक व्यक्तित्व हुन् ।

### ५.२.२ प्रजातान्त्रिक विचारको आग्रह

डायमनशमशेर राणाको उपन्यासको अर्को औपन्यासिक प्रवृत्ति प्रजातान्त्रिक विचारको आग्रह हो । उनको यस सत्प्रयास उपन्यासमा पनि मुख्य विषयको रूपमा प्रजातान्त्रिक विचारबाटै संसदीय व्यवस्था स्थापना गर्न प्रयास गरिएको छ । यस उपन्यासमा पनि उनका मनमा रहेको एकतन्त्रीय शासन विरुद्धको आक्रोश नायक देवशमशेरका मार्फत चर्को रूपमा पोखिएको छ ।

उनका रचना मार्फत उनले राणाहरूको जँहानिया एकतन्त्रीय शासनको विरोधी स्वर निकालेका छन् । त्यसैले यिनी प्रजातन्त्रका हिमायती स्रष्टा व्यक्तित्व हुन् । सत्प्रयास उपन्यासमा पनि रक्तपात, हत्या र षडयन्त्रले आर्जेको शासनले शासकलाई कहिल्यै चैनको निन्द्रा दिदैंन, सधैँ डर, त्रास मनमा लिएर बाँच्नुपर्छ भन्दै देवशमशेरको माध्यमबाट प्रत्यक्ष रूपमै आफ्नो प्रजातान्त्रिक राजनीतिक दर्शन पोखेका छन् ।

यसरी डायमनशमशेर राणाले रचना गरेको सत्प्रयास उपन्यासले पनि संसदीय अर्थात प्रजातान्त्रिक व्यवस्थाको वकालत गरेको छ । उनमा रहेको प्रजातान्त्रिक भावनाले

उनका उपन्यासमा प्रश्रय पाएका छन् त्यसैले यो भावना पनि उनको प्रवृत्तिका रूपमा देखापरेको छ

### ५.२.३ प्रेम विषयको प्रस्तुति

डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक विषय भित्र पनि प्रेमको मन्द प्रस्तुति पाइन्छ । **सत्प्रयास** उपन्यासमा पनि मुख्य कथानक ऐतिहासिक पृष्ठभूमिबाट लिइएको छ तापनि यसमा नायक  देवशमशेर र दासी हसना बीचको प्रेमको सामान्य चर्चा भए पनि गरिएको छ । उनका उपन्यासमा प्रेमको विषयको प्रयोगमा फ्रायडेली मनोविश्लेषण प्रयोग भएको पाइन्छ । देवशमशेरले दासीहरूलाई दासत्वमोचनको कुरा सम्झाउन जाने क्रममा दासीहरूको यौवन र उनीहरूको मनोग्रन्थीको चर्चा गरेबाट थाहा पाइन्छ ।

डायमनशमशेर राणाले नेपालको इतिहासको राजनैतिक घटनाक्रमलाई नै कथानकको स्रोतका रूपमा लिएका छन् । यर्थाथ प्रस्तुति गरेका छन् । उनले उपन्यासमा ऐतिहासिकता भित्र पनि प्रेमको राग छोडेका छन् ।

### ५.२.४ चरित्रगत प्रवृत्ति

डायमनशमशेर राणा आफ्ना उपन्यासमा चरित्रको स्वभाविक प्रयोग गर्ने उपन्यासकार हुन् । यिनका ऐतिहासिक उपन्यासमा चरित्र पनि ऐतिहासिक नै छन् । सत्प्रयास उपन्यासमा पनि अधिकांश चरित्र ऐतिहासिक नै छन् । यस  उपन्यासमा नायक देवशमशेर, खलनायक चन्द्रशमशेर लगाएत नेपालको इतिहासका मोतीराम भट्ट आदि पात्रहरू ऐतिहासिक नै हुन् ।

उनका उपन्यासका पात्रहरूमा इतिहासकै प्रवृत्तिको यर्थाथ प्रस्तुति पाइन्छ । सत्प्रयासमा नायक देवशमशेरको इतिहासमा रहेको उदार प्रवृत्ति उपन्यासमा पनि त्यस्तै देखापरेको छ । नायक देवशमशेर, खड्गशमशेर र मोतीराम भट्ट आदि पात्रहरूको चरित्रगत प्रवृत्तिमा लेखकले भएको भन्दा बढी आदर्श थपेका छन् । वीरशमशेर र चन्द्रशमशेर इतिहासका निरकुंश शासक थिए उपन्यासमा पनि त्यस्तै शासकका रूपमा देखापरेका छन् ।

उपन्यासकारले उपन्यासमा बहुपात्रको संगठन गरेका छन् । उनको पात्र संयोजनमा

कुशलता देखापर्दछ । उपन्यासमा उपन्यासकारले मुखपात्रको चयन गरेका छन्, तिनीहरूबाट आफ्नो राजनीतिक दर्शन पोखेका छन् । सत्प्रयास उपन्यासमा पनि मुख पात्रका रूपमा देवशमशेर र मोतीराम भट्टलाई लिएका छन् ।

उपन्यासकारले उपन्यासमा पात्रहरूको स्तर र क्षमता अनुरूपको भाषा, रहनसहन, पोसाक र संस्कृतिको स्वभाविक प्रयोग गरी उपन्यासलाई जीवन्त बनाएका छन् । चरित्र विधानमा उनको प्रस्तुति कुशल रहेको छ ।

### ५.२.५ भाषाशैलीको प्रयोग

डायमनशमशेर राणाको अर्को महत्त्वपूर्ण प्रवृत्ति भाषाशैलीको कुशल तथा स्वभाविक प्रयोग हो । उपन्यासमा संस्कृत भाषाका श्लोकहरूको प्रयोग, उर्दू भाषा, फारसी भाषा र अनुकरणात्मक शब्दहरूको कुशल संयोजन गरेका छन् । उनले उपन्यासमा पात्रहरूको स्तर र कार्य अनुसार राजकाजका भाषा, बौद्धिक र दार्शनिक भाषा उच्च वर्गीय र दासदासीहरूको निम्न वर्गीय भाषा आदिको स्वभाविक प्रयोगले उपन्यासको भाषा कलात्मक बनेको छ । उनले उपन्यासमा प्रकृतिको सुन्दर चित्रण, लालित्यपूर्ण भाषाको प्रयोग गर्नु पनि भाषिक प्रयोगको प्रमुख विशेषता हो ।

उनको उपन्यासको मुख्य विषय ऐतिहासिक पृष्ठभूमिबाट लिएको हुनाले वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । उपन्यासमा तत्कालीन ऐतिहासिक राजनैतिक घटनाक्रम, सामाजिक, सांस्कृतिक अवस्थाका तथ्यहरूलाई औपन्यासिक कलाशिल्पको संयोजनद्वारा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ५.२.६ बिम्ब र प्रतीकको प्रयोग

उपन्यासमा बिम्ब र प्रतीकहरूको पनि कुशल संयोजन गरी कलात्मकता सिर्जना गर्ने उनको अर्को  भाषागत प्रवृत्ति हो ।  प्रतीकहरू जस्तै : ग्रीक कथाको पेण्डोराको बाकस जनता शिक्षित बनाउने कार्यको प्रतीक (पृ. १८४), सुनको पिँजराभित्र सेतो र हरिया क्यानरी चरा स्वतन्त्रताप्रेमी जनताको प्रतीक (पृ. १२४) र चरा मारेको जस्तो (३९) दृश्य बिम्ब,घाँडो बजेको सुन्न मृग अडेको जस्तो (२२३) श्रव्य बिम्ब जस्ता बिम्ब आदिको कुशल प्रयोग गरेका छन् । उपन्यासमा प्रशस्त मात्रामा उखान टुक्काहरूको प्रयोग जस्तै..मनको

लड्डु घिउसित खानु (४३), नाक खुम्च्याउनु (८३), मिति पुऱ्याउनु (१०७), छोरी कुटेर बुहारी तर्साउनु (१११), कुबेलाको सहनाइ (१४१), आफैँ बोक्सी आफैँ झाँक्री (१५९), र बिम्ब तथा उपमाहरू जस्तै..चरा मारेको जस्तो (३९), चट्याङ् पर्दाको बिजुली जस्तो (१८), छाँगाबाट खसेकी जस्ती (४२), मणि हराएको नाग जस्तो (४७) आदिको प्रयोग गरी उपन्यासमा रोचकता ल्याउने उनको कलात्मक प्रवृत्ति रहेको छ ।

### ५.२.७ द्वन्द्वको प्रयोग

डायमनशमशेर राणाले उपन्यासमा ऐतिहासिकता भित्र द्वन्द्वको सफल प्रयोग गरेका छन् । उनी द्वन्द्वको प्रयोग गर्न सफल उपन्यासकार हुन् । उनले उपन्यासमा कथानकमा, पात्रहरूमा द्वन्द्वको सिर्जना गरेका छन् । उपन्यासमा आन्तिरिक र बाह्य द्वन्द्वलाई पनि सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

**सत्प्रयास** उपन्यासमा पनि कथानकमा वैचारिक द्वन्द्वको सिर्जना गरेका छन् । यस उपन्यासमा सत् र असत् विचार बीचको द्वन्द्व देखाएका छन् । यसमा प्रजातान्त्रिक व्यवस्था र एकतन्त्रीय शासनको वैचारिक द्वन्द्वमा एकजना प्रजातन्त्रवादी देवशमशेरको मात्र प्रयास असफल बन्न पुगेको छ । यस उपन्यासमा वीरशमशेरको सौतेनी भाइ खड्गशमशेरले सत्ता हातमा पारि आफ्नो तख्ता पल्टाउने हुनकी भन्ने उनको मनको आन्तरिक द्वन्द्व देखाइएको छ । यसमा चन्द्रशमशेर र नायक देवशमशेरको बीचको बाह्य द्वन्द्व पनि देखाइएको छ ।

डायमनशमशेर राणाका उपन्यासमा प्रेम र परिस्थितिका बीचमा पनि द्वन्द्व देखाइएको छ । सत्प्रयास उपन्यासमा नायक देवशमशेर र हसना बीचको प्रेम र उनीहरूको परिस्थितिको बीचको द्वन्द्वमा परिस्थितिसँग प्रेमले हारेको छ ।

डायमनशमशेर राणाका उपन्यासमा चरित्रका बीचमा आन्तरिक र बाह्य द्वन्द्व देखाएइको छ । **सत्प्रयास** उपन्यासमा पनिशमशेर दाजुभाइ बीचको बाह्य द्वन्द्व रहेको छ । वीरशमशेरले खड्गशमशेरलाई सत्ताच्यूत गर्न रचेको षडयन्त्रबाट वीरशमशेरको र कान्छी महारानीको मनमा उब्जेको आन्तरिक द्वन्द्व देखाइएको छ । उपन्यासमा आदर्श र यथार्थ बीचको द्वन्द्वमा यथार्थको जीत गराइएको छ । यिनका उपन्यासमा द्वन्द्वको प्रयोगले नै कथानकमा कुतूहलता सिर्जना गरेको छ र उपन्यासलाई नयाँ मोड दिएको छ ।

### ५.२.८ पूर्वसङ्केत र पूर्वघटनाको प्रयोग

डायमनशमशेर राणाको उपन्यासको अर्को नौलो प्रवृत्ति पूर्वसङ्केतको प्रयोग पनि हो । सत्प्रयास उपन्यासमा पनि सागरमा खसेको पात पतिङ्गर  देखाउनु खड्गशमशेरको राजनीतिक पतनको (१३२) पूर्वसङ्केत हो । सत्प्रयास उपन्यासमा उनका उपन्यासमा उदाहरणका रूपमा पूर्वघटनाको प्रयोग गरिएको छ, जसले उपन्यासलाई अगाडि बढाएका छन् । धीरशमशेरको पालाको घटना र त्यस समयमा धीरशमशेरलाई मार्न लाग्दा उनले देखाएको महानताको कथाको प्रसङ्ग (१३७) आदि पूर्वघटनाको रूपमा आएको छ ।

**सत्प्रयास** उपन्यासको विश्लेषणका क्रममा उपन्यासकार डायमनशमशेर राणाका औपन्यासिकप्रवृत्ति माथि उल्लेखित प्रवृत्तिहरू नै रहेका छन् ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

वि.सं. १९७५ सालमा पाल्पा जिल्लाको तानसेन बजारामा जन्मेका डायमनशमशेर सम्पन्न परिवारका व्यक्ति भए तापनि उनको पढ्ने चाहना पूरा हुन नसकेको हुनाले कलममार्फत् पूरा गर्ने अभिप्राय लिएका थिए । उनलाई नेपाली उपन्यास विधाको ऐतिहासिक क्षेत्रका मूर्धन्य उपन्यासकारका नामले चिनिन्छ । आधुनिक नेपाली उपन्यास परम्परा रुद्रराज पाण्डेको रूपमती (१९९१) बाट आदर्शोन्मुख यथार्थवादी धाराको सूत्रपात भए पनि ऐतिहासिक यथार्थवादी धाराको सूत्रपात गर्ने श्रेय उपन्यासकार डायमनशमशेरको **वसन्ती** (२००६) लाई नै जान्छ । उनले हालसम्म **वसन्ती** (२००६), **सेतो बाघ** (२०३०), **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनिता** (२०४३) **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) गरी सात ओटा ऐतिहासिक उपन्यास प्रकाशित गरिसकेका र अझै पनि लेखनकार्यलाई निरन्तरता दिँदै आएका छन् ।

डायमनशमशेर राणाका उपन्यासहरूलाई विषयवस्तुका स्रोतका आधारमा दुई भागमा विभाजन गरिन्छ । पूर्ण ऐतिहासिक उपन्यासहरूमा **वसन्ती, सेतो बाघ, सत्प्रयास** र **गृहप्रवेश** पर्दछन् भने ऐतिहासिक पृष्ठभूमिका सामाजिक-राजनीतिक उपन्यासहरूमा **प्रतिबद्ध, अनिता र धनको धब्बा** पर्दछन् । उनका उपन्यासहरूमा ऐतिहासिक कथावस्तुमा नेपालको आर्थिक, सामाजिक र राजनीतिक अवस्थाको यथार्थ चित्रण गरी उपन्यासलाई जीवन्त बनाउने प्रयास गरिएको छ ।

औपन्यासिक उपकरणका आधारमा **सत्प्रयास** (२०३८) उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्राको दोस्रो चरणको उपन्यास हो भने ऐतिहासिक उपन्यासहरूमा तेस्रो ऐतिहासिक उपन्यास हो । दुईसय चौतीस पृष्ठमा लेखिएको यस उपन्यासमा तीन पृष्ठ परिच्छेद एकदेखि बाइस पृष्ठ (परिच्छेद चौबीस) सम्मका ठूला साना गरी जम्मा चौबीस परिच्छेद रहेका छन् । (राणा, २०६८) वि.सं. २०३८ सालदेखि हालसम्म यसको सात पटक सम्म पुनः प्रकाशन भएको छ । नेपाली साहित्यको ऐतिहासिक धारामा देखापरेको उपन्यासहरूमा नेपालको इतिहासलाई समेट्ने सफल र मह□वपूर्ण उपन्यासको रूपमा देखिएको छ ।

'सत्प्रयास उपन्यासको विधापरक अध्ययन' शीर्षक रहेको यो शोधपत्र छ वटा परिच्छेदमा तयार गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा **सत्प्रयास** आख्यानअन्तर्गतको उपन्यास विधा भएकाले उपन्यासको रचनाका अनिवार्य त[illegible]वहरू समेटिएको उपन्यास सिद्धान्त राखिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा कथानक धीरशमशेर पुत्र वीरशमशेरको शासनकाल देखि वि.सं. १९५८ सालमा प्रजातन्त्रवादी राणा प्रधानमन्त्री देवशमशेरको राजनीतिक जीवनको अन्त्य भइ उनका भाइ चन्द्रशमशेर श्री ३ भए सम्मका राणाकालीन राजनीतिक ऐतिहासिक घटनाक्रमलाई लिइएको छ । यस उपन्यासमा राणाकालीन समयका तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको पनि यथार्थ चित्रण गरिएको छ । **सत्प्रयास** उपन्यासमा नायकका रूपमा प्रजातन्त्रवादी राणा देवशमशेर आएका छन् । खलनायकको रूपमा चन्द्रशमशेर लगायत अन्य वीरशमशेर, भीमशमशेर, जुद्धशमशेरहरू र सहनायकका रूपमा मोतीराम भट्ट आएका छन् । खड्गशमशेर यस उपन्यासमा सहनायक नै नभए पनि उनी सत् पात्रका रूपमा आएका छन् । यो उपन्यास ऐतिहासिक भएकाले यसमा अधिकांश पात्रहरू ऐतिहासिक छन् । केही दासीपात्रहरू र अन्य पात्रहरू काल्पनिक रहेका छन् ।

**सत्प्रयास** उपन्यासमा प्रयुक्त संवादहरू सरल, सहज र स्वाभाविक छन् । उपन्यासमा लामा र छोटा दुवै खाले संवादको प्रयोग गरिएको छ र पात्रको स्तरअनुरूपको संवाद प्रयोगले गर्दा सरल, सुबोध्य बन्न पुगेको छ । तापनि यो उपन्यास वर्णनात्मक भएकाले उपन्यासकारले संवादभन्दा पनि आफ्नो राजनैतिक दर्शन र विचार राखेकोले यसमा संवाद योजना त्यति सफल देखिँदैन ।

उपन्यासमा सरल, मिश्र र संयुक्त सबै खालका वाक्य विन्यासमा संवादको प्रयोग भएको छ । यसरी उपन्यासमा संवादको साथै उखान, टुक्काको प्रयोग पनि पर्याप्त मात्रामा गरेका छन् । यस उपन्यासको कथानकको बुनोट सुदृढ र कथात्मक प्रस्तुतियुक्त छ किनभने यहाँ उपन्यासकारले एउटा कथावाचकको रूपमा रहेर उपन्यासको कथानकलाई तृतीय पुरुष शैलीमा अगाडि बढाएका छन् ।

**सत्प्रयास** वर्णनात्मक शैलीमा लेखिएको र सरल, स्वाभाविक भाषाको प्रयोग गरिएको उपन्यास हो । उपन्यासमा संस्कृत, हिन्दी र अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा भएको पाइन्छ । उपन्यासलाई रोचक बनाउन उखान-टुक्का र सूक्तिहरू, बिम्ब र प्रतीकहरूको यथोचित प्रयोग गरिएको छ । यस उपन्यासमा अङ्ग्रेजी, हिन्दी, उर्दू, संस्कृत, भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । यसमा ऐतिहासिक कथावस्तुमा काल्पनिक उपकथाहरू जोडेर उपन्यासलाई नाटकीय र कारुणिक बनाउनुको साथै विभिन्न किसिमका प्रतीक र पूर्वसङ्केतको प्रयोगले उपन्यासलाई उत्कृष्ट बनाएको छ । उपन्यास भाषिक प्रयोगका दृष्टिले सफल र सुन्दर बन्नुमा अनुकरणात्मक शब्द र उपमाको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको छ । कथाको बीच बीचमा संस्कृत भाषाका श्लोक र सूक्तिहरूको प्रयोगले केही मिठास थपेका छन् भने संस्कृत श्लोकहरूको अनाश्यक प्रयोगले उपन्यासलाई कुनैकुनै स्थानमा दुर्बोध्य पनि बनाएको छ तापनि पात्रहरूको स्तर अनुसारको भाषाशैलीको प्रयोगले उपन्यासलाई सरल, यथार्थ र स्वभाविक बनाएको छ ।

**सत्प्रयास** उपन्यासमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्वको प्रयोग सशक्त रूपमा आएको छ । कथानकमा सत् र असत् पक्ष बीचको द्वन्द्व देखाइएको छ । उपन्यासमा हसना र देवशमशेर परिस्थितिका बीच हारेका छन् । सत् पक्ष बोकेका यी पात्रहरूको असत् पक्षसँग हार हुन्छ र अन्त्यमा एउटा उदार र कर्तव्यनिष्ठ शासक षड्यन्त्रकारी अन्तर्घातीहरूका माभ्रुमा कसरी खँगारिन पुग्छन् भन्ने कुरालाई देखाएर कथानकलाई दुखान्तमा टुड्ग्याइएको छ । भन्ने उपन्यासमा प्रेम र परिस्थितिका बीच पनि द्वन्द्व देखाइएको छ । प्रेम गर्नेहरूले परिस्थितिसँग हारेको राम्रो उदाहरणको रूपमा दासी हसना र नायक देवशमशेरको बीचको सामान्य प्रेमको चर्चालाई प्रस्तुत गर्न खोजिएको छ ।

**सत्प्रयास** वणर्नात्मक उपन्यास भएकाले यस उपन्यासको कथानक मन्द गतिमा अगाडि बढेको देखिन्छ । यसमा अधिकांश परिच्छेदहरूमा उपन्यासकारले घटनालाई प्रस्तुत गर्नुभन्दा अगाडि तत्कालीन राणा शासकहरूको मानसिक परिवेश, त्यहाँको स्थानिक परिवेश, राणाहरूको लगाउने पोशाकको चर्चा, रूपको चर्चा गरेका छन् । त्यसैले कथानक सरसर्ती अघि नबढेर मन्द गतिमा अघि बढेको छ ।

**सत्प्रयास** उपन्यासको मुख्य सारवस्तु प्रजातान्त्रिक विचार र देश विकास गर्ने भावना भएका देवशमशेरले देशको राणाशासनको कालो समयलाई प्रजातन्त्रको उज्यालोतर्फ

लैजान गरेको सत्प्रयासको थालनी हो । जनाधार नभएको र षडयन्त्रबाट आर्जेको शासन व्यवस्थामा सधैँ शङ्का, डर, र त्रासको स्थिति रहन्छ । यस्तो शासन व्यवस्थामा सधैँ हत्या, षडयन्त्र र कुचक्रबाट सत्ता परिवर्तन हुन्छ । यस्तो अवस्थामा इमानदार र सज्जन व्यक्तिहरू षडयन्त्रको शिकार बन्नु पर्छ भन्ने कुरा देखाउनु **सत्प्रयास** उपन्यासले प्रस्तुत गर्न खोजेको विचार पक्ष हो । सत्प्रयास उपन्यास ऐतिहासिक पृष्ठभूमिमा लेखिएको अनुदार राजनीतिक प्रणालीका समस्या र त्यसले सिर्जना गरेको सामाजिक र सांस्कृतिक कुसंस्कारको वकालत गरेको उपन्यास हो । यस्ता कुसंस्कार र व्यवस्थाको पविर्तन गर्न एक जनाको मात्र सत्प्रयासले हुँदैन यसमा जनताको आधार भएको राजनीतिक व्यवस्था आवश्यक हुन्छ भन्ने सन्देश उपन्यासले दिएको छ । यसको आधारमा सत्प्रयास उपन्यासलाई विचार प्रदान उपन्यास पनि भन्न सकिन्छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा **सत्प्रयास** उपन्यासको उपन्यासकार डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र सत्प्रयास उपन्यासमा उनको जीवनको प्रत्यावर्तन अर्थात् प्रभावलाई सिलसिलेवार रूपमा राखिएको छ ।

यस शोधपत्रको पाँचौ परिच्छेदमा उपन्यास डायमनशमशेर राणाको औपन्यासिक यात्रा र प्रवृत्तिहरू विश्लेषण गरिएको छ ।

डायमनशमशेर राणा नेपाली उपन्यास परम्परामा सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा उपन्यास रचनाको सफल उपलब्धि दिने उपन्यासकार हुन् । नेपाली उपन्यास परम्परामा डायमनशमशेर राणा भन्दा अघि ऐतिहासिक विषयवस्तुको सफल र यथार्थ प्रयोग गरिएको पाइँदैन । यसले उपन्यास परम्परामा अर्को अध्याय थप्दै ऐतिहासिकताको नयाँ प्रयोग गर्न सफल उपन्यासकार हुन् ।

## ६.२ निष्कर्ष

**सत्प्रयास** उपन्यासको कथानक नेपालको इतिहासमा वि.सं. १९४२ देखि १९५८ सम्म भएका राजनीतिक ऐतिहासिक घटनामा आधारित छ । **सत्प्रयास**मा इतिहासको निश्चित कालखण्डमा घटेका घटनाको क्रमिक प्रस्तुति भएकोले यसको कथानक ढाँचा रैखिक रहेको छ ।

**सत्प्रयास** उपन्यास ऐतिहासिक उपन्यास भएकोले यसका अधिकांश पात्रहरू ऐतिहासिक नै छन् । **सत्प्रयास** उपन्यासमा नायकका रूपमा प्रजातन्त्रवादी राणा देवशमशेर आएका छन् । खलनायकको रूपमा चन्द्रशमशेरलगायत अन्य वीरशमशेर, भीमशमशेर, जुद्धशमशेरहरू र सहनायकका रूपमा मोतीराम भट्ट आएका छन् । खड्गशमशेर यस उपन्यासमा सहनायक नै नभए पनि उनी सत् पात्रका रूपमा आएका छन् । यसमा केही दासी पात्रहरू र अन्य पात्रहरू काल्पनिक रहेका छन् ।

**सत्प्रयास** उपन्यासमा उपन्यासकार एउटा कथावाचकको रूपमा रहेर उपन्यासको कथानकलाई तृतीय पुरुष शैलीमा अगाडि बढाएकाले बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । **सत्प्रयास** ऐतिहासिक उपन्यास भएकाले यसको स्थान र वातावरण पनि ऐतिहासिक छन् । यसमा तत्कालीन समयको सामाजिक र सांस्कृतिक अवस्थाको यथार्थ चित्रण गरिएको छ ।

**सत्प्रयास** वर्णनात्मक उपन्यास भएकाले उपन्यासकारले संवाद भन्दा पनि आफ्नो राजनैतिक दर्शन र विचार राखेकोले यसमा संवाद योजना त्यति सफल छैन र यसमा नभए पनि यसमा प्रयुक्त संवादहरू सरल, सहज र स्वाभाविक छन् । उपन्यासमा लामा र छोटा दुवै खाले संवादको प्रयोग गरिएको छ र पात्रको स्तर अनुरूपको संवाद प्रयोगले गर्दा उपन्यास सरल, सुबोध्य सङ्क्षिप्त बन्न पुगेको छ ।

**सत्प्रयास** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको सरल, स्वाभाविक भाषाको प्रयोग गरिएको उपन्यास हो । उपन्यासमा संस्कृत, हिन्दी र अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा भएको पाइन्छ । उपन्यासलाई रोचक बनाउन उखान-टुक्का र सूक्तिहरू, बिम्ब र प्रतीकहरूको यथोचित प्रयोग गरिएको छ ।

**सत्प्रयास** उपन्यासमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्वको प्रयोग सशक्त रूपमा आएको छ । कथानकमा सत् र असत् पक्ष बीचको द्वन्द्व देखाइएको छ । उपन्यासमा प्रेम र परिस्थितिका बीच पनि द्वन्द्व देखाइएको छ । प्रेम गर्नेहरूले परिस्थितिसँग हारेको देखाइएको छ ।

**सत्प्रयास** वणर्नात्मक उपन्यास भएकोले यस उपन्यासको कथानक मन्द गतिमा अगाडि बढेको देखिन्छ । यसमा अधिकांश परिच्छेदहरूमा उपन्यासकारले घटनालाई प्रस्तुत

गर्नुभन्दा अगाडि तत्कालीन राणा शासकहरूको मानसिक परिवेश, त्यहाँको स्थानिक परिवेश, राणाहरूको लगाउने पोशाकको चर्चा, रूपको चर्चा गरेका छन् । त्यसैले कथानक सरसर्ती अघि नबढेर मन्द गतिमा अघि बढेको छ । नेपालको तत्कालीन राजनैतिक शासन प्रणाली सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको यथार्थ जानकारी दिदैँ र त्यस व्यवस्थामा सुधार गर्ने उद्देश्य लिएका छन् । **सत्प्रयास** देवशमशेरको प्रजातान्त्रिक विचार, उदार भावना र त्यसअनुसार देश बनाउने सत्प्रयास हो ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, शारदा (२०६३). 'वसन्ती उपन्यासको कृतिपरक अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : ने.के.वि. ।

उपाध्याय, केशवप्रसाद (२०४९). **साहित्य प्रकाश**. (पाँ.सं.) ललितपुर : साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०६४). **डायमनशमशेरको औपन्यासिक सफलता र आख्यानकार डायमन**. ललितपुर : डायमनशमशेर साहित्यिक प्रतिष्ठान् ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

दाहाल, रामप्रसाद (२०५४). **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, टीकाराम (२०६० पौष). "ऐतिहासिक उपन्यासमा कल्पनाको प्रयोग", **गरिमा**. वर्ष २२, अङ्क १, पूर्णाङ्क २५३ (पृष्ठ ३३-३६) ।

............... (२०६०). 'ऐतिहासिक नेपाली उपन्यासको अध्ययन'. अप्रकाशित, लघु अनुसन्धान प्रतिवेदन, विश्वविद्यालय अनुदान आयोग ।

............... (२०६०). 'डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक त□व'. कीर्तिपुरः अप्रकाशित विद्यावारिधि अनुसन्धान शोधग्रन्थ, त्रि.वि. ।

पोखरेल, माधवप्रसाद (२०३९). "डायमनशमशेरका उपन्यास". **जूही.** पत्रिका (पृष्ठ ८६-१०२) ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). **नेपाली उपन्यास र उपन्यासकार.** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०). नेपाली उपन्यास परम्परा र पृष्ठभूमि, दार्जिलिङ : दिपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०४०). **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौँ : नेसनल रिसर्च एसोसिएट्स् ।

राई, इन्द्रबहादुर (२०५०). **नेपाली उपन्यासका आधारहरू.** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

राणा, डायमनशमशेर (२०६८). **सत्प्रयास** (सातौ संस्करण) काठमाडौँ : रत्नपुतक भण्डार ।

राणा, पुरुषोत्तमशमशेर (२०५९). **श्री ३ हरूको तथ्यवृतान्त** (दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, भोलानाथ (२०५४). 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासकाहरू'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : ने.के.वि. ।

शर्मा, कुशुम (२०४२). 'डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र कृति□वको विश्लेषण'. अप्रकाशित शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

शर्मा, ताना (२०५१). **क्रान्ति उत्तरयुग गद्य, नेपाली साहित्यको इतिहास.** (ते.सं.) काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, बालचन्द्र (२०३३). **नेपालको ऐतिहासिक रूपरेखा.** (ते.सं.) वाराणसी : कृष्णकुमारी देवी ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४६). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द (२०५९). **नेपाली उपन्यास परम्परा र प्रवृत्ति.** वाराणसी : भूमिका प्रकाशन ।